कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सूचना र मनोरञ्जनको सँगालो
# साप्ताहिक
saptahik.ekantipur.com
● वर्ष २३ ● अंक ४६ ● FRIDAY, 06 APRIL 2018 ● काठमाडौं शुक्रबार, चैत २३, २०७४ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-



## सरकारी अध्ययन भन्छ

# विलासी बन्दै यौन व्यापार

- मासिक आम्दानी ४० हजार बढी
- एकपटकमै २५ हजारसम्म तिर्छन्
- ७८ प्रतिशत यौन व्यवसाय फ्ल्याटबाट
- ६६ प्रतिशत विवाहित महिला यौनकर्मी
- औसत दैनिक दुई जनालाई सन्तुष्टि
- ४१ प्रतिशतले बाह्य स्खलन

पृष्ठ २४ मा



## YouTube ट्रेन्डिङ

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| सिमसिमे पानी | हल्लन्ते | स्वाग केटा म | भद्रगोल-१६५ | ट्वान्टिफस्ट लभ-३ | सिमसिमे पानीमा | मिटेन स्टेटमेन्ट | पत्नी वियोगमा | लिखे जो खत | सिमसिमे पानी |
| च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल |
| सुरक्षा केसी | नीतेश जंग कुँवर | मिङ शेराप | रामसार मिडिया | एसियन म्युजिक | एआरके ब्वाइज | प्रतीकबाबु भण्डारी | सिनेपाटी टिभी | बिबी कि भाइन्स | सुजन मार्पा तामाङ |

## फोटो अफ दि विक



■ **वर्षाको सौन्दर्य** : अभिनेत्री वर्षा शिवाकोटीको ताजा तस्बिर ।




■ **बधाई** : सात वर्षको उमेर, ओडारको वास, दार्जीलिङको स्कुलमा नीरस र एक्लो पढाइ । १५ वषमै भगिनी वियोग । ओलाङचुङगोलादेखि पद्मश्रीसम्मको यात्रा । गर्वले आँखा रसायो । नेपालका सच्चा सपूत डा.सन्दुक रुइतलाई सादर प्रणाम ।

**प्रकाश भण्डारी**



■ **मोटरसाइकल** : फेसबुकमा भेटिएको एउटा लेटेस्ट मोटरसाइकल ।



**आमा-छोरा** : गायिका सिन्धु मल्ल छोरासंग ।



■ **राजको कला** : थाइल्यान्डमा सम्पन्न मिस्टर ग्लोबल टिन-२०१८ मा आफ्नो पृथक् पहिरन तथा गरगहना प्रदर्शन गर्दै नेपालका प्रतियोगि राज खड्का ।

नेपाल सरकारले रेखा थापाको फोटो भएको हुलाक टिकट निकाल्ने निर्णय गरेछ । टिकट छापियो । नेपाल सरकार र रेखा दुबै निकै खुसी थिए । यद्यपि केही दिनमै टिकट राम्रोसँग नटाँसिएको भनेर व्यापक जनगुनासो आउन थाल्यो । नेपाल सरकारले यस विषयमा राष्ट्रिय अनुसन्धान विभागलाई छानविन गर्न लगायो । विभागले सम्पूर्ण हुलाक कार्यालयहरूमा गएर अनुसन्धान गऱ्यो र रिपोर्ट दियो- 'हुलाक टिकटको छपाइमा कुनै खोट भेटिंदैन । समस्या उत्पन्न हुनुका पछाडि एउटै कारण के हो भने मानिसहरू टिकटको गलत भागमा चाटिरहेका छन् ।'

**सुशील नेपाल**



## साइबर फिडब्याक

**केही दिनअघि राष्ट्रपति विद्यादेवी भण्डारीले संसद्लाई सम्बोधन गर्ने कार्यक्रम थियो । त्यसका लागि सार्वजनिक सवारी साधनहरू रोकेर राष्ट्रपति भण्डारीको सवारी चलाइएपछि धेरैले त्यसमा असन्तुष्टि व्यक्त गरे भने कतिपयले त्यसलाई राजतन्त्रको रवाफसँग तुलना गरे । सामाजिक सञ्जालमा उठेका केही टीका–टिप्पणी :**

मदन भण्डारी भन्थे- राजा पाल्नु भनेको हात्ती पाल्नु हो, राष्ट्रपति पाल्नु भनेको बोको पाल्नुजस्तै हो । तर सामाजिक बोका जङ्गली हुँडार, हात्ती, बाघ हुँदै सिंह बन्ने पथमा अग्रसर छन् । विडम्बना, हामीले बोकालाई हात्ती होइन राजा बनाएर पाल्नुपर्ने भयो– समयको खेल ।

**च्यवन घिमिरे**

राष्ट्रपतिको संसद्सम्मको सवारीका बारेमा नकारात्मक टिप्पणी मात्र आयो । सम्बोधन गर्न आउनु नै हुँदैनथ्यो कि ? यस्तो बेला कुन सवारी कसरी प्रयोग गर्ने ? बग्गीमा सवारी हुँदा नै जनताको राष्ट्रपति नभएको निर्णयमा पुगिहाल्ने कि रचनात्मक विकल्प पनि दिने ?

**गोपाल खनाल**

गणतन्त्रमा पनि उही पुरानै राजसी ठाँटको सवारीलाई जनताले पटक्कै मन पराएका छैनन् । यत्ति कुरा पनि राष्ट्रपतिलाई थाहा छैन होला ? कि राष्ट्रपति भएपछि जनताको आवाज सुनिँदैन वा सुन्न मन लाग्दैन ।

**मञ्जरी**

राष्ट्रपति राष्ट्रको शिर हो । लोकतान्त्रिक गणतन्त्र नेपालको सबैभन्दा ठूलो व्यक्ति राष्ट्रपति हो भन्ने कुरा भुल्नु राम्रो होइन । पक्ष-विपक्षमा नलागौं, यसले हित गर्दैन । बाटो हिंड्दा मोटरसाइकल सवार पाइलट र बग्गी अघिपछि लाएर नागरिकलाई दुःख दिने संस्कारको अन्त्य हुनुपर्छ ।

**सरस्वती सुब्बा**

भनिन्छ, गणतन्त्र आयो लोकतान्त्रिक शासन सुरु भयो, तर राष्ट्रपतिको सवारी देख्दा राजतन्त्रको झलझली सम्झना आउँछ । भन्नुस् यो लोकतन्त्र कि राजतन्त्र ?

**केदार मरासिनी**

राष्ट्रपति, गणतान्त्रिक मुलुकको सर्वोच्च संस्था । राष्ट्रपतिको यस्तो 'सवारी आकांक्षा' ले सर्वोच्च संस्थाको गरिमा होइन, जनआक्रोश बढाउँछ । पदको गरिमा उसैले जोगाउनुपर्छ, जो उक्त पदमा छ ।

**रामेश्वर बोहोरा**

राष्ट्रपतिले म सुरक्षा नलिई हिंड्छु भन्दा सुरक्षा संयन्त्रले रोक्ला ? राष्ट्रपतिले 'सडक बन्द गरेर भाषण गर्न जान्नँ, भोज खान जान्नँ, मन्दिर दर्शन गर्न जान्नँ, मेरो यात्राका कारण नागरिकले दुःख पाउनु हुन्न' भन्दा कर्मचारीतन्त्रले मान्दैन, भनेको हो भने किन राष्ट्रपति पदमा बसि'रा त ? वाहियात ।

**दीपक भट्टराई**

म राष्ट्रपति भएर संसद्मा भाषण गर्न जाने दिन त देशभरि नै गाडी चलाउन रोक्ने हो । राष्ट्रपति हिंडेको जनतालाई थाहा त हुनुपऱ्यो नि यार ! थोडी बाख्रा चराउन जान लागेको हो र ?

**डिल्ली भट्टराई**

SEE(SLC) 075 भर्ना खुल्यो !!!
का साथै कक्षा ८ र १० मा
के ?
★ कक्षा ९, Test तथा SLC फेल भई वा कक्षा ८ मात्र पास गरी स्कूल छाडेका तथा स्कूल जाने उमेर नाघेका विद्यार्थीहरुले यसै वर्ष SEE पास गर्न यस स्कूलमा भर्ना गरी ढुक्क भई पढ्नुहोस्।
★ कक्षा ५ वा ६ मात्र पास गरेकाले कक्षा ८ मा भर्ना भई पढ्न पाउने र यस स्कुलबाट कक्षा ८ पास गरेका विद्यार्थीहरुले कक्षा ९ नपढी सिधै कक्षा १० पढी SEE दिन पाउने छन्।
अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने
कक्षा समय: बिहान,दिउँसो, बेलुका
यातायात र होस्टेलको समेत सुविधा छ ।
सम्पर्क
SAHAYOGI PATHSHALA (Alternative School) भाटभटेनी चोक (चाइनिज एम्बेसी नजिकै) Phone : 4415244
DIPLOMATIC OPEN SCHOOL लगनखेल, मछिन्द्रनाथको रथ राख्ने ठाउँ Phone : 01-5527782, 9818258588

होटल तालिम होटल खुम्जुङ्गमा
(नेपाल सरकार र CTEVT बाट मान्यता प्राप्त)
छिटो अनि राम्रोसँग कुक/वेटर/बेकरी/बारमेन/हाउसकिपिङ्ग लगायत सम्पूर्ण होटल तालिममा धमाधम भर्ना लिइँदैछ । विदेश गईहाल्नु पर्नेहरुका लागि विशेष कोर्सको व्यवस्थाका साथै होटल र होस्टलको पनि व्यवस्था छ ।
आफ्नै होटलमा OJT ट्रेनिङ्ग गराईने ।
Hotel Khumjung Pvt. Ltd.
महाराजगञ्ज, चक्रपथ, नारायणगोपाल चोकबाट ३ मिनेट पूर्व
फोन नं. 4016194, 4016111

Study In CANADA
» Affordable Tuition Fee » Credit Transfer
» Scholarship Available Up to 50%
Spouse together can apply
PROGRAM : English/Diploma/Under Graduate/Graduate
World Wide Edu. Inf. Center
Opp. Tri Chandra College, Ghantaghar Mode, Kamaladi, KTM.
Tel: 4-243556, 4-223168, E-mail:worldedu@ntc.net.np

मंगल होस्



मनोज गजुरेल

# रूनुहोस् मदन दाइ, पीडाको पोखरी सुक्ने गरी...

मदनकृष्ण दाइ रुनुभयो । यशोदा भाउजूको मृत्युमा उहाँ भक्कानो छोडेर रोएको तस्बिर सामाजिक सञ्जालमा निकै चर्चित भयो । उक्त तस्बिरमा विभिन्न खालका प्रतिक्रिया आए । धेरैले भने– हँसाउने मान्छे पनि रुँदा रहेछन् ।

हो, हँसाउने मानिसहरू नै रुन्छन् । किनभने उनीहरूलाई थाहा हुन्छ, हाँसो र आँसुको मूल्य । आँसुले पीडा कम गर्छ । मन हलुका हुन्छ । मरेर जानेप्रति प्रेमभाव बढ्छ । मनको भारी हलुका हुन्छ । आँसु विशेष परिस्थितिमा मात्र खस्छ । सानातिना घटनामा आँसु झर्दैन । त्यसैले मदन दाइको आँसुले त्यस्तै विशेष अर्थ राखेको छ ।

रुनु शारीरिक एवं मानसिक स्वास्थ्यका लागि लाभदायक छ । दमित भावनालाई फाल्न अत्यन्तै जरुरी छ । विभिन्न खालका मानसिक तनाव रिलिज नगर्दा मनसँगै शरीरमा पनि विकार जम्मा हुन पुग्छ । ती विकारले सिंगो शरीर र जीवनलाई नै सिकार बनाउँछ । त्यसैले रोदन बलिया मानिसहरूको सेल्फ मेडिकेसन हो ।

बलिया मानिस मात्र रुन सक्छन् । कमजोर मानिस त चाहेर पनि रुन सक्दैनन् । बालबालिकाहरूले के भन्लान्, दौंतरीले कसो भन्लान्, गाउँलेहरूले खिसी गर्ने हुन् कि समाजले टुरी गर्ने हो कि भनेर कमजोर मानिस रुन सक्दैनन् । बलिया मानिस मात्र खुलेर हाँस्न सक्छन्, सार्वजनिक रूपमा रुन सक्छन् ।

मदन दाइको आँसुको बहुआयामिक अर्थ छ । उहाँको आँसु पत्नीप्रेमको नदी हो । आगामी एक्लो जीवनको खहरे हो । विछोडको पोखरी हो । मृत्युबोधको खोल्सो हो । मुटुमाथि ढुङ्गा राखी बाँच्नुपर्ने बाध्यताको महासागर हो ।

त्यसैले रुनुहोस् मदन दाइ, दिल खोलेर रुनुहोस् । विगतका सम्पूर्ण पीडा पोखेर खोला बनाइदिनुहोस् । आगतका त्रासहरू मेटाएर खोल्सामा बगाइदिनुहोस् । वर्तमानका दुःखहरू पोखेर रोदनको पोखरी सुख्खा बनाइदिनुहोस् । आँसुको मुहान सुकाएपछि मात्र सत्यबोधको उर्वर भूमि तयार हुन्छ ।

यो घडीमा म यशोदा भाउजूलाई पनि सम्झन चाहन्छु । यशोदा भाउजू, तपाईं भौतिक रूपमा हामीबीच रहनु भएन ! प्रकृतिमा विलिन भएको तपाईंको भौतिक शरीरलाई हार्दिक श्रद्धाञ्जली । शोकसन्तप्त मदन दाइसहित सपरिवारमा समवेदना !

अस्तित्वमा समाहित भाउजूको आत्माले शान्ति प्राप्त गरोस् । हाम्री गुरुपत्नी हुनुको नाताले मात्र होइन, एउटा उत्प्रेरक नारीका नाताले तपाईंलाई हामी कहिल्यै बिर्सने छैनौं । तपाईंको ऊर्जा स्वरूप चेतना जहाँ भए पनि आनन्दमा रहोस् ।

तपाई मदनकृष्णकी राधा मात्र हुनुहुन्नथ्यो, आदर्श परिवारकी आमा पनि हुनुहुन्थ्यो ।

- तपाईंले अन्ध विश्वासले जकडिएको तत्कालीन नेपाली समाजमा पनि अन्तरजातीय वैवाहिक जीवनलाई सहज र सफल बनाउनुभयो ।
- तपाईं आफूले घर-परिवारको जिम्मा लिएर देशलाई मदनकृष्ण श्रेष्ठजस्ता महान् व्यक्ति दिनुभयो ।
- क्यान्सरजस्तो ज्यानमारा रोगसँग लामो समयसम्म लडेर यही रोगसँग जुधिरहेकाहरूलाई बाँच्न प्रयास गर्ने उत्प्रेरणा दिइरहनुभयो ।

अन्त्यमा,

मदन दाइ, तपाईं आफैं रोगसँग लडिरहनुभएको छ । त्यसमाथि पत्नीवियोगको पीडा थपिँदा तपाईं र तपाईंको परिवार कस्तो अवस्थाबाट गुज्रिरहेको छ, हामी अनुभव गर्न सक्छौं, तर मृत्यु जीवनको अन्त्य होइन, अर्को महाजीवनको सुरुवात हो ! यो तत्वलाई बोध गरेर आफूलाई बलियो बनाउनुहोला । हामी सधैं तपाईंको अभिभावकत्वको अपेक्षा गर्दछौं ।

तपाईंको सक्रियता, निरन्तरता एवं आत्मविश्वास नै यशोदा भाउजूको आत्मालाई शान्ति प्रदान गर्ने सही उपाय हो । सबैको मंगल होस्, सधैंको मंगल होस् । ॐ शान्ति ! शान्ति ! शान्ति !

समय सन्दर्भ



अधिकारी रवीन्द्र

# सडक सिन्डिकेट

साविक चल्ने गाडीभन्दा भाडादर पनि सस्तो अनि अपाङ्गता भएका व्यक्ति र ७० वर्षभन्दा माथिका वृद्धवृद्धाहरूलाई निःशुल्क सेवा प्रदान गरिरहेको मयूर यातायात चैत १ गतेदेखि सेवा विस्तार गर्दै बनेपा आइपुग्यो । उक्त यातायातका गाडीमा परिचय-पत्रका आधारमा ट्राफिक प्रहरीलाई पनि भाडा लाग्दैन । यसमा आमा र शिशु बस्न मिल्ने केही सिट छन् । प्रशस्तै सिसाका झ्याल भएकाले गाडीभित्र राम्रो उज्यालो आउँछ । दुई सिटबीचको ग्याप पनि फराकिलो छ । अग्ला मानिसलाई टाउको ठोकिएला भन्ने डर पनि छैन, होचा मानिसका लागि समाउने क्लचहरू छन् । यसका अतिरिक्त यात्रुहरूलाई बिनाशुल्क वाइफाइको सुविधा उपलब्ध गराइएको छ । यी गाडीहरू लामा भएकाले धेरै यात्री अटाउँछन् र चक्रपथका विभिन्न प्वाइन्टमा जानुपर्ने यात्रुहरू सिधै एउटै गाडीबाट गन्तव्यसम्म पुग्न सक्छन् ।

अब भएभरका पेसेन्जर मयूरले तान्ने देखेपछि थोत्रा गाडी गुडाएर दशकौंदेखि आफ्नो एकल बिजनेस गरिरहेका बस व्यवसायी समितिहरू झसंग हुने भैहाले । आजसम्म सडकको लालपुर्जा आफ्नै नाममा भएजसरी अन्य बसलाई यो रुटमा निषेध नै गरिएको थियो । अर्को अचम्मको कुरा, यो रुटमा भाडाको गाडी चलाउन उनीहरूसँग दसौं लाखभन्दा बढी तिरेर रुट किन्नुपर्ने ।

यति हुँदाहुँदै पनि गुणस्तरीय सेवा उपलब्ध गराए त ठिकै छ । जाम नभएको खण्डमा एक घण्टा पनि नलाग्ने बनेपादेखि काठमाडौंसम्मको दूरी तय गर्न डेढ घण्टाभन्दा बढी लगाइदिन्छन् । क्षमताभन्दा बढी यात्रु हाल्नु त दीर्घरोग नै भैसकेको छ । उनीहरूले पनि भक्तपुरको रुटका मान्छे मनय नै हाल्छन् नि, कसैले आजसम्म विरोध गरेको छैन त ।

उनीहरूले गाउँ-गाउँसम्म सेवा दिएका छौं भनेर जिकिर गर्नु बेकार हो । एकाधबाहेक ग्यारेजमा थन्क्याए हुने पुराना गाडी तह लगाउन गाउँगाउँ पुर्‍याइएको छ । बर्सेनि हुने दुर्घटना यसका प्रमाण हुन् । गाउँमा चल्ने गाडीहरू समयअनुसार चल्दैनन्, गन्दुक खाँदिएझैं यात्रु खाँदिन्छन् । विकल्प नहुँदा बिचरा जनता त्यही गाडी भए पनि खुसीसाथ चढ्छन् । अझ ती गाडी विवाहको लगनताका बिनासूचना मनपरीसँग क्यु छोडेर रिजर्भ गैदिन्छन् । फलतः यस्तो सिजनमा यात्रुहरू बारम्बार बिचल्लीमा पर्छन् ।

उहाँहरूलाई सुझावः प्रतिस्पर्धा गुणस्तरसँग गर्नुहोस्, मयूरजस्ता हजारवटा नयाँ कम्पनी आए पनि तपाईंहरू सर्वश्रेष्ठ नै रहनुहुनेछ । नाथे एउटा कम्पनी आउँदा यतिसारो भयभीत हुनुपर्ने कुनै कारण देखिँदैन । जारी बन्दको सूचनामा ठाडै लेखिएको छ : मयूर यातायातको अनुमतिपत्र खारेज नगरे भक्तपुर, बनेपा तथा पनौती आसपासका ग्रामीण इलाकामा चल्ने गाडीहरू अनिश्चितकालीन बन्द । यो सर्वथा गैरउत्तरदायी कदम हो । उनीहरू साँच्चै नै सेवाप्रदायक संस्था हुन् भने हाँसी-हाँसी आजैदेखि स्वस्थ प्रतिस्पर्धामा आउनुपर्छ ।

सरकारले सिन्डिकेट खारेज गरिसकेको छ र यो रुटमा पनि एकतन्त्र हटाउन कटिबद्ध देखिन्छ । रुट पर्मिट उहाँहरूसँग लिने होइन, सरकारसँग लिने हो । सडक कसैको पेवा होइन, नेपाली नागरिक जो-कोहीले चाहेको खण्डमा नेपाल सरकारको प्रक्रिया पुरा गरेपछि भाडाको गाडी चलाउन पाउँछ ।

अर्को कुरा जनताको जीवनमा प्रतक्ष प्रभाव पार्ने यस्ता कुरा किन राजनीतिक मुद्दा बन्दैनन् ? भोट माग्ने बेला गाउँका चौतारोमा वाइफाइ निःशुल्क छोड्ने योजना सुनाएर गएका नेताहरू हो, कसैले गाडीमा वाइफाइ निःशुल्क छोडेको छ ? जनताले आरामसँग सिटमा बसेर वाईफाई चलाउने वातावरण सिर्जना गरिदिने जिम्मेवारी तपाईंको हो कि होइन ? जायज कुरामा बोल्न र समर्थन गर्न किन राजनीतिक दलका भ्रातृ संगठनहरू पुच्छर लुकाउँछन् ? यस्तो बेला निरीह जनता सधैं एक्लो हुने गरेका छन् ।

हामीले के गर्न सक्छौं ? सिन्डिकेट तोड्न जनताको भूमिका अहं हुन्छ । कानुनमा अत्यावश्यक सेवा अवरुद्ध गरे हदैसम्मको कारबाही गर्ने प्रावधान छ । यदि सेवा सञ्चालन नगरे सम्बन्धित पक्षलाई कारबाही गर्न जोड गर्ने । यदि बन्द गरे सधैंका लागि उक्त यातायात बहिष्कार गर्ने । यो सजिलो कुरा होइन, तर सबैको प्रयासमा असम्भव भने छैन । हिजोआज गाउँ-गाउँमा व्यक्ति-व्यक्तिका गाडी छन् । ट्रक, मिनिटाटा, ट्र्याक्स, ट्याक्टर र बोलेरो छन् । भाडादर कायम गरेर नयाँ विकल्प नआउन्जेल ती साधन प्रयोग गर्न सकिन्छ ।

हामीलाई विद्यमान यातायात समितिहरूसँग कुनै रिस छैन । हामी उनीहरूसँग ऋणी छौं, किनभने पहिलो पटक गाडी चढ्ने अवसर उहाँहरूले नै दिनुभयो । हाम्रो गुनासो यत्ति हो कि समयअनुसारसेवामा जति सुधार गरिनुपर्ने हो, त्यसमा कमजोरी देखियो । हामी सिन्डिकेटका विरोधी हौं, तपाईंहरूको होइन । आउनुहोस् नयाँ गाडी र सुविधा लिएर आउनुहोस्, अझै पनि तपाईंलाई हाम्रो साथ रहनेछ । अरूभन्दा फरक एसीजडित गाडी ल्याउनुहोस्, विद्युतीय बस भित्र्याउनुहोस्, क्यासलेस भाडा लागू गर्नुहोस्– तपाईंहरूलाई शुभकामना ।

ravinems@iom.edu.np
https://www.facebook.com/



यात्रा सन्दर्भ

# कहिल्यै नथाक काठमाडौं



किशोर नेपाल




तस्बिर : नवराज बाग्ले

काठमाडौं सहरका मानिसहरू तीनदोबाटो वा सातदोबाटो भनेर चिनिने चौबाटोमा भूत मन्सिन्थे । भूत मन्सिने काम पक्कै पनि अविश्वास थिएन । जतिबेला हामी स-साना भुरा थियौं, त्यतिबेला काठमाडौं सहरमा डाक्टर थिएनन्, वैद्य मात्र थिए, त्यो पनि न्यून संख्यामा मानिसहरू गुनासो गर्थे, 'डाक्टरसँग जँचाउन पाएको भए पक्कै पनि बिरामी बाँच्थ्यो । अब पूर्णमान दाइ पनि मर्‍यो ।' सारा काठमाडौंलाई थाहा थियो : पूर्णमान भनेको ठूलो वैद्य हो । दुई थरी वैद्यको ठूलो मान-प्रतिष्ठा हुन्थ्यो त्यतिबेलाको काठमाडौंमा । बिरामीको प्राण घरमा अड्केला भनेर मानिसहरू घाटे वैद्य बोलाउँथे । घाटमा पुऱ्याइएको मान्छे, कति घडी, कति पलापछि मर्छ- वैद्यले ट्याक्ट्याक्कै बताइदिइहाल्छन् । यति धेरै ठूलो गुण हुन्थ्यो ती वैद्यमा ।

काठमाडौं सहर पहिले सार्है सानो थियो रे । घट्टबाट घाट र घाटबाट घट्ट । राणा जर्साब, कर्साबहरू लप्तान सा'ब र कप्तान सा'ब चोभारबाट उँधो, बाग्मतीको किनारैकिनार कतै पनि हिंड्न मन नपराउने । त्यसैले सहरको सिमाना तोकियो : दक्षिणको चोभार र उत्तरको बाँसबारी । त्यो सिमानाभन्दा एक पाइला पनि बाहिर सार्नुपर्ने भो भने भत्ता, रासन, शासन सब पाक्यो । बर्सातका बेला यी साहेबहरूले घर गृहिणीलाई सार्है दुःख दिने । त्यो बेला काठमाडौं सहरका काँठ-कछाडमा गृहिणीहरू फूलपातीको दिन घिरौंला, काँक्रा, फर्सीजस्ता अनेकथरी तरकारी रोप्थे र रमाउँथे । त्यतिबेला सिपाहीहरूले काठमाडौं टुँडिखेलबाट गुरुमापाको भूत भगाउन बढाइँ गरेको टड्कारो सुनिन्थ्यो । त्यही मौका पारेर बारीमा तरकारीका बीउ-बिजन छरछार गरे जेठ-असारमा तरकारीको दुःख नहुने । आफूलाई फर्सीका कैंडा र कलकलाउँदो काँक्राको अचार गाई-भैंसीलाई फर्सीका झाल र काँक्राका पात, तर सिपाहीहरू आएर हाकाहाकी काँक्रा, फर्सी चोरेर लाने ।

कति रमाइलो होला त्यो बेलाको काठमाडौं सहर । अहिले एक देशको सात प्रदेश हुँदा त यति रमाइलो छ भने त्यो बेला त पशुपतिनाथको मन्दिरबाट हात्तीवन आइपुग्नै पाँच घण्टा लाग्थ्यो । त्यसपछि अर्को दुई घण्टा । हात्तीवनमा बिताएको यो पाँचघण्टामा मानिसहरू धेरै मीठा कुरा खान्थे । दही-च्यूरा त भै नै हाल्यो इसेन्सियल । त्यसपछि ऐंठे, ऐंठेपछि आलुचप, त्यसपछि नरिवल-मिश्री । दसैं मनाउन काठमाडौंबाट काठमाडौंछेउको पहाड घर पुगेका केटाकेटी मानिसहरूले नरिवल-मिश्रीसँगै मऱ्याक-मऱ्याक चपाएर स्वाद लिएको देख्दा छक्कै परे । विचरा दस-बाह्र वर्षका केटाकेटी, कहिले केही नदेखेका, 'यसो नगर, उसो नगर' बाहेक केही नसुनेका, काठमाडौंको मसला पसलभन्दा केही नदेखेका, जनसेवा सिनेमा घरमा माया-मच्छिन्द्रनाथ भन्दा अर्को कुनै सिनेमा नहेरेका नेपाली केटाकेटीहरू अहिले धेरै डाक्टर छन्, थोरै कम्पाउन्डर । त्यसैले काठमाडौंमा खुलेका अस्पताल र बिरामी एक-अर्कालाई उछिन्न खोज्दैछन् ।

यो काठमाडौं सहरका घरवालाहरू भन्छन्, यो सहरमा सरकारका ठालु र सेनाका पल्टन जसलाई जे मन लाग्यो त्यो गरे हुन्छ । हुन्छ होला र त भने नि घरका मालिकले । अब वैशाख १२ आउँदैछ । लाखौंको संख्यामा भुइँचालो पीडितहरू अहिलेसम्म टाटको प्वालबाट वाहिर आउन सकेका छैनन । यता साक्षात संकटा-महाकालको सामुन्ने पारेर नेपाली सेनाले अजंगको अस्पताल बनाइदियो । कति दूरदर्शी छ हाम्रो सेना । अब तेस्रो विश्वयुद्ध हुनेवेला नजिक-नजिक आइसकेको छ । त्यतिन्जेलसम्म काठमाडौं र दिल्लीका बीच स्वचालित बुलेट ट्रेन चल्नेछ । उक्त रेल चढेर काठमाडौंको सैनिक अस्पतालमा उपचार गराउन आउनेहरू कोही रेलमै मर्नेछन् । कोही अस्पताल पुगेर डाक्टरले छातीमा स्टेथेस्कोप लगाउनासाथ मर्ने छन् । मानौं कि डाक्टरको छातीमा झुन्डिएको त्यो स्टेथकोप अस्पताल ल्याउँदा वा ल्याइसकेपछि मरेका ती मुर्दाहरूलाई वैतरणी नदी पार गराउने डोरीको काममा सहायक हुनेछन् । दाह-संस्कार गर्न यसरी काठमाडौं र बनारसकाबीच अर्को पनि स्वचालित सुपर-डुपर रेल चलेपछि त जता हेर्‍यो, त्यतै विकास । हावा छ, अक्सिजन छैन । अक्सिजन छ, हावा छैन । जे होस्, जति अनुकूल होस वा प्रतिकूल होस् अवस्था । तिमी नथाक काठमाडौं । तिमी सभ्यताको अथक योद्धा हौ ।

## प्रतिक्रिया

**साप्ताहिकको गएको अंकमा दिल्लीमा नेपाली दिलवाला शीर्षकमा सन्दीप लामिछानेसम्बन्धी आवरण कथा प्रकाशित भएको थियो । सामाजिक सञ्जालमा उक्त आवरण कथामाथि थुप्रै प्रतिक्रिया व्यक्त भए, जसमा सन्दीपलाई हौसला दिँदै शुभकामना व्यक्त गर्नेहरू बढी थिए ।**




जुन दिनदेखि सन्दीप लामिछानेलाई देखें त्यो दिनदेखि लामिछाने थर भएका सबै आफ्नै जस्तो लाग्छ भन्या !
**एल्सन लिम्बू**

बधाई छ सन्दीपजी । आफ्नो कामलाई निरन्तरता दिनुहोला ।
**कमल घले**

सन्दीपजी, नर्भस हुनु हुँदैन । अर्को आइपिएलको सेट बुक गर्न भए पनि तात्नुपर्छ ।
**वीर गुरुङ**

सन्दीप, आफ्नो क्षमता देखाउनुहोस् र नेपाल र नेपालीको नाम राख्नुहोस् ।
**विशाल पोखरेल**

सन्दीपजी, नयाँ इतिहास बनाउन सफल हुनुहोस्– शुभकामना ।
**सुनिलदेव साम्पाङ**

सन्दीपजी, तपाईं नेपाली क्रिकेटको आशा हो । तपाईंबाट नेपालीहरूले प्रशस्त अपेक्षा गरेका छन् ।
**प्रज्वल श्रेष्ठ**

सन्दीपजी, तपाईंको प्रगति देखेर गौरव लाग्छ । यो उत्साहलाई निरन्तरता दिनुहोला ।
**सुजन असफल**

सन्दीप लामिछाने नेपाली क्रिकेटका स्टार हुन् र आशालाग्दा सम्भावना पनि ।
**ऋषि जैन**

सन्दीप लामिछाने आइपिएलमा छनौट हुनु नेपालका लागि गौरवको विषय हो ।
**नवीन अधिकारी**

सन्दीप लामिछानेलाई धेरै-धेरै बधाई । राम्रो प्रदर्शन गर्नुहोला ।
**सन्तोष**

सन्दीपजी, अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको झन्डा फहराउनुपर्छ ।
**प्रेम नारायण**

सन्दीप लामिछानेलाई सफलताको शुभकामना । अझै प्रगति गर्नुहोस् । सारा नेपालीको आशीर्वाद लागोस् ।
**टेकबहादुर लिम्बू**

दिल्ली डेयर डेभिल्सले नेपाली खेलाडी सन्दीप लामिछानेलाई अवसर दिएको छ । हामीले भारतसँग राम्रो सम्बन्ध राख्नुपर्छ ।
**हेम बोहरा**

सन्दीप लामिछाने राष्ट्रका गहना हुन् । उनीजस्ता प्रतिभालाई हौसला दिनुपर्छ । सरकारले यस्ता प्रतिभाहरूलाई अघि बढ्न मद्दत गर्नुपर्छ ।
**पुरन शाही**

नेपालले ब्याटिङमा ठूलो सुधार ल्याउन जरुरी छ । विश्वका च्याम्पियनहरूसँग प्रतिस्पर्धा गर्नु छ । यतातिर विशेष ध्यान दिनुहोला ।
**खड्ग गुरुङ**

प्रतिबद्धताका लागि स्याबास सन्दीपजी । हामीलाई पनि नेपाल चाँडै विश्वकपमा पुगेको हेर्ने धोको छ ।
**जोन नेपाल**

सन्दीप लामिछानेले यस पटक राम्रो प्रदर्शन देखाउन सके भने अर्को वर्ष अझ राम्रो हुनेछ ।
**परशुराम मगर**

सन्दीपले धेरै नेपालीको मन जितेका छन् । भारतीयहरूले पनि उनको खेल मन पराएका छन् ।
**विजय**

सन्दीप लामिछाने आईपीएलमा छानिनु नेपालीहरूका लागि खुसीको कुरा हो ।
**सोहन**

यो सुरुवात हो । सन्दीप लामिछानेले आगामी दिनमा अझ राम्रो खेल्नुपर्छ ।
**नितेश महत**

नेपाली क्रिकेटर सन्दीप लामिछानेलाई शुभकामना एवं सफलताको कामना ।
**पियुश कुमार**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik



तस्बिर : नवराज बाग्ले

# मसँग गीतको भकारी नै छ

**२०७२ साल साउन २१ गते यूट्युबमा एउटा गीतको भिडियो अपलोड भयो, चलचित्र वडा नम्बर छको सुर्के थैली खैको रुपमा, जसले हरेक स्रोता तथा दर्शकलाई मोहनी लगायो । उक्त गीत त्यो वर्षको तीजदेखि दसैं, तिहार, महोत्सव, मेला-पात, स्कुल-कलेज सबैतिर यसरी बज्यो, मानौं सुन्ने र हेर्ने अरु नेपाली गीत नै छैनन् । त्यसपछि खोजी भयो उक्त गीतका स्रष्टाको । उनी थिए युवा संगीतकर्मी राजनराज शिवाकोटी । आफ्नै शब्द तथा संगीतको उक्त गीतमा शिकोवोटीलाई गायिका अञ्जु पन्तले साथ दिएकी थिइन् । उक्त गीतको सफलतासँगै संगीतकर्मी शिवाकोटीले पछाडि फर्किएर हेर्नु परेन । २०७३ साल जेठ २५ गते यूट्युबमा अपलोड भएको चलचित्र छक्का पञ्जाको पूर्व-पश्चिम रेलले राजनराजको उचाइ अझ बढायो । नौ महिनाअघि अपलोड भएको चलचित्र २ रुपैयाँको कुटुमा कुटु गीतको कीर्तिमानी सफलताले राजनराजलाई सबैभन्दा लोकप्रिय संगीतकर्मी साबित गरिसकेको छ । उक्त गीतले यूट्युबमा सबैभन्दा धेरै पटक हेरिएको (५ करोड पटक) कीर्तिमान कायम गरेको छ । कुटुमा कुटुपछि राजनराजको स्वर, संगीत तथा शब्दका झन्डै नौ वटा गीत लोकप्रियताको शिखरमा छन् । यसै साता फान एवार्डमा सर्वोत्कृष्ट संगीतकारको रुपमा पुरस्कृत यी संगीतकर्मीले** कृष्ण भट्टराई**सँग लामै कुराकानी गरेका छन् :**

■ राजनराज शिवाकोटी, संगीतकर्मी

**आफ्ना सिर्जनाले इतिहास बनाउँदा कस्तो अनुभव गरिरहनुभएको छ ?**

कुटुमा कुटु...गीतले ५ करोड पटक हेरिएको कीर्तिमान कायम गर्दा म पश्चिम नेपालको एउटा महोत्सवमा यही गीत गाइरहेको थिएँ । आज काठमाडौं आएर यसरी कुराकानी गर्दा म उक्त कीर्तिमान मेरो परिकल्पनाभन्दा टाढाको कुरा थिएन मात्र भन्न सक्छु । यो गीत नेपाली सांगीतिक इतिहासमै यस्तो गीत बन्यो, जसलाई प्रत्येक नेपालीले सुन्नुभएको छ अर्थात यो गीत सुन्न अब शायदै कोही नेपाली बाँकी हुनुहुन्छ होला । भर्खरै तोतेबोली बोल्न थालेको शिशुदेखि वृद्ध-वृद्धासम्म मेरो गीत सुनेर रमाएको देख्दा असाध्यै खुसी लागेको छ । म त भन्छु सरस्वती माताले म मार्फत सबैलाई प्रसाद पठाउनुभएको रहेछ, त्यही प्रसाद सबैले राम्रोसँग ग्रहण गर्न पाएजस्तो लाग्छ ।

**यो गीतले यति धेरै दर्शक पाउला भन्ने लागेको थियो ?**

रेकर्डिङ सकिने बित्तिकै मैले चलचित्रका निर्देशक असिम शाहलाई यो गीतको भिडियोले पाँच करोड भ्युज पाउन गाह्रो हुन्न भनेको थिएँ । गीत तयार हुने बित्तिकै मैले गरेको अनुमान तथा घोषणा मिलेकोमा थप खुसी छु । मेरो सिर्जना करोडौं पटक सुनिनु नै ठूलो कुरा हो जस्तो लागिरहेको छ ।

**तपाईंका तीनवटा गीत यतिबेला युट्युबमा सर्वाधिक हेरिएका गीतको सूचीमा छन् । के यो संयोग मात्र हो ?**

यसलाई संयोग मात्र मान्न नसकिएला । यदि यो संयोग मात्र हो भने अबदेखि मैले संगीत सिर्जना गर्न छाडे भैगो नि । यस्तो कीर्तिमान कायम हुनुमा दर्शक तथा श्रोताको माया अनि मेरो मेहनतको ठूलो भूमिका छ ।

**तपाईंका सिर्जनामा त्यस्तो के जादु छ, जसलाई हरेकले मन पराउँछन् ?**

म आफ्ना गीतका शब्द आफैं रचना गर्छु । मैले रचना गर्ने गीतमा यथार्थपरक कुरा, सत्य कुरा समेटिएको हुन्छ । मैले जति पनि गीत तयार पारेको छु, ती सबै गीतले नेपालीहरूको मन, भावना, संस्कार र संस्कृति बोलेका छन् । मैले गीतमार्फत झुट बोलेको छैन । जे-जे कुरा छन्, सबै भएकै कुरा छन्, अनुभव र अनुभूति गरिएका कुरा छन् । यसबाहेक मेरा गीत हेर्दा तथा सुन्दा लाज लाग्ने, अप्ठ्यारो लाग्ने खालका अथवा गलत सन्देश दिने शैलीका छैनन् । गीतमार्फत मैले आफ्नो संस्कार, संस्कृति र मौलिकता प्रस्तुत गर्ने प्रयास गरेको छु । नेपाली माटो सुहाउँदो मेलोडीलाई प्राथमिकता दिएको छु । गायकी तथा एरेन्जमेन्टलाई पनि बलियो बनाएको छु । यिनै कारणहरूले गर्दा मेरा गीत श्रोताहरूको जिब्रोमा झुन्डिन सफल भएका हुन् ।

**सुर्के थैली खै... भन्दा अघि तपाईं कहाँ हुनुहुन्थ्यो ?**

म कहीँ गएको थिइनँ, यहीं थिएँ । सांगीतिक क्षेत्रमै सक्रिय थिएँ । यद्यपि म त्यो बेला एक प्रकारको प्रयोग गरिरहेको थिएँ । अहिले तपाईंले जे सुनिरहनुभएको छ, म त्यसकै तयारीमा थिएँ । अहिले लोकप्रिय भैरहेका गीत बनाइरहेको थिएँ । यी गीत केही दिनको मेहनतमा तयार भएका होइनन् ।

पृष्ठ ७ मा


भर्ना खुल्यो !

विगत १४ वर्षदेखि प्राविधिक शिक्षामा समर्पित यस कलेजमा CTEVT सम्बन्धि सम्पूर्ण प्राविधिक विषयहरुको लागि Entrance Preparation/ Bridge Course को लागि भर्ना खुल्यो ।

SEE मा समावेश भएका सम्पूर्ण विद्यार्थीहरुलाई सफलताको शुभकामना !

बिहान, दिउसो र बेलुकाको ३ सिफ्टमा कक्षा संचालन भइरहेको छ ।

थप जानकारीको लागि

NIMST College

Gwarko, Lalitpur. Tel: 01 5204277





KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG
KANTIPUR MEDIA GROUP
कान्तिपुर
को
स्वर्णपुर
2
बम्पर उपहार | १ किलो सुन
हरेक महिना | १० तोला सुन
हरेक साता | १ किलो चाँदी
जित्नुहोस् १ किलो सुन
अनि स्क्र्याच गरी जित्नुहोस् लाखौंका उपहारहरू
Skyworth
ल्यापटप
एल.इ.डी टि.भी.
स्मार्ट फोन
वाटर प्युरिफायर
इमर्जेन्सी लाइट
वायरलेस हेडफोन
ब्लुटुथ स्पिकर
पावर बैंक
घडी
रू २०० देखि २५०० सम्मको नगद छूट
गिफ्ट भौचर
* सर्तहरू लागू हुनेछन् ।
ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।
"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।"
थप जानकारीका लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850
उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण)
उपत्यका बाहिर: 9856044140 (शंकर), 9856025885 (राजेश, पोखरा)
9845882313 (कपिल, भरतपुर), 9851072403 (लक्ष्मण, नेपालगंज), 9852029233 (सन्तोष, विराटनगर)
SMS SUB to 38080
कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक साता १ किलो चाँदी लगायत लाखौंका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।
आजै कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् ।

# मसँग गीतको...

पृष्ठ ५ बाट

मैले प्रत्येक गीतमा ७ देखि १० वर्षसम्म खर्चिएको छु। अहिले मेरा गीत लोकप्रिय हुनुमा मैले झन्डै एक दशकअघि देखि गरेको मेहनतले काम गरेको छ।

**कसरी ?**

मैले यो कुराको संकेत २०६२-२०६३ सालमै दिएको थिएँ। त्यतिबेला मैले 'सम्धीज्यू वार्ता गराइदेऊ...' शीर्षकको समयसापेक्ष गीत गाएको थिएँ। पारिवारिक झैं-झगडापछि वार्ताबाटै समस्या समाधान गर्न सकिन्छ भन्ने सन्देश बोकेको उक्त गीत सारा नेपालीले मन पराउनुभयो। त्यो गीत लोकप्रिय भएपछि मेरो दिमागमा के कुराले स्ट्राइक गर्‍यो भने गीतमा वास्तविकता मन पराइँदो रहेछ। गीतमा यथार्थपरक शब्द राखियो भने त्यसले श्रोताहरूको मन छुने रहेछ। रियालिटी बिक्ने रहेछ भन्ने कुरा मैले १२ वर्षअघि नै बुझिसकेको थिएँ। त्यसैले मैले त्यही बेलादेखि नै गीतमा वास्तविकतालाई समावेश गर्न थालिसकेको थिएँ।

**विगतमा त तपाई पपदेखि दोहोरी गीतसम्ममा संगीत दिनुहुन्थ्यो ?**

हो, मैले विगतमा समय सापेक्ष हरेक प्रकारका संगीत दिएँ। सांगीतिक क्षेत्रमा टिकिरहन पप गीत बनाएँ, दोहोरी गाएँ। यद्यपि म संगीतमै रमाइरहेको थिएँ, आजको सफलताका लागि पनि त्यही बेलादेखि भित्र-भित्रै काम गरिरहेको थिएँ। अर्को शब्दमा भन्नुपर्दा म एक प्रकारको मास्टर प्लानिङ गर्दै थिएँ, त्यसले आज आएर मलाई प्रसिद्धि दिलायो।

**प्रसंग बदलौं, तपाईंसँग जोडिनु दीपक-दीपाको भाग्य हो त ?**

होइन, वास्तविकता के हो भने मेरो अड्किरहेको भाग्यको साँचो खोल्ने काम उहाँहरूले गरिदिनुभएको हो। भाग्य मेरो पनि हो, उहाँहरूको पनि हो अनि आम नेपालीको पनि हो।

**सुर्के थैली...ले दीपक-दीपाको साथ कसरी पायो ?**

त्यो गीत मैले धेरै पहिले नै रेकर्ड गरेर राखेको थिएँ। यो गीत चलचित्रमा प्रयोग हुनुअघि नै रेडियोबाट बजिसकेको थियो। दीपाश्री निरौलाले लोक शैलीमा आधारित उक्त गीत सुनेपछि चलचित्रमा त्यही गीत राख्ने कुरा बताउनुभयो। यो गीतको भाग्य बलियो रहेछ, मैले पनि अनपेक्षित सफलता पाएँ। त्यही गीतको लोकप्रियताबाट खुलेको मेरो संगीतको भाग्य अहिले दिनप्रति दिन चम्किरहेको छ।

**पूर्व-पश्चिम रेल...पनि उहाँहरूकै भागमा पर्‍यो नि ?**

यो गीत पनि तयार भएको पाँच वर्ष भैसकेको थियो। चलचित्रका लागि प्रयोग होला भन्ने सोचेकै थिइनँ। एक दिन संगीतकार राजन इशानसँग बसेर यसलाई एरेञ्ज गरें। त्यसको केही दिनपछि दीपकराज गिरीले राजन इशानसँग नयाँ चलचित्रका लागि नयाँ गीत खोजिरहेको बताउनुभएछ। हामीले एरेञ्ज गरेको उक्त गीत दीपकजीले मन पराउनुभयो।

**तेस्रो चलचित्रमा उहाँहरूले तपाईंको गीत नलिने कारण के थियो ?**

मैले सुनाएका गीत उहाँहरूको चलचित्रको कथासँग मेल खाएन भन्ने कुरा आयो। त्यसबाहेक उहाँहरूले चलचित्रको कथालाई मेल खाने मेरै शैलीको गीत पहिले नै फेला पार्नुभएको रहेछ।

**कुटुमा कुटु..गीतको सिर्जनाचाहिं कहिले गर्नुभएको थियो ?**

दाँतै कालो छ, ओठै कालो छ...भन्ने लाइन त झन्डै एक दशकअघि नै लेखेको थिएँ। दोलखाको गाउँमा छँदा भारी बोक्नेहरूले चौतारामा भारी बिसाएर पातले बेरको चुरोट सल्काएपछि मुसुक्क हाँस्दा कालो दाँत देखेपछि ती शब्द फुरेका थिए। उक्त गीत चलचित्र दुई रुपैयाँमा समावेश हुने भएपछि बाँकी शब्द रचना गर्न म पुनः गाउँ (चरिकोट) पुगें। मेरो गाउँमा मौवाको एउटा रूख छ। त्यसको फेदमा म ढल्किने आफ्नै विशेष ठाउँ छ, त्यहाँ ढल्किएपछि कुटुमा कुटुका शब्द फुरेका थिए।

**तपाईंका गीतमा अञ्जु पन्त र मेलिना राई बाहेक अन्य गायिकाको स्वर निकै कम सुनिन्छ नि ?**

मैले रचना गरेका शब्द तथा तयार पारेका मेलोडीमा उहाँहरूको स्वर सुहाउने भएकाले मेरा गीतमा उहाँहरूकै स्वर सुनिएको हो।

**कुटुमा कुटुपछि तपाईंका कतिवटा गीत लोकप्रिय भए ?**

पछिल्ला आठ महिनाको बीचमा झन्डै नौवटा गीत विभिन्न चलचित्रमार्फत आएका छन्। यूट्युबमा उपलब्ध ती गीतमध्ये चलचित्र शब्दको गुलेलीले हानौं कि, चलचित्र कमलेको बिहेको टाकन टुकन टक्क, रुद्रप्रियाको चिरबिर चिरबिर, ह्याप्पी डेजको चेप्टे चेप्टे पेरुङ्गो, पिंजडा ब्याक अगेनको लामकाने बाखाको, हुर्केको ठेकीमा दही मदानीमा मही, कान्छीको चरी चट्ट परी, कोहलपुर एक्सप्रेसको सिओडब्लू काउ तथा चलचित्र पटुकीको पटुकी पटुकी गीत श्रोताहरूको रोजाइमा परेका छन्।

**अबका दिनमा कस्ता गीत आउँदैछन् ?**

अशोक शर्माको चलचित्र 'जय भोले' का लागि तयार गरेको गीत लोकप्रिय हुने सम्भावना छ। डिट्ठा साब अर्थात् किशोर भण्डारीको चलचित्र 'चंगा' का लागि तयार पारेको गीत पनि कर्णप्रिय छ।

**दुई वर्षअघिको राजनराज र अहिलेको राजनराजमा के फरक छ ?**

खासै फरक त केही छैन, तर यो वर्षदेखि ममा एउटा परिवर्तन आएको छ। त्यो के भने मैले स्टेजमा समेत गाउन थालेको छु। स्टेजमा गाउन थालेपछि गेटअप तथा हाउभाउ परिवर्तन गर्नुपर्ने रहेछ। कतिपय ठाउँमा म झिल्के पनि देखिएको छु। स्वदेशको मात्र होइन विदेशको सांगीतिक भ्रमण गर्ने अवसरसमेत पाएको छु। स्वदेशमा मात्र पछिल्ला तीन महिनाको अवधिमा झन्डै ३० ठाउँमा आफ्ना गीत प्रस्तुत गर्ने मौका पाएँ।

**कन्सर्टमा सबैभन्दा बढी गाउने गीत ?**

प्रायः सबै लोकप्रिय गीत गाइरहेको छु। यद्यपि दर्शकहरूले कुटुमा कुटु तथा चिरबिर चिरबिर चाँचरी...बढी सुन्न खोज्नुहुन्छ।

**अहिले आएर बल्ल गायक भएको अनुभव गर्दै हुनुहुन्छ होइन ?**

हो नि...आफू बल्ल गायक भएँछु जस्तो अनुभव हुन थालेको छ। मलाई थाहा थिएन, कन्सर्टको आफ्नै रमाइलो हुँदोरहेछ। पर्फमेन्सको पाटो नै अर्कै रहेछ। दर्शक तथा श्रोतासँग प्रत्यक्ष भेट हुने मौका मिल्दो रहेछ। यो त भाग्यले मात्र पाइने कुरा हो। ३० हजारसम्म दर्शकमाझ प्रत्यक्ष गीत गाउन पाउनु, उहाँहरूको प्रतिक्रिया पनि तुरुन्तै पाइनु, अन्तरक्रिया नै गर्न पाउनु लाइभ पर्फमेन्सको सकारात्मक पाटो रहेछ, जुन म अहिले अनुभव गरिरहेको छु।

**दर्शकले तपाईंलाई कसरी स्वागत गरिरहेका छन् ?**

दर्शकभन्दा पहिले कार्यक्रम आयोजकको कुरा गर्छु। आयोजकमध्येका एक जनाले मलाई चिन्नुहुँदो रहेछ। मलाई बोलाउने कुरा चलेपछि 'राजनराज को हो ?' भन्ने बहस चल्दो रहेछ। कुटुमा कुटु, सुर्के थैली गाउने गायक...भनेपछि मात्र सबै जना सहमत हुनुहुँदो रहेछ, अर्थात् मलाई व्यक्तिगत रूपमा भन्दा पनि मेरो कामबाट चिनिन थालिएको रहेछ। पार्श्व गायकहरूको मुख्य समस्या नै यही हो। दर्शकहरूसँगको प्रसंग पनि रमाइलो छ। स्टेजमा नउक्लिउन्जेल मलाई कसैले पनि चिन्दैनन्। स्टेजमा उक्लिएर प्रस्तुति दिएपछि म यति व्यस्त हुन्छु कि कुरै नगर्नुस्। यस्ता लोकप्रिय गीत गाउने तपाईं नै पो हुनुहुँदो रहेछ भनेर मसँग कुरा गर्न चाहने, तस्बिर खिच्न चाहनेहरूको संख्या यति ठूलो हुन्छ कि कन्सर्ट सकिसक्दा पनि म उहाँहरूकै बीचमा हुन्छु।

**दर्शकहरूको प्रतिक्रिया चाहिं कस्तो पाउनुहुन्छ ?**

कुटुमा कुटु गीतसम्बन्धी प्रतिक्रिया बढी पाउँछु। तपाईंको गीत नसुनि मेरो छ महिनाको छोरा सुत्दै मान्दैन। मेरी सानी भान्जी तपाईंको गीत बजेपछि मात्र खाना खान्छिन्। मेरो भतिजोलाई सुताउनुपर्‍यो भने तपाईंको गीत नबजाई हुँदैन जस्ता प्रतिक्रिया पाउँदा मन प्रफुल्लित हुन्छ।

**अबको व्यस्तता कस्तो छ ?**

चैतभरि सांगीतिक कार्यक्रमहरूमै व्यस्त छु। यसबीच पुनः एक पटक पूर्वदेखि पश्चिम नेपालसम्म पुग्नु छ। यही क्रममा एक पटक कतार पनि जाँदैछु। हङकङ, अस्ट्रेलिया र दुबईपछि कतारको सांगीतिक यात्रा गर्ने अवसर प्राप्त भएको छ।

**आगामी दिनका लागि कस्ता गीत तयार पार्दै हुनुहुन्छ ?**

मैले थुप्रै गीत तयार पारेर राखिसकेको छु। अझ भनौं मसँग गीतको भकारी नै छ। चलचित्रलाई कहिलेसम्म मेरो गीत चाहिन्छ, त्यतिबेला सम्मका लागि मसँग उत्कृष्ट गीतहरूको स्टक छ। चलचित्रका निर्माता-निर्देशकहरूले छानी-छानी मेरा सिर्जना सुनेर आफूलाई चित्त बुझेपछि मात्र लानसक्नु हुन्छ।

**भनेपछि तपाई आफ्ना सिर्जनाबाट सन्तुष्ट हुनुहुन्छ ?**

एउटा सर्जक आफ्ना सिर्जनाबाट कहिल्यै सन्तुष्ट हुन सक्दैन। म पनि सन्तुष्ट छैन। म त भन्छु, मबाट खास चिज त आएकै छैन। मैले जे चाहेको हो, त्यो त अझै आएको छैन।

**तपाईंले चाहेको सिर्जना कस्तो हो ?**

यही नै हो भन्ने त छैन तर मलाई योचाहिँ बबालै हो, यो गीतले चाहिँ अचम्मै गर्‍यो भन्ने शैलीको गीत तयार पार्ने मन छ। भाग्यले साथ दियो भने त्यो दिन पनि चाँडै आउँछ। अहिले ममा एक प्रकारको छटपटि छ। यो एउटा उत्कृष्ट गीत सिर्जना हुनुअघिको छटपटि हो कि जस्तो पनि लाग्छ। किनभने मैले पछिल्लो एक दशकदेखि गृहकार्य गरिरहेका गीत सार्वजनिक भैसके। ती गीतले आफ्नै प्रकारले दर्शक तथा श्रोताको मन जितिसके। अहिले आएर मैले कल्पना गरेको त्यो विशेष चिज आउँछ कि भन्ने झझल्को आइरहेको छ। मैले विशेष भन्न खोजेको गीत हिट होइन, आत्मसन्तुष्टिको हिसाबले मनले खाने गीत भन्न खोजेको हुँ।

**त्यस्तो गीत बन्न के कुराले रोकिरहेको छ त ?**

अहिले वातावरण मिलिरहेको छैन। त्यसका लागि मलाई शान्त वातावरण चाहिन्छ। म मानसिक रूपले पनि शान्त हुनु अनिवार्य छ। पारिवारिक बन्धनदेखि यति दिनभित्रमा गीत तयार पार्नुपर्छ भन्ने सीमामा बाँधिएर काम गर्नु परेको छ। एक वर्षजति स्ट्रेसरहित भएर बस्न पाए अझ उत्कृष्ट गीत सिर्जना गर्न सफल हुन्थें कि ?

**तपाईंका पछिल्ला सिर्जना दबाब र तनावबाट मुक्त भएर गरिएको कामको नतिजा हो त ?**

हो नि। मैले विगत एक दशकमा कुनै पनि दबावबिना ती गीत सिर्जना गरेको हुँ। कतिसम्म भने सुर्के थैली खै... गीतमा 'रौं कातेर बुनेको' शब्दमा रौं लेखौं कि ऊन लेखौं भनेर निर्क्योल गर्न नै दुई महिना लाग्यो। त्यतिबेला ममाथि कुनै पनि प्रकारको दबाब थिएन, त्यसैले रौं र ऊनमध्ये एउटा शब्द छनौट गर्न दुई महिनाको समय दिन सकें। आजको दिनमा त्यस्तो समय असम्भव छ। अहिले एउटा शब्द होइन पूरै गीतलाई नै दुई महिना दिन सक्ने अवस्था छैन।


**एउटा राम्रो गीत बन्न के-के कुरा चाहिन्छ ?**

सबैभन्दा महत्वपूर्ण कुरा शब्द नै शक्तिशाली हुनुपर्छ। शब्द शक्तिशाली भयो भने गीत आफैं शक्तिशाली बन्छ। कथा, कविता, समाचार, भाषण आदि सबै कुरा शक्तिशाली हुने भनेकै शब्दले हो। गीत पनि त्यही हो। जति स्तरिय शब्द, त्यति नै स्तरीय गीत। त्यसैले म राम्रो गीत बन्न गीतको शब्द नै विशेष हुनुपर्छ भन्छु। त्यसपछि मेलोडी, एरेञ्जमेन्ट अनि स्वरको कुरा आउँछ।



# कम छैन गुगल पनि

एकराज सुवेदी



फेसबुकमा प्रयोग भएका डाटा असुरक्षित रहेको विषय निकै चर्चामा छ। क्याम्ब्रिज एनालिटिका नामक कम्पनीले एप्समार्फत फेसबुक प्रयोगकर्ताको डाटा अमेरिकी राष्ट्रपतिको निर्वाचनमा व्यक्तिका बारेमा आवश्यक जानकारी लिन प्रयोग गरेको कुरा सार्वजनिक भएपछि फेसबुक निकै आलोचित भयो। डाटाको सुरक्षाको प्रश्नमा गुगल पनि फेसबुक जस्तै कमजोर छ। यसको अर्थ गुगलमा भएका डाटालाई उसले विभिन्न कार्यका लागि प्रयोग गर्न सक्छ। गुगलले आफ्ना प्रयोगकर्ताहरूका लागि विशेष प्रकारको प्राइवेसी नीति बनाएको छ। ती सबै डाटा गुगलले आफ्ना लागि मात्र होइन, आफ्ना साझेदारहरूसँग समेत सेयर गर्न सक्छ। कुनै प्रकाशक, विज्ञापन दिने संस्था तथा गुगलसँग जोडिएका सबै वेबसाइटलाई उसले ती डाटा उपलब्ध गराउन सक्छ। गुगलसँग भएका सबै डाटा हेर्न google.com/takeout मा लगअन गर्न सकिन्छ।

यदि कुनै मोबाइल फोनमा लोकेसन ट्र्याकिङ एक्टिभ भैरहेको छ भने गुगलले उक्त व्यक्तिको लोकेसनका सम्बन्धमा सबै जानकारी पाइरहेको हुन्छ। यति मात्र होइन, गुगलले उक्त व्यक्ति कुन दिन, कुन सहर र कुन होटलमा बसेको थियो भन्ने कुराको जानकारी सिलसिलाबद्ध ढंगले स्टोर गरेर राख्छ। मोबाइल फोन, पीसी वा ट्याब्लेट आदिबाट कुन चिज वा वस्तुका बारेमा सर्च गरिएको थियो भन्ने जानकारीसमेत गुगलसँग हुन्छ। एन्ड्रोइड मोबाइल वा कुनै ब्राउजरको सहयोगले प्रयोग गरिएका सबै एपको जानकारी गुगलसँग हुन्छ। कहिले र कुन अवस्थामा किन त्यसको प्रयोग गरियो भन्ने जानकारी समेत गुगलसँग हुन्छ।

हामी दिनहुँ कुनै न कुनै एप प्रयोग गरिरहेका हुन्छौं र आफ्ना गतिविधिहरूको जानकारी दिइरहेका हुन्छौं। त्यसैले कुनै व्यक्ति कहिले सुत्छ वा उठ्छ भन्ने जानकारीसमेत गुगलले पाइरहेको हुन्छ। त्यसैगरी उसलाई हाम्रो दिनभरको रुटिन पनि थाहा हुन्छ। हामी आफ्नो घर वा अन्य स्थानका बारेमा पनि गुगललाई जानकारी दिइरहेका हुन्छौं। त्यसैले हाम्रो घर र त्यसको लोकेसनका बारेमा पनि गुगलसँग जानकारी हुन्छ।

युट्युबमा हामी के हेर्छौं र के हेर्न रुचि छ सबै कुरा गुगललाई थाहा हुन्छ। त्यसैगरी विभिन्न प्रकारका ग्याजेट वा अन्य प्रोडक्टका बारेमा समेत ऊसँग तथ्यांक हुन्छ। कुनै प्रोडक्ट वा विज्ञापनका बारेमा सूचना दिने वेबसाइट कति समय हेरियो र हाम्रो रुचि केमा छ भन्ने कुरा पनि गुगल तथ्यांकबाट थाहा हुन्छ।

जीमेलका कारण यसको इतिहास सबैलाई थाहा हुने त भै नै हाल्यो। यसमा सेभ भएका मात्र होइन, स्पाम र डिलिट भएका मेल समेत हुन्छन्। त्यसले कसैलाई कस्तो मेल आयो र गयो भन्ने सबै जानकारी गुगलसँग हुन्छ।

कुनै पनि प्रयोगकर्तालाई कुन रोग लागेको छ भन्ने कुरा पनि गुगलले थाहा पाउँछ। हामी कुनै रोग लागेको शंका लागे वा कुनै रोगका बारेमा जान्न मन लागे त्यसका बारेमा विभिन्न जानकारी खोजिरहेका हुन्छौं वा युट्युबबाट त्यसका बारेमा जानकारी बटुलिरहेका हुन्छौं। यसबाट गुगलले हाम्रा बारेमा सबै कुरा थाहा पाउँछ।

त्यसैगरी कुनै व्यक्तिको आम्दानी कति छ, त्यसको स्रोत के हो ? कतै घुम्न जाने योजना छ कि छैन ? त्यसका लागि हवाई टिकट, बस टिकट, होटल आदिको व्यवस्था के छ ? सबै कुरा गुगलले थाहा पाइरहेको हुन्छ।

यसबाहेक गुगल क्यालेन्डरमा राखिएका सबै इभेन्ट, इन्टरनेटबाट डाउनलोड गरिएका सबै फाइल तथा इमेज, गुगल ड्राइभमा अपलोड वा डाउनलोड गरिएका फाइल, मोबाइलमा खिचिएका सबै तस्बिर, सर्च गरिएका सबै सफ्टवेयर एवं एप, आफ्नो उमेर वा लिंग, जागिरका लागि दिइएका निवेदन आदि सबै जानकारी गुगलसँग सुरक्षित हुन्छन्।

# क्षुद्र ग्रह पृथ्वीको विनाशको कारण बन्न सक्छ



क्षुद्र ग्रह पृथ्वीसँग ठोक्किएर पृथ्वीमा विनाश हुने सम्भावना भएको कुरा नासाले व्यक्त गरेको छ। अहिले अमेरिकाले तैनाथ गरेको आणविक मिसाइल जत्तिकै ऊर्जाले भरिपूर्ण बेन्नु नामक क्षुद्र ग्रह २२ सेप्टेम्बर, २१३५ मा पृथ्वीमा ठोक्किने थोरै मात्र सम्भावना भएको कुरा बताउँदै अन्तर्राष्ट्रिय समाचार माध्यमहरू लेख्छन्– यो संकटको निराकरण गर्न नासाले योजना समेत तयार गरिसकेको छ। बेन्नु नामक क्षुद्र ग्रहको आकार लगभग २ सय वर्गमिटर छ भने त्यसले उत्सर्जन गर्ने ऊर्जा सन् १९४५ मा हिरोसिमामा खसालिएको आणविक बमभन्दा ८० हजार गुणा बढी रहनेछ।

इन्जिनियरहरूको एक समूहले सैद्धान्तिक रूपमा 'हाइपर भेलोसिटी एस्टेरोइड मिटिगेसन मिसन फर इमर्जेन्सी रेस्पोन्स भेहिकल' (हयाम्मर) को स्वरूप तयार गरेका छन्, जसले यस्ता समस्या हल गर्ने उपायको खोजी गर्छ। यो यस्तो काल्पनिक स्पेसक्राफ्ट हो जसले बेन्नुलाई आणविक शक्तिले प्रहार गरी दिशा परिवर्तन गर्छ।

हयाम्मर नासाको वास्तविक कार्यक्रम नभै यस्ता यन्त्र बनाउन आइपर्ने प्राविधिक चुनौतीहरूको अनुसन्धान कार्यक्रम हो। सन् २०१३ मा लगभग ६० फिटको क्षुद्र ग्रह रूसमा पृथ्वीसँग ठोक्किएको थियो। त्यसबाट विश्वयुद्धताका जापानको हिरोसिमामा भएको आणविक विस्फोटभन्दा करिब ३० गुणा बढी ऊर्जा निस्किएको थियो।

## के हो क्षुद्र ग्रह ?

क्षुद्र ग्रह साना चट्टानीय पिण्ड हुन् जसले सूर्यको परिक्रमा गर्छन्। यी आकाशीय पिण्डले मंगल ग्रह तथा बृहस्पति ग्रहको बीचमा रहेर सूर्यको परिक्रमा गर्छन्। क्षुद्र ग्रहहरू लाखौंको संख्यामा छन्, जसको आकार सयौं माइलदेखि केही फिटसम्म हुन सक्छ। यस्ता क्षुद्र ग्रहको औसत तापक्रम माइनस ७३ डिग्री सेल्सियस रहने गरेको छ।

इटालियन वैज्ञानिक जिउसेप्पे पियाज्जीले सन् १८०१ मा पहिलो पटक क्षुद्र ग्रह पत्ता लगाएका थिए र त्यसको नाम रोमन देवीको नामबाट 'सेरस' राखिएको थियो। सबैभन्दा ठूला ५ क्षुद्र ग्रहको पिण्ड सबै क्षुद्र ग्रहको पिण्डको ५० प्रतिशत रहेको वैज्ञानिकहरू बताउँछन्, जसमध्ये सेरसको व्यास ५ सय ९७ माइल छ। त्यस्तै ३ सय २९ माइल व्यास भएको भेस्टा, हाइजियार पल्लास अन्य ठूला क्षुद्र ग्रह हुन्।

## क्षुद्र ग्रहको पृथ्वीमा असर

आकारमा सानै भए पनि क्षुद्र ग्रह हाम्रा लागि खतरानाक हुन सक्छन्। विगतमा पनि कैयौं क्षुद्र ग्रह पृथ्वीसँग ठोक्किसकेका छन् भने यो ठोक्किने क्रम भविष्यमा पनि जारी रहनेछ।

- लगभग ६ करोड ५० लाख वर्षअघि पृथ्वीमा १० किलोमिटरको क्षुद्र ग्रह ठोक्किएर अन्तत 'ग्लोबल वार्मिङ' भै डाइनासोर लोप भएको कुरा विभिन्न अनुसन्धानले बताउँदै आएका छन्।
- क्षुद्र ग्रह ठोक्किँदा ३ करोड वर्षघि अहिले अर्जेन्टिना भएको ठाउँमा पनि ठूलै असर परेको थियो।
- सन् १४९०मा क्षुद्र ग्रहका कारणले चीनमा १० हजार मानिसको मृत्यु भएको थियो।
- सन् १९०८ मा साइबेरियामा लगभग ५० मिटरको क्षुद्र ग्रह विस्फोट हुँदा २ हजार वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएका रूखहरू नाश भएका थिए भने मृग प्रजातिका करिब हजार जति जीवको मृत्युसमेत भएको थियो। त्यतिबेला आकाशमै विस्फोट भएका कारण पृथ्वीमा केटर भने बनेन।
- सन् १९३७ मा हेर्मेस नामक एक किलोमिटरको आकार भएको क्षुद्र ग्रह पृथ्वीको करिब ६ लाख माइलको दूरीबाट गयो। त्यो ग्रह पृथ्वीमा ठोक्किएको भए त्यसले ठूलो क्षति पुर्‍याउने सम्भावना थियो।
- उत्तरी क्यानाडामा रहेका तालहरू 'क्लियर वाटर लेक' पनि क्षुद्र ग्रह ठोक्किएर बनेको क्रेटर (खाल्डो) को कारण बनेको विभिन्न अनुसन्धानले देखाएको छ।
- सन् २०२८ मा पनि एउटा क्षुद्र ग्रह '१९९७ एक्सएफ ११' पृथ्वीको धेरै नजिक आउनेछ तर यो पृथ्वीसम्म भने आइपुग्नेछैन। कुनै कारणवश यो पृथ्वीमा आए ३० हजार माइल प्रतिघण्टाको गतिमा पृथ्वीमा बजारिनेछ, जसको ऊर्जा १० लाख मेगा टनको बम बराबर हुन सक्छ, जुन पृथ्वीमा भएका सम्पूर्ण जीवन सिध्याउन पर्याप्त हुनेछ।
- यदि क्षुद्र ग्रहको आकार २० तले घर (२ सय फिट) जत्तिकै मात्र भए त्यसले उत्पादन गर्ने उर्जा अहिले उपलब्ध सबैभन्दा ठूलो परमाणु बम उत्सर्जन गर्ने ऊर्जा बराबर हुने कुरा अनुसन्धानकर्ताहरू बताउँछन्।

आभास अधिकारी

केवल एक प्रश्न

# यो वर्षको उत्कृष्ट चलचित्र कुन हो ?



यो वर्षको उत्कृष्ट चलचित्र जात्रा हो। निकै रमाइलो चलचित्र छ।

**दिनेश राउत, निर्देशक**

मलाई जात्रा मन पर्‍यो। मौलिक, जीवन्त अभिनय र सरल कथाका कारणले।

**डा. आयुषमान घिमिरे, अभिनेता**

चलचित्र मंगलम। किनभने जोकसैको जीवनसँग मेल खान सक्छ। समयसापेक्ष छ, हाम्रो समाजमा घटिरहेका घटना हेर्न पाइन्छ यो चलचित्रमा।

**नारायण बीपी परियार, गायक**

मलाई मन परेको चलचित्र फाटेको जुत्ता हो। नेपालको तराई-मधेसको कथा समेटिएको यो चलचित्रमा नायक सौगात मल्ल आफ्नो क्रेजले भन्दा पनि फरक अभिनयले दर्शक रिझाउन सफल छन्।

**वासुदेव केसी, गायक**

मैले हेरेमध्ये २ रुपैयाँ सबैभन्दा राम्रो चलचित्र लाग्यो। यसले चलचित्र हेर्दासम्म पूरै रमाइलो अनुभव गराउँछ।

**गम्भीर विष्ट, कोरियोग्राफर**

हेर्छु भनेका चलचित्र हेर्न पाइएन, ठूला बजेटमा निर्माण गरिएका केही चलचित्र हेरियो, तर यो वर्ष पनि भनेजस्तो कम्प्लिट प्याकेज हेर्न पाइएन। बरु सामान्य तरिकाले प्रदर्शनमा आएको चलचित्र घामपानीले मेरो मन छोयो। घामपानीमा केकी अधिकारीलाई सुहाउँदो ढंगमा प्रस्तुत गरिएको पाएँ। सामान्य विषयलाई रोचक ढंगमा प्रस्तुत गरिएको थियो।

**सुप्रिया कटवाल, अभिनेत्री**

'कृ' नै सबैभन्दा राम्रो लाग्यो। मुख्य कलाकारको हार्ड वर्किङका कारण यो चलचित्र राम्रो भएको हो। स्पेसल्ली अनमोल र अनुपको अभिनय उत्कृष्ट छ।

**आमेश भण्डारी, अभिनेता**

प्रेमगीत र शत्रुगते राम्रा चलचित्रमा पर्छन्। प्रेम गीत म आफैंले अभिनय गरेकाले मात्र होइन, यो समग्रमा धेरैले मन पराएको चलचित्र हो। अहिले प्रदर्शन भैरहेको चलचित्र 'शत्रुगते' पनि राम्रो छ।

**अश्लेषा ठकुरी, अभिनेत्री**

ब्लाइन्ड रक्स यो वर्षको सबैभन्दा राम्रो चलचित्र हो। मलाई यथार्थमा आधारित चलचित्र मन पर्छन्।

**सुरज सुब्बा नाल्बो, निर्देशक**

जात्रा उत्कृष्ट लाग्यो। विपिन कार्कीको जीवन्त अभिनयले घाइते बनाएको छ।

**नवीन प्यासी राई, साहित्यकार**

छक्कापन्जा। यसको डाइलग खुबै राम्रो छ।

**धीरज राई, गायक**

स्टोरी र मेकिङका हिसाबले पञ्चायत र अर्को हिसाबले म यस्तो गीत गाउँछु। पञ्चायतचाहिँ मैले अभिनय गरेका कारणले होइन कि साँच्चिकै राम्रो चलचित्र बनेको छ।

**गणेश गिरी, अभिनेता**

यो वर्षको उत्कृष्ट चलचित्र पञ्चेबाजा। किनभने यसमा समावेश कथा र स्क्रिनप्ले, कलाकार, निर्देशन सबैको काम राम्रो छ।

**दीपेन्द्र घिमिरे, पत्रकार**

यो वर्ष मैले हेरेकामध्ये सबैभन्दा राम्रो चलचित्र– कान्छी लाग्यो। किनभने यो पारिवारिक कथामा आधारित चलचित्र हो। यो वर्ष मैले यस्तो खालको अर्को चलचित्र हेर्न पाइनँ।

**रोजीना श्रेष्ठ, फेसन डिजाइनर**

कृ नै मलाई बढी मन परेको चलचित्र हो, तर धेरैलाई हावा लाग्यो रे।

**शशान कँडेल, गायक**

यो वर्षको सबैभन्दा उत्कृष्ट चलचित्र २ रुपैयाँ हो। यसको कथा तथा कलाकारको अभिनय धेरै राम्रो छ।

**कुशल श्रेष्ठ, निर्देशक**

शत्रुगते मलाई मन परेको चलचित्र हो। यो चलचित्रको हास्य पाटो राम्रो छ। चलचित्र हेर्दासम्म कुनै पनि दृश्य वाक्कलाग्दो लाग्दैन।

**असिम केसी, गायक**

वसन्त निरौलाको मेला निकै मन पर्‍यो। यो चलचित्रमा लभस्टोरी, कमेडी र द्वन्द्वको सम्मिश्रण छ।

**पवित्रा आचार्य, अभिनेत्री**



संगीत

# गीत चोरीले दिएको सन्देश



तस्बिर : मेरो फिल्मी ड्रकम

महेश तिम्ल्सिना

पछिल्लो समय नेपाली चलचित्रका निर्माता निर्देशकहरूलाई गीत चोरीको आरोपले हैरान बनाउन थालेको छ। दुई महिनाअघि यो वर्षकै बहुप्रतीक्षित चलचित्र 'क्' प्रदर्शनमा आयो। चलचित्रले राम्रै व्यापार गऱ्यो। यद्यपि उक्त चलचित्रमा समावेश गरिएको 'उकालीमा पछि पछि' गीत चोरी प्रकरणमा चलचित्रका निर्माता सुवास गिरी पक्राउ परे। २०४० सालमा बनेको चलचित्र 'सम्झना' को गीत अनुमतिबिना नै 'क्' मा समावेश गरिएको भन्दै 'सम्झना'का निर्माता तथा निर्देशक शम्भु प्रधानले 'क्' का निर्माता सुवास गिरी, भुवन केसी एवं संगीतकार अल्मोडा राना उप्रेतिविरुद्ध जाहेरी दिएका थिए। उनले जाहेरी दिएसँगै प्रहरीले गत मंगलबार अर्थात् चैत १३ गते गिरीलाई पक्राउ गरेर हिरासतमा राख्यो। गीत होस् वा संगीत दुवैको चोरीमा प्रत्यक्ष संलग्नता गीतकार अथवा संगीतकारको हुन्छ। यसरी हेर्दा 'क्' को उक्त गीत चोरीको दोष पनि अल्मोडालाई नै जानुपर्ने हो, तर यो मामिलामा निर्माता गिरी निर्देशक प्रधानलाई ११ लाख क्षतिपूर्ति तिरेर बुधबार हिरासतबाट मुक्त भए। यो विषयमा गिरीले बिहीबार पत्रकार सम्मेलन गरेर आफूमाथि अन्याय भएको भन्दै दुखेसो समेत पोखे। यो त एउटा प्रतिनिधि घटना मात्र हो। पछिल्लो समय निर्माण भएका धेरैजसो नेपाली चलचित्रमाथि गीत चोरीको आरोप लाग्ने गरेको छ। आफ्नो गीत चोरी भएको थाहा पाएपछि कतिपय कानुनी सहायताका लागि सम्बन्धित ठाउँसम्म पुग्छन् भने कोहीचाहिं आपसी मिलापत्रमा विवाद टुंग्याउँछन्। यही वर्ष प्रदर्शनमा आएको अर्को चलचित्र छक्कापञ्जा -२ को 'नाइलनको साडीमा' गीतमाथि पनि चोरीको आरोप लागेको थियो, जसले गर्दा संगीतकार अल्मोडाले निकै आलोचना खेप्नुपऱ्यो। उक्त गीत चोरीको कानुनी प्रक्रिया अघि बढ्न नपाउँदै निर्माण पक्षले त्यसलाई सामसुम पारेको थियो। यसरी हेर्दा अल्मोडा बेलाबेलामा गीत चोरीको आरोपमा रुमल्लिरहन्छन्। अब त उनीसँग काम गर्न चलचित्रका निर्माताहरूसमेत हच्किन थालेका छन्। त्यस्तै, यही चैत ९ गते प्रदर्शनमा आएको चलचित्र 'शत्रुगते' को 'रुपै मोहनी' गीत चोरी भएको भन्दै लोकगायक कुमार बस्नेतले उक्त गीतका संगीतकार टंक बुढाथोकीमाथि आरोप लगाएका छन्। टंक पनि गीत चोरीको आरोपमा मुछिइरहन्छन्। यसैगरी, प्रदर्शनको तयारीमा रहेको चलचित्र 'डमरुको डन्डिबियो'को 'तितेपाती तितेपाती' गीत आफ्नो भएको गायक प्रकाश पौडेलले दाबी गरेसँगै यतिबेला संगीतकार कालिप्रसाद बाँस्कोटासमेत विवादमा तानिएका छन्। गीतकार तथा संगीतकारहरू बेलाबेला गीत चोरीको आरोपमा तानिरहन्छन्। आफ्नो सम्पत्ति चोरी हुँदा प्रहरीसामु उजुरी हाल्न जानु नराम्रो होइन भने यस्तो आरोप नआओस् भनेर स्रष्टा स्वयं इमान्दार हुनुपर्ने संगीतकार सुरेश अधिकारी बताउँछन्। अधिकारी भन्छन्, 'कुनै पनि स्रष्टाको सिर्जना भनेको उसको सम्पत्ति हो। त्यसैले कुनै पनि स्रष्टाले अरूको सम्पत्तिको पनि सुरक्षा गर्न सक्नुपर्छ। अर्को कुरा गीत चोरीको यस्तो आरोप नआओस् भनेर स्रष्टा नै इमान्दार भै यो कसैको सम्पत्ति हो कि होइन, निर्क्यौल गर्नुपर्छ। यति मात्र गर्न सके यस्ता आरोप आफैं कम भएर जान्छ।'

अन्तर्राष्ट्रिय नियमअनुसार गीत संगीतको निश्चित सिमाना मिल्न सक्छ, तर सात बारभन्दा बढी भए कपि भएको मानिन्छ। नेपालमा पछिल्लो समय गीतकार तथा संगीतकार हवात्तै बढेकाले छिट्टै दाम र नाम कमाउन पनि अरूको चलेको शब्द-संगीत प्रयोग गर्न थालिएको र त्यसलाई नियन्त्रण गर्ने निकाय नभएका कारण गीत चोरी हुने गीतकार राजेन्द्र थापा बताउँछन्। थापा भन्छन्, 'हिजोका दिनमा यस्ता कुरा रेडियो नेपालबाट नियन्त्रित हुन्थ्यो, तर अहिले स्वतन्त्र छ।' अर्को कुरा हिजोआज स्रष्टाहरू गीत चोरी भएपछि जाहेरी दिन प्रहरी कार्यालय पुग्छन्, तर प्रहरीको सट्टा रजिस्टार कार्यालयमा मुद्दा हाल्न जाने हो भने यस्ता विकृति हट्ने थापाको दाबी छ।

## गीत चोर्नु र घरको ताला फोर्नु एउटै हो



● लक्ष्मण शेष
अध्यक्ष, नेपाल संगीतकार संघ

**स्रष्टाहरूमाथि पटक-पटक गीत चोरीको आरोप लाग्छ किन ?**

वास्तवमा स्रष्टाहरू आफैं चोरीमा संलग्न हुँदैनन्। तथाकथित व्यवसायीहरूले विभिन्न पोर्टलमार्फत कुनै लगानीबिना नै आर्जन गरिरहेका हुन्छन्। अर्कातर्फ स्रष्टाहरू सिर्जना गर्छन् अनि आफ्नै सिर्जना सुनेर मख्ख पर्छन् तर, त्यसबाट अर्कैले करोडौं रुपैयाँ कमाइरहेको हुन्छ। यसरी कलाकारहरूको सिर्जनाबाट लगानीबिना कमाउन पल्किएकाहरूले चाहिं लाभ लिइरहेका छन्। जहाँसम्म केही सिर्जना मिल्ने-मिलाउने कुरा छ यो चाहिं केही लोभी तथा आफूमा क्षमता नभएकाहरूको अनुचित लाभ लिने प्रयास हो।

**गीत चोरीमा मुख्य भूमिका गीतकारको हुन्छ कि संगीतकारको ?**

दुवैको बराबर भूमिका हुन्छ। प्रतिलिपि अधिकार ऐन-२०५९ मा गीतकार तथा संगीतकार दुवैलाई रचयिता अर्थात मूल स्रष्टा भनिएको छ, जसलाई सिर्जनाको जननी पनि भनिन्छ। **गीत चोरीकै आरोपमा चलचित्र 'क्' का निर्माता थुनामा परे।**

**यसरी निर्मातालाई थुनेर वा क्षतिपूर्ति तिराएर यो समस्या समाधान होला ?**

सिर्जना भनेको भौतिक सम्पत्तिसरह हो, जुन स्रष्टाको मौलिक अधिकार हो। त्यसैले स्रष्टाहरूले आफ्नो सिर्जना चोरी हुने, नक्कल हुने कुरामा अलिकति सचेत भएर कानुनी सहायता लिने हो भने धेरै मानिस जेल जान्छन् र धेरैले ठूलो क्षतिपूर्ति तिर्नुपर्ने हुन्छ। जसले गर्दा सबैले सचेत हुनुपर्ने अवस्था आएको छ। अर्को कुरा यहाँ निर्माताको कुरा आएको छ। चलचित्र बनाउन लागेका निर्माताले पनि गीत-संगीतका बारेमा ज्ञान राख्नुपर्छ। होइन भने क्षमता भएका संगीतकारहरूलाई लिनुपऱ्यो अन्यथा यस्तै समस्या भोग्नुपर्छ।

**यसलाई रोक्न संगीतकार संघले कस्तो पहल गर्दैछ ?**

संगीतकार संघ एउटा सामाजिक संस्था हो। यो एकदमै साधना गरेका हस्ती संगीतकारहरूको संगठन हो। यसको काम संगीतकारहरूको अधिकारको रक्षा, संगीतकारहरूको कल्याण, व्यवस्थापन एवं अन्तर ष्ट्रियस्तरमा उनीहरूको व्यक्तित्व विकास गर्ने आदि हुन्। त्यस्तै हामी प्रतिलिपी अधिकार र बौद्धिक सम्पत्तिमाथि संगीतकारहरूको जुन अधिकार छ त्यसमा राज्य तथा सम्बन्धित स्टेक होल्डरहरूको ध्यानाकर्षण पनि गराउँछौं।

**गीत चोरी रोक्न के गर्नुपर्ला ?**

गीत चोरी हुनु र घरको ताला फोर्नु उस्तै-उस्तै हो। स्रष्टाहरू नै इमान्दार भएर बौद्धिक सम्पत्तिको रक्षा गर्न लागिपर्ने हो भने यो समस्या आफैं समाधान भएर जान्छ।

म्यूजिक डायरी

### रोटरी नाइटको तयारी


रोटरी क्लब अफ भैरहवाको आयोजनामा रोटरी नाइट-२०७५ शीर्षकको सांगीतिक कार्यक्रम हुने भएको छ। आयोजक संस्थाले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख भएअनुसार उक्त कार्यक्रम बलिउड गायिका अंकिता कपुर मुख्य आकर्षक रहनेछिन्। कार्यक्रममा गायक विश्व नेपाली तथा गायिका आस्था राउतले पनि आफ्ना गीतमार्फत मनोरञ्जन प्रदान गर्नेछन्। नयाँ वर्षको पूर्वसन्ध्यामा स्थानीय होटल निर्माणमा सञ्चालन हुने यो कार्यक्रममा सपना राना तथा अञ्जली अधिकारीले नृत्य प्रस्तुत गर्ने बताइएको छ।

### यातायातबाट रोयल्टि

यातायात व्यवस्था विभागले जारी गरेको व्यवस्थापन कार्यविधि निर्देशिकामा सार्वजनिक यातायातले गीत संगीत बजाए वापतको रोयल्टी नतिरेसम्म रुट इजाजत नदिने तथा गाडीको नवीकरण नहुने प्रावधान सार्वजनिक गरेको छ। सार्वजनिक सवारी साधनले संगीत रोयल्टी संकलन समाजबाट रोयल्टी तिरेको प्रमाणपत्र उपलब्ध नगराएसम्म गाडीको इजाजतपत्र नवीकरण हुनेछैन। प्रतिलिपि अधिकार २०५९ ले नै जुन सार्वजनिक ठाउँ अथवा गाडीमा गीत बजाइन्छ, त्यसले गीत संगीत बजाएवापत रोयल्टी तिर्नुपर्ने व्यवस्था गरेको थियो, यद्यपि अहिलेसम्म त्यसको कार्यान्वयन भने हुन सकेको थिएन।

### संघलाई सहयोग

गीतकार तथा कवि अमरसिंह राई (अमर बान्तु) ले गीतकार संघ नेपालको अक्षयकोष स्थापनार्थ १५ लाख रुपैयाँ प्रदान गरेका छन्। आफूले प्रदान गरेको रकमबाट स्रष्टाहरूलाई गीत लेखनमा प्रोत्साहन मिल्ने बान्तुको भनाइ छ। बान्तुले अघिल्लो सातामात्र 'परिभाषाका राटाहरू' शीर्षकको पुस्तक तथा 'अमर भावना' शीर्षकको गीति एल्बम सार्वजनिक गरेका थिए।



### सिर्जनाको माया

गायिका सिर्जना कार्कीले आफ्नै स्वर तथा संगीतको नयाँ पप गीत 'माया...' को म्युजिक भिडियो सार्वजनिक गरेकी छिन्। गायिका कार्की तथा अर्पण कार्कीको शब्दको उक्त भिडियोलाई टेकेन्द्र शाहले निर्देशन गरेका हुन्। भिडियोमा गायिका कार्कीलाई नै फिचर गरिएको छ।

### लन्डनमा प्रतियोगिता

अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज (इनास) यूकेले इनास युरोपको सहकार्यमा आगामी अप्रिल २२ का दिन लन्डनमा छैटौं इनास युरोप महादेश स्तरीय एकल नृत्य तथा तेस्रो गायनप्रतियोगिता सञ्चालन गर्ने भएको छ। प्रतियोगितामा नेदरल्यान्ड, पोल्यान्ड, डेनमार्क, फिनल्यान्ड, स्वीट्जरल्यान्ड, जर्मनी, बेल्जियम, इटाली, स्पेन तथा बेलायत गरी १० युरोपेली देशका कुल ४८ प्रतियोगीले प्रतिस्पर्धा गर्दैछन्। लन्डन अडिसनबाट छानिएका तीन-तीन जनाले बेलायतको प्रतिनिधित्व गर्नेछन् भने अन्य देशका दुई-दुई जना प्रतिस्पर्धामा उत्रनेछन्।

### विजयलाई उपाधि

रेडियो नेपालको ६८ औं वार्षिकोत्सवका अवसरमा आयोजित राष्ट्रव्यापी खुला आधुनिक संगीत प्रतियोगिता-२०७४ मा गायनतर्फको उपाधि कास्की लाहाचोकका सिडी विजय अधिकारीले जितेका छन्। प्रतियोगितामा योगेन्द्र उपाध्याय द्वितीय तथा मेलिना फ्याँल तृतीय भए भने उत्कृष्ट गीतकारको उपाधि पद्मा लिंखामगर तथा उत्कृष्ट संगीतकारको उपाधि सन्तोष श्रेष्ठले जिते।

### रहेनन् वैध

सितारवादक विजय वैद्यको ६२ वर्षको उमेरमा निधन भएको छ। निमोनियाँबाट ग्रसित वैद्यको महाराजगन्जस्थित शिक्षण अस्पतालमा उपचारका क्रममा निधन भएको हो। अन्तर्राष्ट्रियस्तरमा ख्यातिप्राप्त सांगीतिक समूह 'सुरसुधा' का संस्थापक सितारवादक वैद्यले सुरसुधा छोडेपछि विजय वैद्य एन्ड फ्रेन्ड्स नाममा नयाँ समूह स्थापना गरेका थिए। वैद्यले रक स्टार म्युजिक अफ पिस, च्यान्ट अफ हिमालय आदि एल्बम निकालेर आफ्नो सांगीतिक यात्रालाई निरन्तरता दिएका थिए। उनको परिवारमा आमा, श्रीमती तथा एक छोरा छन्।



**अन्तिम श्रद्धाञ्जली :** वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठकी दिवंगत श्रीमती यशोदा श्रेष्ठ सुवेदीलाई पशुपति आर्यघाटमा अन्तिम श्रद्धाञ्जली अर्पण गर्दै कलाकार वसुन्धरा भुसाल लगायत ।

## फिल्मी डायरी

### अर्को साता दुई

नयाँ वर्षको पूर्व सन्ध्या अर्थात चैत ३० गते शुक्रवार दुई नयाँ नेपाली चलचित्रहरु प्रदर्शन हुने भएका छन् । उक्त दिन मिलन चाम्सको लिलिबिली तथा रोहित रुम्बाको नेप्टे प्रदर्शन हुने छन् । लिलिबिलीमा प्रदीप खड्का, प्रियंका कार्की, जसिता गुरुङ, अनुपविक्रम शाही, सविन श्रेष्ठ आदि कलाकारले अभिनय गरेका छन् । नेप्टेमा भने दयाहाङ राई, रोहित रुम्बा, छल्ठिम गुरुङ, बुद्धि तामाङ, अर्जुन गुरुङ, पूर्णिमा लामा, अरुणा कार्की आदि कलाकारले अभिनय गरेका छन् ।

### ड्रिम गर्लको घोषणा

अभिनेता आकाश श्रेष्ठ तथा अभिनेत्री आश्मा गिरी अभिनित चलचित्र 'ड्रिम गर्ल' असार २९ गतेदेखि देशव्यापी प्रदर्शनमा आउने भएको छ । निर्देशक ऋषिराज आचार्यको यो चलचित्रलाई डिसिएनले वितरण गर्नेछ भने यसमा विल्सन विक्रम राई, सरोज खनाल, अर्जुन श्रेष्ठ, सुरवीर पण्डित आदि कलाकारले अभिनय गरेका छन् । चलचित्र ड्रिम गर्लमा काठमाडौं, मुस्ताङ, राराताल तथा थाइल्यान्डका दृश्यहरू हेर्न पाइनेछ ।

### धमाधम नालापानी

सन् १८१४ मा देहरादुनस्थित नालापानी गढीमा भएको अंग्रेज-नेपाल युद्धमा नेपाली फौजको नेतृत्व गर्ने वीर बलभद्र कुवँरको ऐतिहासिक लडाइँमा आधारित चलचित्र नालापानीको छायांकन जोडतोडका साथ भैरहेको छ । चलचित्र नालापानीमा देव गुरुङ, देशभक्त खनाल, अर्जुनजंग शाही, मनोज शाक्य, विशाल पहारी, विजय बिष्फोट, पुजना प्रधान, ईशान बिजु श्रेष्ठ, हिक्मत थपलिया, जनक बर्तौला, विशाल श्रेष्ठ, गीता अधिकारी, गीता विष्ट आदि कलाकारले अभिनय गर्दै छन् भने यसका निर्देशक रिमेश अधिकारी हुन् ।

### २४ मा लागे अनमोल

अभिनेता अनमोल केसी २४ वर्षमा लागेका छन् । जीवनको २३ औं वसन्त पार गरेका अनमोलले आफ्नो जन्मदिनमा कुनै विशेष कार्यक्रम भने गरेनन् । सन् १९९४ साल मार्च ३० गते बिहान ११:३० बजे ओम नर्सिङहोममा जन्मिएका अनमोल २०१३ मा पहिलो पटक मुख्य अभिनेताका रूपमा सुनील रावलको चलचित्र होस्टेलबाट उदाएका हुन् । अनमोलले उक्त चलचित्रबाहेक जेरी, ड्रिम्स, गाजलु तथा 'क' मा अभिनय गरिसकेका छन् । अनमोल चाँडै आफ्नै बुवाको चलचित्र क्याप्टेनमा देखिँदैछन् भने उक्त चलचित्रपछि उनले कृको सिक्वेल कृ-२ मा काम गर्ने पक्का भएको बताइन्छ ।

### ओलीको भ्रमणमा हमाल र डीसी

आज चैत २३ गते भारत भ्रमणमा निस्कन लागेका प्रधानमन्त्री केपी शर्मा ओलीको भ्रमण टोलीमा अभिनेता राजेश हमाल तथा निर्देशक दिनेश डीसी पनि सहभागी हुनेछन् । भारत भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले बलिउडका चर्चित कलाकारहरुसँग चैत २४ गते डिनर गर्ने कार्यक्रम समेत तय भएको छ ।

### अमेरिकामा चलचित्र महोत्सव

नेपाल-अमेरिका अन्तराष्ट्रिय चलचित्र महोत्सव आगामी मे महिनाको १८ तारिख शुक्रबारका दिन प्रारम्भ हुने भएको छ । मेको १९ र २० तारिखका दिन रेगल सिनेमा, ह्याट्सभिल मेरिल्यान्डमा नेपाली चलचित्रहरू प्रदर्शन हुनेछन् । मे २० तारिख आइतबार हुने समापन समारोहमा भने एवार्ड वितरण गरिने आयोजक संस्था नेपाल-अमेरिका फिल्म सोसाइटीले जनाएको छ । महोत्सवको उद्घाटन तथा समापन भने एएफआई सिल्भर थिएटरमा हुने बताइएको छ । उक्त अवसरमा विश्वभरका नेपालीहरूले तयार पारेका फिचर फिल्म, वृत्तचित्र, छोटा चलचित्र आदि प्रदर्शन हुनेछन् ।

### ज्योतिष हाउगुजीनेस

जी एण्ड जी प्रोडक्सनले 'ज्योतिष हाउगुजीनेस' शीर्षकको छोटो चलचित्र युट्युबमार्फत सार्वजनिक गरेको छ । अनोज गौतम तथा सुजन दाहालले यो चलचित्र निर्माण गरेका हुन् । उनीहरुको समूहले यसअघि 'ल्याङल्याङे देउसी' तथा 'बेरोगारी लभ' जस्ता छोटा चलचित्र निर्माण गरेका थिए । 'ज्योतिष हाउगुजीनेस' मा सुजन दाहाल, बर्षा न्यौपाने, सम्झना आचार्य, सविन चौधरी, केशव रिजाल तथा रविन पोखरेलले अभिनय गरेका छन् ।

## सानो पर्दा

### निर्देशनमा नव



एक दशकअघि नै नेपालकै पहिलो म्युजिक च्यानल 'एम च्यानल' सञ्चालन गरेर चर्चामा आएका सञ्चारकर्मी नव ढुंगेल अहिले सानो पर्दाका लागि विभिन्न सामग्री निर्देशनमा सक्रिय छन् । हामी सँगै...शीर्षकको गीतको म्युजिक भिडियोमा अभिनय गरेर कलाकारिताको यात्रा समेत प्रारम्भ गरेका नवले एक दर्जनभन्दा बढी भिडियोमा अभिनय गरिसकेका छन् । भिडियोमा अभिनय गदा-गर्दै उनी निर्देशनतर्फ आकर्षित भएका हुन् । गायक सुधिर डेजुको चिरेर देखाउन सक्दिन...गीतबाट प्रारम्भ भएको यात्रालाई नवले पछिल्ला पाँच वर्षमा निकै माथि पुऱ्याइसकेका छन् । यो अवधिमा झन्डै ८५ वटा म्युजिक भिडियो निर्देशन गरिसकेका नवले ५० भन्दा बढि टिभिसी (टेलिभिजन विज्ञापन) पनि निर्माण गरेका छन् ।

### विवादमा बुगीउगी

एपी वानबाट प्रसारण प्रारम्भ भएको नृत्यमा आधारित रियालिटी शो 'बुगी-उगी' पहिलो श्रृंखलामै विवादमा परेको छ । गायक, संगीतकार तथा संगीत संयोजक राजन इशानले उक्त कार्यक्रममा आफ्नो लोकप्रिय गीत 'बशमा छैन मेरो मन...' को दुरुपयोग भएको आरोप लगाएका हुन । एपी वानले अघिल्लो बिहिबार प्रारम्भ भएको कार्यक्रमको पहिलो श्रृंखलामै राजनको उक्त गीत उनीसँग अनुमति नै नलिई मञ्जु तिवारीको स्वरमा रेकर्ड गराएर कार्यक्रममा प्रसारण गरेको थियो । उक्त गीतमा बुगीउगीकी प्रतिस्पर्धी सृष्टि महर्जनले नृत्य गरेकी थिइन् ।

### नयाँ अभियानमा धुर्मुस-सुन्तली

सामाजिक कार्यमा सक्रिय सानो पर्दाका लोकप्रिय जोडी सीताराम कट्टेल धुर्मुस तथा कुन्जना घिमिरे सुन्तलीले अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणमा जुट्ने घोषणा गरेका छन् । धुर्मुस-सुन्तली फाउन्डेसनमार्फत स्टेडियम बनाउने अभियान प्रारम्भ गर्दै उनीहरूले त्यसका लागि आफूहरूले संयोजकको भूमिका निर्वाह गर्ने बताएका छन् ।

## ट्रेलर/पोस्टर

### हैरानको पोस्टर

जेठ ४ गतेदेखि प्रदर्शनमा आउने चलचित्र हैरानको पोस्टर सार्वजनिक गरिएको छ । सार्वजनिक पोस्टरमा चलचित्रमा मुख्य कलाकारहरुलाई चित्रण गरिएको छ । चलचित्रमा सरोज खनाल, सत्यराज आचार्य, निर्मल शर्मा, गजित विष्ट, सागर लम्साल (बले), निश्मा घिमिरे, एन्जल राई, शिशिर भण्डारी, आरोही शर्मा आदि कलाकारले अभिनय गरेका छन् ।

### उकाली बन्यो ढुकढुकी

चलचित्र कृले उकालीमा अघिअघि गीतको भिडीयोलाई युट्युववाट हटाउँदै ढुकढुकी शीर्षकको गीत अपलोड गरेको छ । उक्त गीतबाट गायक अल्मोडा राना उप्रेतीले उकालीमा शब्द हटाएर ढुकढुकी बढ्छ मेरो शब्द समावेश गरेका हुन् ।

### ब्ल्याकको गीत

अभिनेता आकाश श्रेष्ठ तथा अभिनेत्री आँचल शर्मा अभिनित चलचित्र ब्ल्याकमा समावेश पलपल हरपल गीत सार्वजनिक भएको छ । मुस्ताङमा छायांकन गरिएको उक्त गीतको कोरियोग्राफी रामजी लामिछानेले गरेका हुन् । सुगम पोखरेलको स्वरको उक्त गीतमा डा.कृष्णहरि बरालको शब्द तथा महेश खड्काको संगीत सुन्न सकिन्छ ।

### बेबी आईलभ यू

चलचित्र बेवी आइलभ यूले प्रदर्शन मिति घोषणा गर्दै फस्टलुक पोस्टर सार्वजनिक गरेको छ । २०७५ को जेठ १८ गते प्रदर्शनमा आउने बेवी आई लभ यूको पोस्टरमा दुईजना कलाकार मात्र देखिन्छन् । सरोज खनाल, पूजा तिवारी, निर्मल शर्मा, राजु कमेडी रेन्बो, रेशम श्रेष्ठ, अप्सन पन्थी, बिमल गिरी तथा किरण के. शर्मा आदिले अभिनय गरेको यो चलचित्रलाई जनक पाण्डेले निर्देशन गरेका हुन् ।

### मनाङे नानीको फस्टलुक्स

वर्ष २०७५ को वैशाख १४ गते प्रदर्शनमा आउने घोषणा गर्दै चलचित्र मनाङ्गे नानीको फस्टलुक पोस्टर सार्वजनिक भएको छ । निर्माण टिमले उक्त चलचित्रको दुईवटा रोमान्टिक पोस्टर रिलिज गरेको हो । पोस्टरमा अभिनेता भीम गुरुङ तथा अभिनेत्री शान्ति गुरुङ रोमान्टिक मुडमा देखिन्छन् । मनाङको आसपास खिचिएको यो चलचित्रको कथा, पटकथा तथा संगीत निर्देशन खुसबहादुर गुरुङको हो ।



### नेप्टेको गीत

अभिनेता दयाहाङ राई अभिनित चलचित्र नेप्टेको आँखा छ चिम्रो गीतको भिडियो सार्वजनिक भएको छ । विशन राई तथा दीपा लामाको स्वरको उक्त गीतमा अभिनेता तथा यो चलचित्रका निर्माता रोहित रुम्बाको शब्द एवं संगीत सुन्न सकिन्छ ।

# यो गर्मीका लागि फेसन ट्रेन्ड

सिर्जना दुवाल श्रेष्ठ






बलिउड र हलिउडका फेसन शैली हाबी हुने हाम्रो फेसन बजारमा युवापुस्ता हलिउड तथा वेस्टर्न लुक्सबाट बढी प्रभावित देखिन्छ। उनीहरू अहिले टिप एन्ड टपभन्दा रफ एन्ड टफ देखिन रुचाइरहेका छन्। यो उमेरमा जस्तो पहिरन लगाउँदा पनि आकर्षक नै देखिन्छ। यद्यपि फेसनको ट्रेन्डलाई फलो गरी ड्रेसअप गर्न यो पुस्तालाई कसैले रोक्न सक्दैन।

अहिलेको युवा पुस्ता स्पोर्टी लुक्समा छ। वाइड लेगिङ हाई वेस्ट पाइन्टसँग क्रप टप, बोल्ड फ्लावर प्रिन्टको ड्रेस, पारदर्शी फेब्रिकमा लेयरिङ ड्रेस, तलदेखि माथिसम्म एउटै कलरको फेब्रिकमा वान पिस, जम्पसुट, हाफ पाइन्ट, क्वाटर पाइन्ट, स्कर्ट, वान पिस, जम सुट, फिटिङ ब्लेजर, क्लाबिन क्लेन्थ ड्रेसेस, कटन ब्लेन्ड टप, लेदर स्कर्ट, स्लिनी बक्सर स्टाइल यस पटकको समर फेसनमा छन्। वेस्टर्न बजारबाट नेपाल भित्रिएका यी डिजाइन वि.सं. २०७५ भरि नै फेसनमा रहनेछन्। युवापुस्ताको कलर च्वाइसमा पनि हलिउड टच बढेको छ। यसपटक पेस्टल कलरहरू हाबी हुनेछन्। पफ सिल्भहरू पनि चलेका छन्। चेक फेब्रिकहरूको लङ स्कर्ट तथा सर्टहरू पनि फेसन बजारमा कायम रहनेछ। त्यस्तै यो वर्ष स्पोर्टी लुक्स फेसनमा छ।

अचेलको युवापुस्ताले मम जिन्स, ब्वाइफ्रेन्ड जिन्स, जगस पाइन्ट, रिप जिन्स बढी रुचाउँछ। ग्रन्ज जिन्सका हाफ पाइन्ट, कटन पेस्टल कलरका हाफ तथा क्वाटर पाइन्ट पनि युवापुस्ताको रोजाइमा छ। युवापुस्ताको पहिरन मात्र होइन, मेकअप एवं स्टाइलमा पनि हलिउडकै नक्कल देखिन्छ। पश्चिमा शैलीको नक्कल गर्नमा अनलाइन तथा फेसन च्यानलहरूको महत्वपूर्ण भूमिका छ। त्यसैलाई हेरेर हुर्किएको युवापुस्ता आफूलाई क्याजुअल वेयरमा स्मार्ट एन्ड एक्स्ट्रा देखाउन माहिर छ। वर्तमान युवा समूह केन्डल तथा जीजीको फलो गर्छन्।

अहिले युवाहरूका लागि पोलो टिसर्ट, ब्लेजर, कलरफूल टिसर्ट, सर्ट, टीनेक, फ्लोरल प्रिन्टका टिसर्टहरू भित्रिएका छन्। त्यस्तै स्टेट फिट जिन्स, बुट कट तथा ग्रन्ज पाइन्टहरू फेसनमा छन्। स्काइ ब्लु, डार्क ब्लू, ब्ल्याक तथा क्लासिक लुक्सका लागि लाइट ब्लु, अरेञ्ज, मरुन, लाइट पिंक कलरहरू पनि नेपाल भित्रिएको छ। युवा हुन् वा युवती सबैले अहिले आफूलाई रफ स्टाइलमा रूपान्तरण गर्दै लगेका छन्।

**मोडल : विपश्यना खनाल/मनीष राउत**
**तस्बिर : श्रृति श्रेष्ठ**
**पहिरन : बबलगम तथा म्यागनेट गाबहाल, ललितपुर**









चलचित्र

# तिमीसँग



**निर्देशक** : शिशिर राणा
**कलाकार** : साम्राज्ञी राज्यलक्ष्मी शाह, आकाश श्रेष्ठ, नाजिर हुसेन ।
**संगित** : राहुल मुखर्जी, दीपक पाठक, रिदम कँडेल ।

चलचित्र 'तिमीसँग' आज शुक्रबारदेखि अल नेपाल रिलिज हुँदैछ । साम्राज्ञी राज्यलक्ष्मी शाह अभिनीत यो चलचित्र पूर्ण प्रेमकथामा आधारित रहेको यसअघि सार्वजनिक ट्रेलर, गीत तथा पोस्टरबाट सहजै अनुमान लगाउन सकिन्छ । यो चलचित्रमा साम्राज्ञीसँगै नाजिर हुसेन र आकाश श्रेष्ठको पनि महत्वपूर्ण भूमिका छ । काठमाडौं, पोखरा, घान्द्रुक, अन्नपूर्ण बेस क्याम्पजस्ता लोकेसनमा खिचिएकाले पनि चलचित्रका दृश्यहरू आकर्षक हुने कुरामा दुईमत छैन । चलचित्र तिमीसँग मौलिक कथामा बनेको निर्देशक, निर्माता तथा लेखक राणाले बताएका छन् । यसअघि चलचित्रका दुईवटा गीत तथा टिजर सार्वजनिक भैसकेका छन् । गीतले पनि निकै चर्चा बटुलेका कारण यो चलचित्रबाट राम्रो बिजनेसको आशा गरिएको छ ।

# हिरोज



**निर्देशक** : एनबी महर्जन
**कलाकार** : करिश्मा मानन्धर, मुकेश ढकाल, पूर्णिमा लामा ।
**संगीत** : टंक बुढाथोकी ।

अभिनेत्री पूर्णिमा लामाले निर्माण गरेको चलचित्र 'हिरोज' आज शुक्रबार सार्वजनिक प्रदर्शनमा आउँदैछ । एनबी महर्जनद्वारा निर्देशित चलचित्र हिरोजले बेरोजगारीको पीडा, महिला हिंसा, राजनीतिक विकृति, अन्यायविरुद्धको आवाजका साथै प्रेमकथा प्रस्तुत गर्ने चलचित्र निर्माण पक्षको भनाइ छ । यो चलचित्रमा करिश्मा मानन्धर, जयकिसन बस्नेत, पूर्णिमा लामा, मुकेश ढकाल, संजोग राणा, दिलकृष्ण श्रेष्ठ, सहिन प्रजापति, दिनेश डिसी आदि कलाकारले अभिनय गरेका छन् । जयलक्ष्मी फिल्म्सको ब्यानरमा निर्मित चलचित्र हिरोजकी प्रस्तुतकर्ता लक्ष्मी लामा हुन् भने निर्माता युवराज लामा, शेखर लामा तथा संजोग राणा । शिव ढकाल तथा रामशरण उप्रेतीले खिचेको यो चलचित्रमा कमल राई, कविराज गहतराज तथा रामजी लामिछानेको कोरियोग्राफी तथा शंकर महर्जनको द्वन्द्व हेर्न पाइनेछ । चलचित्र हिरोजको वितरण श्रीराम बालाजी फिल्म्सका सुनील मानन्धरले गर्दैछन् भने यसका केही गीत तथा पोस्टर यसअघि नै सार्वजनिक भैसकेका छन् ।

रंगमञ्च

# एकल नाटक महोत्सव

गत साता एक दर्जन देशका तीन दर्जन रंगकर्मी राजधानीमा भेला भए । सर्वनामले सोमबारदेखि बिहीबारसम्म सञ्चालन गरेको अन्तर्राष्ट्रिय 'एकल नाटक महोत्सव' मा विभिन्न देशका कलाकारहरूले आ-आफ्नो नाटक प्रदर्शन गरेका थिए । महोत्सवमा नेपालसहित बेलायत, फ्रान्स, भारत, बंगलादेश, चीन, जर्मनी, फिलिपिन्स, स्कटल्यान्ड, नेदरल्यान्ड आदि देशका कलाकारहरू नाटक प्रस्तुतिसँगै रंगमञ्चसम्बन्धी अन्तरक्रिया तथा कार्यशालामा सहभागी भए । सर्वनामका निर्देशक अशेष मल्लले महोत्सवमा नेपाली रंगकर्मीहरूले विश्वकै प्रख्यात निर्देशकहरूबाट तालिम समेत पाएको जानकारी दिए । चारदिने उक्त महोत्सवमा झन्डै एक दर्जन नाटक मञ्चन भएका थिए ।

# सर्वनाममा 'कलायान'



सर्वनाम थिएटरमा 'कलायन' चित्रकला प्रदर्शनी प्रारम्भ भएको छ । यो कार्यक्रमको दोस्रो श्रृंखला हो । सर्वनाम स्थापनाको ३६ औं वार्षिक उत्सवको अवसरमा यो प्रदर्शनीको आयोजना गरिएको हो । कलायानको यो दोस्रो श्रृंखलामा १० जना कलाकारका १९ वटा चित्र प्रदर्शनीमा राखिएका छन् । प्रदर्शनीमा कलाकार प्रमिला परियार, रमेश श्रेष्ठ, ज्योति प्रकाश बिके, नरबहादुर बिके, नरेन्द्रबहादुर श्रेष्ठ, रमेश खनाल, कृष्ण मानन्धर, पुनम कुमारी दास, श्यामसुन्दर यादव तथा दयाराम पाल्पाली सहभागी थिए । कलायानको दोस्रो श्रृंखला एक महिनासम्म चल्ने कलाकार एवं कला समीक्षक रमेश खनालले जानकारी दिएका छन् । मिथिला आर्टदेखि आधुनिक कलासम्म समेटिएको यो प्रदर्शनी जीवन, पीडा, संघर्ष, शान्ति आदि थिममा तयार पारिएका चित्रहरूमा केन्द्रित छ ।




ह्याप्पी विकेन्ड



## डेजाभुमा ल्याटिन नाइट

ल्याटिन डान्स गर्न रुचाउनुहुन्छ ? त्यसो भए आफ्नो जोडी खोजेर तयार हुनुहोस् । आउने आइतबार दरबारमार्गस्थित क्लब डेजाभुमा ल्याटिन नाइटको आयोजना हुँदैछ, जहाँ आफ्नो जोडीसँग नृत्यमा रमाउन पाइनेछ । साल्सा डान्स जस्तै लाग्ने ल्याटिन डान्सका पारखीहरू काठमाडौंमा पनि बढिरहेका छन् ।

**समय :** साँझ ७:३० देखि राति १०:३० सम्म
**प्रबेश :** नि:शुल्क
**आयोजक :** फोर्ट साल्सा स्टुडियो

विक डे कमेडी

## राजा राजेन्द्रको हास्यव्यंग्य साँझ



नेपालमा स्ट्यान्ड-अप कमेडीको क्रेज बढ्दो छ, तै पनि कुनै हास्यकलाकारले स्ट्यान्ड-अप कमेडीलाई नै एकल कार्यक्रमको स्वरूप दिने चेष्टा गरेका छैनन् । युवापुस्तामाझ बेग्लै छवि बनाएका राजा राजेन्द्र पोखरेल यतिबेला एकल स्ट्यान्ड अप कमेडीको तयारीमा छन्, जुन काठमाडौंमा आगामी सोमबार सञ्चालन हुनेछ । रेडियो अडियोका यी कार्यक्रम प्रस्तोताले यसअघि विभिन्न सांस्कृतिक कार्यक्रम, मेला तथा महोत्सवहरूमा सहभागी भएर दर्शकहरूलाई हँसाउँदै आएका छन् । अहिले राजा राजेन्द्र हास्यव्यंग्य साँझ शीर्षकको एकल कार्यक्रम प्रस्तुत गर्ने अन्तिम तयारी गर्दैछन् । राष्ट्रिय लोकसांस्कृतिक संघले आयोजना गर्ने उक्त कार्यक्रमलाई रेडियो अडियोले प्रस्तुत गर्न लागेको राजा राजेन्द्र बताउँछन् ।

विकेन्ड नाइट

## आइक्लबमा डिजे जुबी

आज दरबारमार्गस्थित आइक्लबको डिस्कोथेकमा भारतीय कलाकार डिजे जुबीले आफ्नो प्रस्तुति दिँदैछिन् । जुबी भर्सटाइल कलाकार हुन् । उनी दर्शकहरूको ठूलो भीडलाई समेत आफ्नो पकडमा राख्न पोख्त छिन् । देश तथा विदेशका थुप्रै ठाउँमा प्रस्तुति दिइसकेकी जुबी हिपहप, रेट्रो, बलिउडजस्ता विधामा पारंगत छिन् ।


**कलाकार :** डिजे जुबी, डिजे रे, डिजे रितेश तथा डिजे च्यांगा
**आयोजक :** आइक्लब तथा एस एन्ड आर ब्वायज
**समय :** राति ८ बजे
**प्रवेश शुल्क :** १ हजार तथा १ हजार ५ सय



विकेन्ड कन्सर्ट

## जावलाखेलमा कन्सर्ट


भोलि शनिबार जावलाखेलमा विदेशी कलाकारहरूसँगै नेपाली कलाकारहरूले समेत प्रस्तुति दिँदैछन् । हिपहप संसारभर लोकप्रिय विधाका रूपमा परिचित छ भने नेपालमा पनि हिपहपका पारखीहरु बढिरहेका छन् । ४ महादेशका १३ भन्दा बढी देशमा आफ्नो प्रस्तुति दिइसकेकी हिपहप अभियन्ता महागानी जोन्स यो कार्यक्रममार्फत पहिलो पटक नेपालमा प्रस्तुत हुन् लागेकी हुन् ।



**स्थान :** जावलाखेल फुटबल मैदान
**कलाकारहरू :** महागानी जोन्स, लाहुरे, स्वप्न सुमन, सन्ध्या जोशी, कार्टुन्ज क्रु, नेपाल हिपहप फाउन्डेसन
**प्रवेश :** नि:शुल्क

रिसोर्ट

## पानोरमा रिसोर्ट@रानीकोट



काठमाडौंबाट झन्डै २० किलोमिटरको दूरीमा पर्छ– रानीकोट । भक्तपुरको सूर्यविनायक नगरपालिकाको सिपाडोल र काभ्रेको न्यालेको दोसाँधमा पर्ने रानीकोटबाट कञ्चनजंघा, मकालु, सगरमाथा, चोयु, सिसापाङमा, मनास्लु, अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरि तथा लाङटाङजस्ता ८ हजार मिटरभन्दा अग्ला ८ वटा हिमाल हेर्न सकिन्छ । रानीकोटको शिरमा छ, पानोरमा रिसोर्ट । रिसोर्टमा स्थानीय कुखुरा तथा खसीको मासु चाख्न पाइन्छ । समूह वा प्याकेजमा आउनेलाई विशेष छुटको व्यवस्था भएको रिसोर्टका सञ्चालक पीपी थुलुङले बताए ।

अहिले यो रिसोर्टमा सुविधासम्पन्न १२ वटा टेन्ट तथा दुईवटा आकर्षक कोठा उपलब्ध छन् ।

**कसरी पुग्ने ?**

निजी सवारी साधन छ भने सूर्यविनायकबाट सिधै यो रिसोर्ट पुग्न सकिन्छ । यो रिसोर्टले आफ्ना पाहुनाहरूका लागि गाडीको व्यवस्था पनि गरिदिन्छ ।

**क्षमता :** एक पटकमा ६० जना
**खर्च :** एक रातको बास, डिनर तथा ब्रेकफास्टको १ हजार ८ सय रुपैयाँ प्रतिव्यक्ति

लाइभ

## फरहान अख्तर इन नेपाल



फरहान अख्तर भारतीय गायक, गीतकार, नायक, चलचित्र निर्देशक तथा पटकथा लेखक हुन् । सहायक निर्देशकका रूपमा बलिउड प्रवेश गरेका अख्तरले चलचित्र दिल चाहता हैको निर्देशन गरेका थिए । जिन्दगी ना मिलेगा दोबाराजस्ता चर्चित चलचित्रका अभिनेता फरहान भोलि शनिबार नेपालमा प्रस्तुत हुँदैछन् ।

**स्थान :** हयात रिजेन्सी होटल, बौद्ध, काठमाडौं
**समय :** ३ बजे
**प्रवेश शुल्क :** गोल्ड २ हजार, प्लाटिनम ४ हजार रुपैयाँ


ROYAL CHALLENGE
PRESENTS
ORGANISED BY
NAZZY ENTERTAINMENTS
FARHAN AKHTAR LIVE IN NEPAL
CO-SPONSOR
TUBORG
IN ASSOCIATION WITH
AECC GLOBAL
STUDY ABROAD | VISAS | TUTORIALS
CANVAS TALENT
MEDIA PARTNER
kathmandupost
POWERED BY
Red Bull
VENUE PARTNER
HYATT REGENCY KATHMANDU
PROMOTION PARTNER
Dance-mandu Music Festival
DATE: 7TH APRIL (24TH CHAITRA)
VENUE: HYATT REGENCY KATHMANDU
TIME: 3:00 PM ONWARDS
PRESALE TICKETS: GOLD: Rs.2000/- PLATINUM: Rs.4000/-
OPENING ACT: 11:11 NST
CONTACT: 9823494951, 9823494954
TICKET OUTLETS
QFX CINEMAS ( JAY NEPAL, CIVIL MALL, LABIM MALL )
BHATBHATENI ( BOUDHA, NAXAL )
KATHMANDU CITY ( DURBARMARG, MAHARAJGUNJ )
MONUMENTAL PARADISE GUEST HOUSE ( JHOCHHEN )
HYATT REGENCY ( BOUDHA )
OPPO SHOWROOM ( NEW ROAD )
TWO WHEELS ( SORAKHUTTE )
BIKERS NEPAL ( LAZIMPAT )
BIKERS MART ( TEKU )

सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक





एलिना खड्का





**आगामी साता** देशले नयाँ मिस नेपाल पाउँदैछ । सिंधुवा, धनकुटाकी १८ वर्षीया एलिना खड्का भने दुई वर्षपछिको मिस नेपालमा प्रतिस्पर्धा गर्न अहिलेदेखि नै तयारी गरिरहेकी छिन् । त्यसो त उनले यसअघि नै सौन्दर्य प्रतियोगिताको अनुभव बटुलिसकेकी छिन् । चार वर्षअघि काठमाडौं जेसिजले आयोजना गरेको मिस टिन-२०१४ मा सहभागिता जनाइसकेकी एलिनाले सन् २०२० को मिस नेपालमा सहभागिता जनाउने लक्ष्य लिएकी छिन् ।

सोसल वर्कमा स्नातक अध्ययनरत एलिनाले भविष्यमा सफल सामाजिक अभियन्ता बन्ने लक्ष्य लिएकी छिन् । ५ फिट ५ इन्च अग्ली एलिना पछिल्ला चार वर्षदेखि काठमाडौंमा छिन् । यसक्रममा उनले पार्ट टाइम मोडलका रूपमा काम थालिसकेकी छिन् । अध्ययनका क्रममा एउटा सामाजिक संस्थामा स्वयंसेवीका रूपमा कार्यरत एलिनाले अघिल्लो वर्षको फेसन रनवेमार्फत मोडलिङमा पदार्पण गरेकी थिइन् । त्यसपछि उनले एक दर्जनभन्दा बढी फेसन शोमा क्याटवाक गरिसकेकी छिन् । अभिनयमा भने उनलाई खासै रूचि छैन । यद्यपि स्नातक उत्तीर्ण भएपछि चलचित्रमा आउन सक्ने कुरालाई भने उनी अस्वीकार गर्दिनन् । फुर्सदमा नृत्य गर्न तथा उपन्यास पढ्न रूचाउने एलिना आफू क्याजुअल वेयरमा सुन्दर देखिने कुरा बताउँछिन् ।

कृष्ण भट्टराई

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्बिर : महेश प्रधान

मेकअप : भावना राणा, माइ फेयर लेडी, धोबीघाट, ललितपुर

पहिरन : पिन्च, ललिब मल, पुल्चोक

लोकेशन : युटोपिया रेस्टुराँ, भनिमण्डल, एकान्तकुना



# करिश्माको नयाँ प्रस्ताव

अभिनेत्री करिश्मा मानन्धरले प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष एउटा रमाइलो प्रस्ताव राखेकी छिन् । यही शनिबार प्रधानमन्त्री ओलीले चलचित्रकर्मीलाई आफ्नो निवास बालुवाटारमा बोलाएर दिवा भोज गराए । त्यसक्रममा ओलीले वैशाखको पहिलो साता आफूले विद्यालय नजाने एउटी बालिकालाई विद्यालयमा भर्ना गराएर 'भर्ना दिवस' मनाउने घोषणा गरे । घोषणा लगत्तै प्रधानमन्त्री ओलीसँग सेल्फी खिच्नेहरूको तँछाड-मँछाड चल्यो । त्यही क्रममा अभिनेत्री मानन्धरले सञ्चारकर्मी दिनेश डिसीमार्फत एउटा रमाइलो प्रस्ताव राखिन् । उनको प्रस्ताव थियो वैशाख ५ गतेको भर्ना अभियानमा आफूलाई ब्रान्ड एम्बेसडर बनाउने । करिश्माको प्रस्ताव सुनेर प्रधानमन्त्री टक्क अडिए र भने- 'तपाईं मलाई मनपर्ने अभिनेत्री हो ।' करिश्माले अघिल्लो वर्षदेखि आफू कक्षा ८ मा भर्ना भएर विद्यालय जान थालेको कुरा पनि सुनाइन् । उनको कुरा सुनेपछि भावुक भएका प्रधानमन्त्रीले आश्वासन दिए-'म त्यो दिन तराईको कुनै जिल्ला पुगेर एउटी अबोध बालिकालाई विद्यालयमा भर्ना गराउँछु, त्यही दिन काठमाडौं फर्कन पाइयो भने तपाईंसँग पनि मिलेर अघि बढौंला ।'



तस्बिर : मेरोफिल्मडटकम

# स्वस्तिमाका हिरो

अभिनेत्री स्वस्तिमा खड्काले विकास आचार्यको चलचित्र नाइँ नभन्नु ल-५ का लागि नवअभिनेतासँग अनस्क्रिन सेयर गर्ने भएकी छिन् । ती नयाँ अभिनेता हुन्– अभिषेक नेपाल । छायांकन प्रारम्भ भैसकेको उक्त चलचित्रमार्फत पदार्पण गर्न लागेका अभिषेक कान्तिपुर फिल्म एकेडेमीका उत्पादन हुन् । उनी अभिनयको विद्यार्थी छँदै निर्देशक आचार्यको नजरमा पर्न सफल भएका थिए । आकर्षक व्यक्तित्व तथा अभिनयमा प्रसस्त सम्भावना भएकै कारण अभिषेक आचार्यको यो चलचित्रमा अनुबन्धित भएका हुन् । आफ्ना हरेक चलचित्रमार्फत एक-एक जना नयाँ कलाकार जन्माउँदै आएका निर्देशक आचार्यले नाइँ नभन्नु ल-५ बाट अभिषेकसहित सेड्रिना शर्माका रूपमा अर्को नयाँ अनुहारलाई समेत डेब्यु गराउँदैछन् । सेड्रिनाले भने अनुभव रेग्मीको जोडीका रूपमा अभिनय गर्नेछन् ।

## तथ्य र रहस्य

# प्रदीप खड्का

## अभिनेता

**जन्म मिति** : १० मार्च १९९२
**जन्मस्थान** : कुसुन्ती, ललितपुर
**बुवा** : टेकबहादुर खड्का
**आमा** : शारदा खड्का
**उचाइ** : ५ फिट ८ इन्च
**शिक्षा** : एमबीए
**पहिलो चलचित्र** : स्केप
**पहिलो हिट** : प्रेमगीत
**पहिलो एवार्ड** : लजि फिल्म एवार्ड (सन् २०१६)
**मनपर्ने पहिरन** : जिन्स तथा टिसर्ट
**हेयरस्टाइल** : चलचित्रको कथाअनुसार
**खानपिन** : शुद्ध शाकाहारी
**पेय पदार्थ** : सफ्ट डिङ्क्स
**फिट रहन** : नियमित जिम
**युवतीहरूको मनपर्ने अंग** : आँखा
**ब्रान्ड एम्बेसडर**: नोभेम्बर
**जुत्ता** : स्पोर्ट्स सुज




# सेलिब्रेटी एडिटर



साहिल खानलाई पहिलो पटक भेट्दा जो-कोहिलाई लाग्न सक्छ, उनी चलचित्रका अभिनेता हुन् । बलिउड अभिनेता सलमान खानका भाइसंग नाम ठ्याक्कै मिलेकाले मात्र होइन, आकर्षक व्यक्तित्वका कारण पनि उनलाई धेरैले अभिनेता नै मान्छन् । रमाइलो कुरा के छ भने उनी चलचित्रकै एउटा विधामा सक्रिय छन् । पोस्ट प्रोडक्सनमा रहेको चलचित्र 'लभ डायरिज' मा सहायक निर्देशका रूपमा काम गरिसकेका साहिल नेपाली चलचित्रका अनुभवी सम्पादक (भिजुअल एडिटर) हुन् । काठमाडौंस्थित एरेना मल्टिमिडियाबाट एक दशकअघि नै एडिटिङ तथा ग्राफिक्स कोर्स सकेका साहिलले हालसम्म चार दर्जनभन्दा बढी चलचित्रमा सम्पादकका रूपमा काम गरिसकेका छन् । चलचित्र प्रदर्शन हुनुअघि त्यसको ट्रेलर सार्वजनिक गर्ने चलन छ । साहिल नेपाली चलचित्र क्षेत्रमै उत्कृष्ट ट्रेलर बनाउने एडिटरका रूपमा समेत सुपरिचित छन् । हालसम्म उनले दुई सयभन्दा बढि चलचित्रका ट्रेलर बनाइसकेका छन् । अहिले लम्फू, लभ डायरीज, भिलेन, होलिडे आदि चलचित्रमा व्यस्त यी एडिटरले उत्कृष्ट सम्पादन गरेकै कारण आधा दर्जनभन्दा बढी चलचित्र एवार्ड जितेका छन् ।

# विवाह गरेको छैन

अभिनेता सविन श्रेष्ठ तथा अभिनेत्री अनु शाह लामो समयदेखि प्रेममा रहेको कुरा यसअघि नै सार्वजनिक भैसकेको छ । बीचमा ब्रेकअप भए पनि पुनः एक-अर्कासँग नजिकिएको यो जोडीले अघिल्लो साता विवाह नै गरेको चर्चा चल्यो । सविन तथा अनुले कोर्ट म्यारिज गरेको विषयले चलचित्रवृत्त तरंगित समेत भयो । यद्यपि आफ्नो प्रेम सम्बन्धलाई विवाहको रूप दिनु अस्वभाविक पनि थिएन । यता आफ्नो विवाहको चर्चा चल्न थालेपछि सविनले भने उक्त कुराको खण्डन गरे । उनको भनाइ छ- 'विवाहको हल्ला कसरी चल्यो थाहा छैन, के हामी दुई जना सँगै अदालत जाँदैमा विवाह हुन्छ र ?' सविनका अनुसार एक जना व्यक्तिले धम्की दिँदै गालीगलौज गरेपछि उनी अनुसँगै अदालत पुगेका हुन् । श्रेष्ठ भन्छन्- 'हामी अदालत गएको सही हो, तर विवाह गरेको कुरा गलत हो ।' सविन आफू अनुसँग नजिक भएको कुरा भने अस्वीकार गर्दैनन् । उनले अनुलाई दुलही बनाउने समयको टुंगो लाग्न बाँकी रहेको समेत बताएका छन् ।





# नाच्न जान्ने दयाहाङ

नाच्न नजान्ने आँगन टेढो भन्ने उखानलाई नेपाली चलचित्रका अभिनेताहरूमा लागू गर्ने हो भने दयाहाङ राईले सयमा सय अंक प्राप्त गर्न सक्छन् । किनभने उनलाई नाच्न आउँदैन । दया स्वयं पनि यो कुरा सहजै स्वीकार गर्छन् । 'कुनै गीतमा नाच्नुपर्ने भयो भने मलाई तीन दिन अघिदेखि ज्वरो आउँछ, दयाहाङले आफू नृत्यमा कमजोर रहेको बताउँदै भनिरहने कुरा हो यो । ज्यान अलि मोटो भएका कारण पनि उनी नृत्यमा त्यति खुल्न सक्दैनन् । यद्यपि दयाहाङले आफ्नो नृत्यमा केही सुधार ल्याएका छन् । चलचित्र कान्छीको 'चरी चट्ट परी' गीतमा उनले राम्रै नृत्य गरेका थिए । भर्खरै सार्वजनिक भएको चलचित्र भैरेको सनम माया लाको गीतमा त उनी अझ खुलेका छन् । उक्त गीतमा दयाले अभिनेत्री सुरक्षा पन्तसंग कम्मर मर्काएका छन् । उक्त गीत सार्वजनिक गर्ने समारोहमा समेत दयाले नृत्य आफ्नो कमजोरी भएको बताए । 'दुई दिनमा सकिने गीतको छायांकन मेरै कारणले चार दिन चल्यो, उनको भनाइ थियो- 'गीतमा नाच्ने भनेपछि त्यसै-त्यसै गाह्रो भएर आउँछ ।' यद्यपि अभिनेत्री सुरक्षा पन्तले भने दयाहाङको नृत्य कौशलको प्रसंसा गर्दै छायांकनका क्रममा कतिपय स्टेप दयाले नै सिकाएको बताएकी छिन् । भनेपछि नाच्न नजान्ने दयाहाङले नृत्यमा राम्रै मेहनत गरिरहेका छन् ।

व्यक्ति एक टिप्पणी अनेक

# चकचके छिन् साम्राज्ञी



छोटो समयमै थोरै चलचित्रमा अभिनय गरेर स्थापित भएकी कलाकार हुन्– साम्राज्ञी राज्य लक्ष्मी शाह । ड्रिम्स तथा ए मेरो हजुर-२ जस्ता सफल चलचित्रकी यी अभिनेत्रीको व्यक्तित्व मात्र आकर्षक छैन, अभिनय पनि उत्तिकै परफेक्ट छ । अग्लो कदकी साम्राज्ञी नृत्यमा समेत पारंगत छिन् । इन्टु मिन्टु लन्डनमा तथा कायराको छायांकनबाट भर्खरै फुर्सद पाएकी साम्राज्ञी यतिबेला प्रदर्शनको तयारीमा रहेको चलचित्र 'तिमीसँग' को प्रमोसनमा व्यस्त छिन् । साम्राज्ञीका बारेमा उनीसँग नजिक केही सहकर्मीको टिप्पणी :

### तेन्जिङ शेर्पा अभिनेता/इभेन्ट मेनेजर

हलिउडका चलचित्रलाई समेत सुहाउने व्यक्तित्व हुन्– साम्राज्ञी । अभिनय पनि औसतभन्दा अलि माथि नै छ । संवाद बोल्दा नेपाली भाषालाई पनि अंग्रेजी टोन दिने प्रयास गरेको चाहिँ सुहाउँदो देखिएन ।

### किशोर घिमिरे, गीतकार

मैले साम्राज्ञीका कुनै पनि चलचित्र हेरेको छैन । यद्यपि सार्वजनिक समारोहहरूमा मैले उनलाई नजिकबाट नियालेको छु । उनी आफ्नो व्यक्तित्वबाट नै निकै क्षमतावान् कलाकार हुन् जस्ती देखिन्छिन् । साम्राज्ञी आगामी वर्षहरूमा अझ धेरै माथि आउन सक्ने सम्भावना बोकेकी अभिनेत्री हुन् भन्दा फरक पर्दैन ।

### अनमोल केसी, अभिनेता

साम्राज्ञी हार्ड वर्किङ गर्ल हुन् । उनी काममा शतप्रतिशत दिन सक्छिन् । साम्राज्ञी जसरी अहिले लाइमलाइटमा छिन्, उनले हत्तपत्त पछाडि फर्केर हेर्नुपर्छ जस्तो लाग्दैन । व्यक्तित्व तथा काम गर्न सक्ने क्षमताकै कारण उनले पछिल्लो पुस्ताका अभिनेत्रीहरूमाझ आफूलाई अग्रपंक्तिमा उभ्याउन सक्छिन् ।

### नाजिर हुसेन, अभिनेता

एउटा असल कलाकारमा हुनुपर्ने सबै गुण साम्राज्ञीमा छन् । यद्यपि उनलाई मैले पर्दामा देख्दा जस्तो व्यक्तित्व भएको अनुमान गरेको थिएँ, वास्तविक जीवनमा अलि फरक पाएँ । वास्तविक जीवनमा उनी चाहिनेभन्दा अलि बढि चकचके छिन् । कसै-कसैले उनलाई घमन्डी पनि भन्दा रहेछन्, मैले त्यसको ठिक विपरीत उनलाई अति नै फ्र्याङ्क पाएँ ।

### शिशिर राणा, निर्देशक


साम्राज्ञी अभिनय गर्नकै लागि जन्मिएकी हुन् । छोटो समयमै उनले आफ्नो अभिनयमा निकै सुधार ल्याइसकेकी छिन् । साम्राज्ञी छायांकन सेटमा मात्र होइन, सार्वजनिक जीवनमा समेत उत्तिकै सहयोगी तथा सहृदयी छिन् ।

### कमल श्रेष्ठ, फोटोग्राफर

साम्राज्ञी पछिल्लो पुस्ताका नायिकाहरुमा सबैभन्दा प्रभावशाली छिन् । उनको अभिनय पनि राम्रो छ । भविष्यमा उनको अभिनय यात्राले उचाइ लिने निश्चित छ ।

● साम्राज्ञी राज्यलक्ष्मी शाह, अभिनेत्री

# बासकोटाको पुनरागमन



संगीत रत्नको उपाधि पाइसकेका शम्भुजित बासकोटा गीत-संगीत सिर्जनामा मात्र सीमित हुँदैनन् । कुशल गायकको समेत छवि बनाइसकेका बासकोटा अब्बल दर्जाका कथाकारसमेत हुन् । यद्यपि पछिल्लो एक दशकयता उनी चलचित्रमा उतिसारो सक्रिय थिएनन् । अहिले आएर उनले पुनः चलचित्र क्षेत्रमा फर्कने निर्णय गरेका छन् । यसपटक उनी कथाकार तथा संगीतकारका रूपमा मात्र नभै, छोरा सौर्यजित बासकोटालाई अघि सार्दै चलचित्र 'चौका दाउ' निर्माण गर्ने घोषणा गरेका छन् ।


## कोशिश गरौं : रोजगारी सम्भव छ !!

४० वर्षको तालीम अनुभव
४०००० प्रशिक्षार्थीलाई तालीम
८०% प्रशिक्षार्थीलाई रोजगारी दिन सफल
CTEVT बाट सम्वन्धन प्राप्त

युसेप नेपाल (UCEP Nepal) द्वारा संचालित
सानो ठिमी प्राविधिक शिक्षालयमा
यहि वैशाख १६ गते देखि संचालन हुने गरी
तह-१ (३९० घण्टा) को निम्न विषयहरुमा भर्ना खुलेको सूचना ।

| क्र.सं. | तालीम |
|---|---|
| १. | लाईट भेहिकल सर्भिस मेकानिक |
| २. | मोटरसाईकल सर्भिस मेकानिक |
| ३. | लेथ सेटर अपरेटर |
| ४. | आर्क वेल्डर/जुनियर वेल्डर TIG / MIG |
| ५. | बुक वाइन्डिङ्ग, मेटल इचिङ एण्ड स्क्रिन प्रिन्ट |
| ६. | जुनियर प्लम्बर |
| ७. | विल्डिङ्ग ईलेक्ट्रिसियन / मोटर रिवाइन्डिङ (हाउस वायरिङ) |
| ८. | मोवाईल फोन रिपेयर टेक्निसियन |
| ९. | टेलरिङ्ग |
| १०. | लाईट भेहिकल ड्राईभिङ्ग ट्रेनिङ्ग |

प्रशिक्षार्थीहरुको आवश्यकता अनुसार सहुलियत दरमा छात्रावासको व्यवस्था गरिएको छ ।

सानो ठिमी प्राविधिक शिक्षालय
(Sano Thimi Technical School)
सानोठिमी, भक्तपुर
फोन नं. : ०१-६६३१२७९, ०१-६६३०३८८
www.ucep.org.np

# फेसन शोमा हीराका गहना





यो साता काठमाडौंमा एउटा पृथक् शैलीको फेसन शो सम्पन्न भयो । फेसन शोमा क्याटवाक गर्ने मोडलहरूले आकर्षक पहिरन त लगाएका थिए नै, यद्यपि उनीहरूको लक्ष्य पहिरन प्रदर्शन गर्नु थिएन । ती सुन्दर मोडलहरूले पहिरनको साटो आकर्षक आभूषण प्रदर्शन गरिरहेका थिए । आरबी डायमण्ड ज्वेलर्सले आयोजना गरेको जेम्स अफ नेपाल शीर्षकको फेसन शोमा सेलिब्रेटी मोडलहरूले हीराका गहनाका पछिल्ला नमूना प्रदर्शन गरे । त्यसक्रममा मिस नेपाल २०१७ का विजेताहरू निकिता चाण्डक, रोजिना श्रेष्ठ, नीति शाह तथा साहारा बस्नेत आकर्षणको केन्द्र बने । सिएनएन हिरो पुष्पा बस्नेत तथा बटरफ्लाई होमलाई सहयोग पुऱ्याउने उद्देश्यले उक्त फेसन शोको आयोजना गरिएको जानकारी डाइमन्ड ज्वेलरीले दिएको छ ।

# मिस नेवा पोखराको उपाधि प्रीतिलाई



**पोखरामा सम्पन्न मिस नेवा पोखरा–११३८ को उपाधि प्रीति बुद्धाचार्यले जितेकी छिन् । नेवा खल कास्कीले आयोजना गरेको यो प्रतियोगितामा प्रियंका श्रेष्ठ फस्ट रनर्सअप तथा जेनिफर श्रेष्ठ सेकेन्ड रनर्सअप घोषित भए । प्रतियोगितामा रोजिना ताम्राकार बेस्ट पर्सनालिटी, सन्ध्या श्रेष्ठ बेस्ट फ्रेन्ड्ली तथा सृष्टि श्रेष्ठ र सचिता ताम्राकार बेस्ट फोटोजेनिक विधामा उत्कृष्ट ठहरिएका थिए ।**

# भोयज अफ स्टाइल चितवन

पोखराको ब्ल्यू रे प्रोडक्सनद्वारा चितवनमा आयोजित पहिलो संस्करणको भोयज अफ स्टाइलमा सागर पराजुली तथा एड्रिना राजभण्डारीले उपाधि जितेका छन् । सागरले अर्गनाइजर च्वाइस र मस्ट सोसियल तथा एड्रिनाले ब्युटी एण्ड ब्रेन एवं मस्ट कन्फिडेन्टको उपाधिसमेत हात पारेका थिए । प्रतियोगितामा अनुज क्षेत्री र कश्मिरा थापा फस्ट रनर्सअप घोषित भए भने प्रोसेस थापा र कृपा नेपालीले सेकेन्ड रनर्सअपमा चित्त बुझाए । यो प्रतियोगितामा ५ जना युवा तथा ६ जना युवती प्रतिस्पर्धामा थिए । फाइनल प्रतियोगितामा अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह तथा नजिर हुसेनसहित चलचित्र तिमीसँगको टिम पनि सहभागी थियो ।




# मिस झापा कलेज आइकन



झापा बिर्तामोडकी उषा उप्रेतीले मिस झापा कलेज आइकन-२०१८ को उपाधि जितेकी छिन् । बिर्तामोडमा बिहीबार सम्पन्न ग्रान्ड फिनालेमा कक्षा ११ मा अध्ययनरत उप्रेतीले १३ जना प्रतियोगीलाई पछि पार्दै उक्त उपाधि हात पारेकी हुन् । त्यस्तै यो प्रतियोगितामा सलिना राजवंशी फस्ट रनर्सअप तथा अनिषा खड्का सेकेन्ड रनर्सअप घोषित भए । प्रतियोगितामा अनिषा तिम्सिना मिस ब्यूटीफूल लुक्स, मनिषा राजवंशी मिस पपुलर, अर्चिता गुरुङ मिस ब्यूटीफूल आइज, तुलसी बर्मन मिस क्याटवाक तथा मिस ब्युटीफूल ड्रेस, प्रज्ञा प्रधान मिस बब्ली, आयुष दाहाल मिस फोटोजेनिक, सन्ध्या बस्नेत मिस ब्यूटी विथ ब्रेन, सरिता मेचे मिस ब्यूटीफूल स्किन, उर्मिला कार्की बेस्ट फिगर, विनिता अधिकारी मिस ब्यूटीफूल हेयर तथा झरना दाहाल मिस एक्ट्राअर्डिनरी घोषित भएका थिए ।

विष्णु सुब्बा

# उर्लाबारीमा उत्तमको फेसन



मोरङको उर्लाबारीमा सेन्ट्रल फेसन हब उर्लाबारीको आयोजनामा फेसन ट्रेडर्स-२०१८ सम्पन्न भएको छ । अभिनेत्री निता ढुंगाना, पूर्व मिस नेपाल सदिक्षा श्रेष्ठ, मिस नेपाल अर्थ रोसनी खत्री आदिले र्‍याम्प नापेको उक्त फेसन शोमा अभिनेता/कलाकार अमित ढुंगाना, निराजन प्रधान, प्रज्वलसुजल गिरी, कृषा चौलागाईंसहित ११ जना मोडल प्रस्तुत भए । फेसन डिजाइनर उत्तम बनेपाली तथा दिपा तिवारीले तयार पारेका ट्रेडिसनल गाउन, लेहेंगा, क्याजुअल डिजाइन, फर्मल सुट आदि प्रदर्शन गरिएको उक्त फेसन शोमा कलाकार हेमन्त बुढाथोकी एवं कवि तथा कलाकार उपेन्द्र सुब्बा विशेष आकर्षणमा रहे ।

सरोज बस्नेत

## फेस अफ मारवाडी

मारवाडी समुदायमा लक्षित प्रतियोगिता 'फेस अफ मारवाडी' अन्तर्गत ट्यालेन्ट राउन्ड प्रस्तुत भएको छ । उक्त अवसरमा सहभागीहरूले आ-आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए । ट्यालेन्ट राउन्डअन्तर्गत अधिकांश मिस तथा मिसेजले नृत्य गरेका थिए । धेरै जनाको नृत्यमा महिला अधिकार, महिला हिंसा, महिला शिक्षाजस्ता विषयले प्राथमिकता पाएका थिए । ट्यालेन्ट राउन्डकै क्रममा साडी ड्रेपिङ शैली, कुकिङ कला, वक्तृत्व कला, गायन, अभिनय तथा कविता वाचनसमेत प्रस्तुत भए । मिस्टरतर्फका सहभागिहरूको प्रतिभा भने अभिनय, नृत्य, गायन तथा वक्तृत्व कलामा देखिएको थियो । फेस अफ मारवाडीको ग्रान्ड फिनाले पर्सि आइतबार हुनेछ ।

# डिला र राजुलाई दोहोरीको उपाधि



राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको आयोजनामा सम्पन्न चौथो राष्ट्रिय अर्ना दोहोरी गीत प्रतियोगिताको उपाधि नगरकोट दोहोरी साँझले जितेको छ । पाँच दिन चलेको यो प्रतियोगितामा बविता बानियाँ र अर्जुन खड्काको गामबेसी दोहोरी साँझ द्वितीय भएको छ भने पृथ्वी इन्टरटेनमेन्टले तेस्रो स्थानमा चित्त बुझाएको छ । प्रतियोगिताको तेस्रो संस्करणमा उपाधि चुमेका रविन लामिछानेको समूह यो वर्ष तृतीय स्थानमा पुगेको हो । यद्यपि, रविन उत्कृष्ट दोहोरी गायक बन्न सफल भए । प्रतियोगितामा राजधानी दोहोरी साँझले सान्त्वना पुरस्कार प्राप्त गऱ्यो । यो टिममा भीम पौडेल तथा मीना बुढाथोकी सहभागी थिए । रविनसँगै प्रकाश पराजुली पनि उत्कृष्ट दोहोरी गायक घोषित भए भने मीना बुढाथोकी र कल्पना दाहालले उत्कृष्ट दोहोरी गायिकाको विधामा बाजी मारे ।

प्रतियोगितामा देशभरका झन्डै तीन दर्जन टिमको सहभागिता थियो । उक्त अवसरमा लोकदोहोरी गीत प्रतिष्ठान काठमाडौं जिल्ला शाखा अनुसाशित समूह घोषित भएको छ । अघिल्लो वर्षसम्म अन्तरदोहोरी साँझ चलेको प्रतियोगिता यो वर्ष खुला गरिएको थियो । प्रतियोगिता भव्य रूपमा सफल भएको प्रतिष्ठानका निर्वतमान अध्यक्ष चन्द्र शर्माले बताए ।

रामजी ज्ञवाली

# ग्राण्ड फिनालेको तयारीमा मिस नेपाल-२०१८



कृष्ण भट्टराई

यही चैत २८ गते बुधबार देशले नयाँ मिस नेपाल पाउँदैछ। हिडेन ट्रेजरले आयोजना गरिरहेको मिस नेपालको २३ औं संस्करणमा देशका विभिन्न भागको प्रतिनिधित्व गर्ने तथा विदेशमा बसोबास गर्दै आएका नेपाली युवतीहरू आफूलाई उत्कृष्ट सावित गर्न पछिल्ला सात हप्तादेखि कडा परिश्रम गरिरहेका छन्। मिस नेपाल-२०१८ को ग्रान्ड फिनाले दरबारमार्गस्थित होटल अन्नपूर्णमा हुँदैछ। साँझ ७ बजे प्रारम्भ हुने यो वर्षको मिस नेपाल प्रतियोगिताले राति १० नबज्दै नयाँ मिस नेपाल दिइसक्नेछ।

आयोजक संस्थाका प्रमुख गोपाल सुन्दर लाल कक्षपति 'मिस नेपाल-२०१८' को सम्पूर्ण तयारी पुरा भैसकेको बताउँछन्। 'प्रतियोगिताका लागि हामी करिब-करिब तयार भैसकेका छौं,' कक्षपति भन्छन्– 'केही प्राविधिक कार्यबाहेक अन्य सम्पूर्ण तयारी गरिसकेका छौं।' यो वर्ष मिस नेपालको इतिहासमै पहिलो पटक सबैभन्दा धेरै प्रतिस्पर्धी (२५ जना) मैदानमा छन्। काठमाडौंसहित पूर्व झापादेखि पश्चिम महेन्द्रनगरसम्मका युवतीहरूले यसपटकको प्रतियोगितामा सहभागिता जनाएका छन्। त्यसबाहेक अमेरिका, बेलायत, अस्ट्रेलिया तथा स्पेनमा बसोबास गर्दै आएका नेपाली चेलीहरू पनि मिस नेपालको उपाधि जित्ने सपना बोकेर काठमाडौं ओर्लिएका छन्।

मिस नेपालका प्रतिस्पर्धीहरूको संख्या बढ्नुका आफ्नै कारण छन्। कक्षपतिका अनुसार अहिले मिस नेपालमा सहभागिता जनाउने युवतीहरूले दुई-तीन वर्षदेखि तयारी गरिरहेका हुन्छन्। त्यसरी तयारी गरेर प्रतिस्पर्धाको अडिसनमा सहभागी हुने युवतीहरूको संख्या बढिरहेको छ। 'राम्रो शैक्षिक पृष्ठभूमि, आकर्षक व्यक्तित्व, पूर्ण पूर्वतयारी तथा अग्लो कद भएका आकांक्षीहरूको संख्या बढेकै कारण हामीले यो वर्ष प्रतिस्पर्धीहरूको संख्या २० बाट २५ पुऱ्याएका हौं, कक्षपति भन्छन्– यही वर्षदेखि मिस नेपालका चार मुख्य उपाधि विजेतालाई पहिलो पटक उस्तै पुरस्कार प्रदान गर्न लागिएको छ। यो वर्ष मिस नेपाल वर्ल्ड, मिस नेपाल अर्थ, मिस नेपाल इन्टरनेसनल तथा मिस नेपाल युनिभर्सको उपाधि जित्ने चार जना मुख्य विजेतालाई आकर्षक क्राउनसहित १-१ लाख रुपैयाँ प्रदान गरिनेछ। यी चारै जना विजेताले आगामी वर्ष विभिन्न देशमा सञ्चालन हुने मिस वर्ल्ड, मिस अर्थ, मिस युनिभर्स तथा मिस इन्टरनेसनलमा नेपालको प्रतिनिधित्व गर्नेछन्।

मिस नेपाल-२०१८ का प्रतिस्पर्धीहरूले यो प्रतियोगिताकै इतिहासमा पहिलो पटक सर्वाधिक सात हप्ता प्रशिक्षण लिने मौका पाएका छन्। प्रतिस्पर्धीहरूको संख्या बढेसँगै प्रशिक्षण अवधिसमेत बढाइएको आयोजक संस्थाले जनाएको छ। करिब दुई महिनाअघि देशव्यापी अडिसन सम्पन्न भएपछि काठमाडौंमा फाइनल अडिसन लिइएको थियो। उक्त अडिसनबाट २५ जना युवती छनौट भएलगत्तै उनीहरूलाई धुलिखेलको एउटा रिसोर्टमा सञ्चालित क्लोज क्याम्पमा सहभागी गराइयो। चारदिने क्लोज क्याम्पका क्रममा सहभागीहरू एक-अर्काको नजिक मात्र भएनन्, मिस नेपालमा सहभागिता जनाएपछि जित्न मात्र होइन हार्न समेत सिक्नुपर्छ भन्ने कुरालाई पनि आत्मसात् गरे। त्यसक्रममा उनीहरूले ध्यान, योग, शारीरिक व्यायामदेखि आध्यात्मिक विषयसम्मका प्रशिक्षण प्राप्त गरे।

धुलिखेलबाट फर्किएपछि प्रतिस्पर्धीहरूले आयोजक संस्थाको कुपन्डोलस्थित कार्यालयकै प्रेक्षालयमा थप प्रशिक्षण लिए। त्यसक्रममा उनीहरूलाई ग्ल्यामर फोटोग्राफर राजभाइ सुवाल, न्यायमूर्ति सपना प्रधान मल्ल, कोरियोग्राफर रचना शर्मा गुरुङसहित अनिल रघुवंशी, भवानी राणा, प्रतिभा श्रेष्ठ, प्रचण्डमान श्रेष्ठ, सुमन शाक्य, श्रद्धा मास्के तथा राजश्री राणा (स्टाइलिस) ले विविध विषयमा प्रशिक्षण प्रदान गरेका थिए।

झन्डै तीन साता लामो उक्त प्रशिक्षणकै क्रममा सहभागीहरू रि-क्रिएसनका लागि पोखरा पुगे। पोखरामा तीन दिन बिताउने क्रममा उनीहरू विभिन्न क्रियाकलापमा सक्रिय भए। त्यसक्रममा उनीहरूले पर्यटकीय सहर पोखरामा स्कुटरी ऱ्यालीसमेत निकाले। यामाहाले आयोजना गरेको उक्त ऱ्यालीमा प्रतिस्पर्धीहरूले 'हामी पोखरालाई माया गर्छौं' लेखिएका झन्डा तथा ब्यानर बोकेर पोखराको फन्को लगाएका थिए। तालैतालको सहर पोखराका बारेमा प्रचार-प्रसार गर्न तथा त्यसलाई नजिकबाट चिन्न मिस नेपालको आयोजक संस्थाले उक्त कार्यक्रम आयोजित गरेको थियो। पोखरा भ्रमणका क्रममा उनीहरूले मनकामना मन्दिरको दर्शनमात्र गरेनन् पोखरामै बन्जी जम्पको मज्जा समेत लिए।

पोखराबाट काठमाडौं फर्किएपछि उनीहरू एकदिने खेलकुद प्रतियोगितामा सहभागी भए। मिस एथलेट प्रतियोगिताका लागि उनीहरू लगनखेलस्थित सैनिकको खेलकुद मैदानमा बिहानैदेखि मध्यान्हसम्म सक्रिय थिए।

पछिल्लो एक सातादेखि उनीहरू मिस नेपालको ग्रान्ड फिनालेका लागि स्टेज-केन्द्रित अभ्यासमा व्यस्त छन्। त्यसक्रममा उनीहरूले क्याटवाक, आइ कन्ट्याक्ट, पोस्चर आदि विषयमा कोरियोग्राफर रचना शर्मा गुरुङसंग प्रशिक्षण लिइरहेका छन्।

ग्रान्ड फिनाले भन्दा तीन दिन अघि उनीहरू प्रतियोगिता आयोजनास्थल अन्नपूर्ण होटलमा सञ्चालन हुने क्लोज क्याम्पमा सक्रिय हुनेछन्। ग्रान्ड फिनाले सम्पन्न भएको भोलिपल्ट मात्र सहभागीहरू आ-आफ्नो घर जान पाउनेछन्।

यसपटकको प्रतियोगितामा २० देखि २४ वर्ष उमेरका मानविकी, व्यवस्थापन तथा विज्ञान संकाय अध्ययन गरेका युवतीहरू सहभागी छन् भने ५ फिट साढे ५ इन्चदेखि ५ फिट ९ इन्च अग्ला युवतीहरू प्रतिस्पर्धामा छन्।

यसपटकको प्रतियोगितामा काठमाडौंबाट सर्वाधिक आठ जना युवतीले प्रतिस्पर्धा गरिरहेका छन्। महिमा सिंह, रोनाली अमात्य, शर्वाणी पाण्डे, प्रिया सिग्देल, अनाश्रुत पन्त, आष्मा ढुंगाना, मेघा श्रेष्ठ तथा एञ्जिता महत काठमाडौंबाट मिस नेपालमा प्रतिनिधित्व गर्ने प्रतिस्पर्धी हुन्। उनीहरूबाहेक अन्य प्रतिस्पर्धीमा भक्तपुरबाट तीन जना आस्था शाख, एलिशा बुढाथोकी तथा सृष्टि कार्की यो प्रतियोगितामा छन्। पोखरा, विराटनगर तथा भरतपुरका दुई-दुई जना प्रतियोगी यो प्रतिस्पर्धामा छन्। अनुपमा बास्तोला तथा शिक्षा संग्रौला बिराटनगरका हुन् भने सन्ध्या अधिकारी तथा सुष्मिता सापकोटा भरतपुरका हुन्। पोखराबाट भने ज्योत्सना क्षेत्री र ममता जोशीले प्रतियोगितामा भाग लिइरहेका छन्। यसबाहेक वीरगञ्ज, गोरखा, महेन्द्रनगर, दाङ, रुपन्देही, धनकुटा, झापा तथा हेटौंडाका एक-एक जना प्रतिस्पर्धी यो प्रतियोगितामा सामेल छन्। वीरगञ्जकी काश्या अधिकारी, गोरखाकी मनिता देवकोटा, महेन्द्रनगरकी लक्ष्मी पन्त, दाङकी शुभेच्छा श्रेष्ठ, रुपन्देहीकी लक्ष्मी पौडेल, धनकुटाकी सायरा लामा, झापाकी एलिशा अधिकारी तथा हेटौंडाकी श्रृंखला खतिवडाले पनि मिस नेपालको उपाधिका लागि कडा मेहनत गरिरहेका छन्।

## मिस नेपालका मुख्य उपलब्धि

- सन् २०१६ को मिस वर्ल्डमा नेपालकी सहभागी अस्मि श्रेष्ठ ' ब्युटी विद प्रर्पोस' को उत्कृष्ट पाँचमा पर्न सफल भएकी थिइन्।
- मिस नेपालको इतिहासमा पहिलो पटक सन् २०१० की विजेता सदीक्षा श्रेष्ठलाई बामा मोटर्सको चेरी कार प्रदान गरिएको थियो। त्यसअघि तथा पछि कुनै पनि विजेतालाई कार प्रदान गरिएको छैन।
- यही वर्षदेखि नै मिस नेपालकी एक जना उपाधि विजेताले मिस युनिभर्स प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्न थालेकी छिन्। पहिलो पटक मोडल नम्मा श्रेष्ठले उक्त अवसर प्राप्त गरिन्। द हिडेन ट्रेजरले आफ्नो २२ औं तथा मिस नेपालको २३ औं वार्षिकोत्सवका अवसरमा नग्मालाई पहिलो मिस नेपाल युनिभर्स घोषणा गरेको थियो। नग्माले गत नोभेम्बर २६ मा अमेरिकामा सम्पन्न ६६ औं संस्करणको मिस युनिभर्समा नेपालको प्रतिनिधित्व गरिसकेकी छिन्।
- सन् २०१३ को मिस वर्ल्डमा नेपालकी प्रतिनिधि इशानी श्रेष्ठले ब्युटी विद द पर्पसको उपाधि जितेकी थिइन्।

# सात हप्तामा जे गरियो

















# मिस नेपाल विजेता को कहाँ ?





## पहिलो मिस नेपाल

मिस नेपालको आयोजक संस्था द हिडेन ट्रेजरका अध्यक्ष *गोपालसुन्दर लाल कक्षपति*का अनुसार मिस नेपालको पहिलो संस्करण सन् १९९४ को सेप्टेम्बर महिनामा काठमाडौंका प्रज्ञा भवनमा सम्पन्न भएको थियो। उक्त प्रतियोगिताको कोरियोग्राफी रचना शर्मा गुरुङले गरेकी थिइन्, जसमा २२ जना युवतीले प्रतिस्पर्धा गरेका थिए। १९८६ मा कक्षपति काठमाडौं जेसिजका अध्यक्ष थिए। जेसिजले नेतृत्व विकासका लागि प्रशिक्षण दिने क्रममा युवाहरू मात्र सहभागी भए, युवतीहरू आउँदै आएनन्। सन् १९९४ मा काठमाडौं जेसिजको रजत महोत्सव सेलिब्रेसन गर्ने कार्यक्रमको अवधारणा बनाउने जिम्मा कक्षपतिलाई नै दिइयो। उक्त कार्यक्रममा 'मिस नेपाल' प्रतियोगितालाई समावेश गर्नुपर्छ भन्ने योजना कक्षपतिले सन् १९९३ देखि नै बनाउन थालेका थिए। जेसिजले मिस नेपाल प्रतियोगिता आयोजना गर्ने औपचारिक निर्णय गरेपछि कक्षपति तथा उनका सहकर्मी रूपेश प्रधान १९९३ मा भारतको मुम्बई पुगेर फेमिना मिस इन्डिया प्रतियोगितालाई नजिकबाट नियाले। मिस इन्डियालाई नजिकबाट नियालेपछि कक्षपति तथा प्रधानलाई धेरै कुराको ज्ञान प्राप्त भयो। काठमाडौं फर्किएपछि १९९४ मा मिस नेपाल आयोजना गर्ने घोषणा भयो। त्यसपछि प्रतियोगिताको तयारी प्रारम्भ गरियो। रचना शर्मा गुरुङलाई कोरियोग्राफर नियुक्त गरेपछि प्रतिस्पर्धीहरूको खोजी हुन थाल्यो। २२ जना प्रतिस्पर्धी भेला पारेपछि पहिलो संस्करणको मिस नेपाल प्रतियोगिता सन् १९९४ मा सफलतापूर्वक सम्पन्न गरियो। सन् २००२ देखि भने कक्षपतिकै नेतृत्वमा स्थापना भएको द हिडेन ट्रेजरले यो प्रतियोगिता आयोजना गर्न थालेको हो।

**रुबी राणा :** रुबी राणा नेपालकै पहिलो मिस नेपाल हुन्। वीरगन्जको प्रतिनिधित्व गर्दै मिस नेपालको उपाधि जितेकी रुबी अहिले मेकअप आर्टिष्ट तथा फेसन डिजाइनरका रूपमा सक्रिय छिन् भने फाट्ट-फुट्ट रूपमा चलचित्रमा समेत अभिनय गरिरहेकी छिन्।

**सुमी श्रेष्ठ :** १८ वर्षकै उमेरमा दोस्रो मिस नेपालको उपाधि जितेकी सुमी श्रेष्ठले चलचित्र 'सुपरस्टार' मा अभिनेता भुवन केसीसँग अभिनयसमेत गरिन्। अहिले उनी एयरहोस्टेजका रूपमा कार्यरत छिन्।

**पूनम घिमिरे :** २३ वर्षको उमेरमा मिस नेपालको उपाधि जित्न सफल पूनम घिमिरे तेस्रो मिस नेपाल हुन्। पेसाले नर्स पूनमलाई विदेश (अमेरिका) पलायन हुने पहिलो मिस नेपालका रूपमा पनि चिन्न सकिन्छ।

**नीलिमा गुरुङ :** १९ वर्षको उमेरमा मिस नेपालको उपाधि जितेकी नीलिमा वैवाहिक जीवनमा प्रवेश गरेपछि पोखरामा आफ्नै व्यवसायमा सक्रिय छिन्।

**झरना बज्राचार्य :** १९९७ मै मिस वर्ल्ड नेपालको उपाधि जितेकी झरना बज्राचार्यले दर्जनौं म्युजिक भिडियो तथा चलचित्रमा अभिनय गरिन्। प्रेम तथा विवाह कारण बेला-बेलामा विवादमा आउने झरना अहिले एक सन्तानकी आमाका रूपमा मलेसियामा गृहिणी जीवन बिताइरहेकी छिन्।

**ज्योति प्रधान :** सन् १९९८ की मिस नेपाल ज्योति प्रधान पहिलो त्यस्ती मिस नेपाल हुन्, जसले आफ्नो उपाधि सुरक्षित राख्न सकिनन्। मिस नेपालको उपाधि जितेकै वर्ष अमेरिका पलायन भएपछि आयोजकहरूले उनको उपाधि नै फिर्ता लिए।

**श्वेता सिंह :** श्वेता सिंहले १९ वर्षको उमेरमा मिस नेपालको उपाधि जित्दा धाँधलीको आरोपसमेत लाग्यो। पर्सनालिटी डेभलपमेन्टको क्षेत्रमा कार्यरत श्वेताले विगतका मिस नेपाल प्रतियोगितामा प्रशिक्षकका रूपमा समेत काम गरिन्।

**उषा खड्गी :** उषा २० वर्षको उमेरमा मिस नेपाल २००० को उपाधि जितेपछि विजेता भएयता निरन्तर सक्रिय छिन्। फेसन डिजाइनरका रूपमा समेत कार्यरत उषाको कुपन्डोलमा आफ्नै बुटिक छ।

**माल्भिका सुब्बा :** सन् २००२ की मिस नेपाल माल्भिका सुब्बा अहिले टेलिभिजन कार्यक्रम प्रस्तोताका रूपमा सक्रिय छिन्। माल्भिकाले यो अवधिमा म्युजिक भिडियो, चलचित्र, विज्ञापन, फेसन शोसहित विभिन्न विधामा काम गरिसकेकी छिन्।

**प्रीति सिटौला :** २२ वर्षको उमेरमा सन् २००३ मा मिस नेपालको उपाधि जित्न सफल प्रिति सिटौला अध्ययनका लागि अमेरिका गए पनि हाल उनी परिवारसहित काठमाडौंमा आफ्नै व्यवसायमा रमाइरहेकी छिन्।

**पायल शाक्य :** १८ वर्षको उमेरमा सन् २००४ मा मिस नेपालको उपाधि जित्न सफल पायल शाक्य पनि विदेश पलायन हुने पूर्व मिस नेपालमध्ये एक हुन्।

**सुगरिका केसी :** १९ वर्षको उमेरमा सन् २००५ मा मिस नेपालको उपाधि जित्ने सुगरिका केसी आज पनि उत्तिकै सक्रिय छिन्। अहिले उनी रेडियो जक्कीका साथै व्यक्तित्व विकाससम्बन्धी प्रशिक्षणका रूपमा समेत सक्रिय छिन्।

**शीताश्मा चन्द :** २३ वर्षको उमेरमा सन् २००७ मा मिस नेपालको उपाधि जित्न सफल सुन्दरी हुन्– शीताश्मा चन्द। हाल उनी अस्ट्रेलियाली श्रीमान् बेन प्रिन्ससंग एक छोरासहित दुबईमा छिन्।

**जेनिशा मोक्तान :** २० वर्षको उमेरमा सन् २००९ मा मिस नेपालको उपाधि जितेकी जेनिशा मोक्तान युवा व्यवसायी दिकेश मल्होत्रासँग विवाह गरेर हालै एक सन्तानकी आमा भएकी छिन्।

**सदीक्षा श्रेष्ठ :** १९ वर्षको उमेरमा सन् २०१० मा मिस नेपालको उपाधि जितेकी सदिक्षा श्रेष्ठ हालसम्म अविवाहित छिन्। मिडिया पर्सनालिटीको छवि बनाएकी सदीक्षा विभिन्न कार्यक्रममा उद्घोषिकाको रूपमा देखिन्छिन् भने उनलाई विज्ञापनहरूमा समेत देख्न पाइन्छ।

**मलिना जोशी :** २३ वर्षको उमेरमा सन् २०११ मा मिस नेपालको उपाधि जित्न सफल मलिना जोशी अहिले म्युजिक भिडियो तथा चलचित्र अभिनेत्रीका रूपमा सक्रिय छिन्।

**सृष्टि श्रेष्ठ :** २३ वर्षको उमेरमा सन् २०१२ मा मिस नेपालको उपाधि जितेकी सृष्टि श्रेष्ठ चलचित्रमा सक्रिय छिन्।

**इशानी श्रेष्ठ :** २१ वर्षको उमेरमा सन् २०१३ मा मिस नेपालको उपाधि जित्न सफल इशानी श्रेष्ठ पेशाले दन्त रोग विशेषज्ञ हुन्। उनी अहिले अमेरिकामा कार्यरत छिन्।

**सुबिन लिम्बू :** २३ वर्षको उमेरमा सन् २०१४ मा मिस नेपालको उपाधि जितेकी सुबिन लिम्बू ग्लोबल गोर्खा नेपाल परिषद्को नेपाल च्याप्टर प्रमुखका रूपमा कार्यरत छिन्।

**इभाना मानन्धर :** २३ वर्षको उमेरमा सन् २०१५ मा मिस नेपालको उपाधि जित्न सफल इभाना मानन्धर ग्ल्यामर क्षेत्रमा आउन सकिनन्।

**अस्मि श्रेष्ठ :** २२ वर्षको उमेरमा सन् २०१६ मा मिस नेपालको उपाधि जितेकी अस्मि श्रेष्ठले अझै पनि ग्ल्यामरको क्षेत्रमा आउने कि नआउने निर्णय गरिसकेकी छैनन्। यद्यपि उनी सार्वजनिक समारोहहरूमा देखिने क्रममा भने रोकिएको छैन।

**निकिता चाण्डक :** यही चैत २८ गतेसम्मकी मिस नेपाल निकिता चाण्डक २९ गतेदेखि भने मिस नेपाल वर्ल्ड-२०१७ का रूपमा चिनिनेछिन्। निकिताले नयाँ वर्ष २०७५ को प्रवेशसँगै आफू चलचित्रमा सक्रिय हुने संकेत गरिसकेकी छिन्।



**राजभाइ सुवाल**
मिस नेपालका आधिकारिक फोटोग्राफर

**सन् २०१८ का प्रतिस्पर्धीहरूको मूल्यांकन कसरी गर्नुहुन्छ ?**

यसपटकका प्रतिस्पर्धीहरू शारीरिक रूपले आकर्षक त छन् नै, फोटोजेनिक तथा बौद्धिक रूपले पनि उत्तिकै सक्षम छन्। विगतको तुलनामा अहिले आत्मविश्वासले भरिएका प्रतिस्पर्धीहरूको संख्या बढी छ।

**विगतका प्रतिस्पर्धीको तुलनामा के भिन्न पाउनुभयो ?**

पहिले-पहिले मिस नेपालमा भाग लिन युवतीहरूलाई आग्रह गर्नुपर्थ्यो भने अहिले भाग लिनेहरू धेरै भएर राम्रा-राम्राबाट धेरै राम्रा छनौट गर्न पाइएको छ।

**प्रतिस्पर्धीमा फोटोको ज्ञान कत्तिको छ ?**

अहिलेका प्रतिस्पर्धीहरूमा तस्बिरका लागि कसरी पोज दिने, कसरी खिचेको फोटोमा आफू राम्री देखिन्छु भन्ने कुराको राम्रो ज्ञान छ।

**प्रतिस्पर्धीहरूमा राम्री देखिने होड कत्तिको पाउनुभयो ?**

त्यो त हरेक महिलाको स्वभाव नै हो। एक-अर्कामा को राम्रो, कसको फोटो राम्रो आयो भन्ने कुरामा प्रतिस्पर्धा हुनु सामान्य हो। यद्यपि मिस नेपालका प्रतिस्पर्धीहरूमा जस्तो मित्रवत् व्यवहार मैले अन्य प्रतिस्पर्धामा देखेको छैन। यसपटक रोचक प्रतिस्पर्धा हुनेछ।



**रचना शर्मा गुरुङ,** कोरियोग्राफर

**विगत र अहिलेका प्रतिस्पर्धामा कस्तो अन्तर महसुस गर्नुहुन्छ ?**

जसरी समाजका हरेक क्षेत्रमा परिवर्तन आइरहेको छ, त्यसैगरी मिस नेपालका प्रतिस्पर्धीहरू पनि त्यसरी नै एड्भान्स भैरहेका छन्।

**अहिलेका प्रतिस्पर्धीहरूमा सिक्ने भावना कत्तिको पाउनुहुन्छ ?**

सिक्ने कुराको आफ्नै क्षेत्र र ठाउँ हुन्छ। म २३ वर्षदेखि मिस नेपालको कोरियोग्राफी गरिरहेकी छु, तैपनि अझै सिकि नै रहेकी छु। मिस नेपालका प्रतिस्पर्धीमा पनि यो कुरा लागू हुन्छ, किनभने उनीहरू प्रशिक्षणको पहिलो दिनदेखि नै प्रतिस्पर्धामा हुन्छन्। यद्यपि विगतदेखि अहिलेसम्म उनीहरूले हरेक दिन केही न केही नयाँ कुरा सिक्न पाए हुन्थ्यो भन्ने सोच राख्दै आएको पाउँछु।

**प्रतिस्पर्धीहरूमा प्रतिस्पर्धाको भावना कत्तिको हुन्छ ?**

मिस नेपालमा भाग लिने प्रत्येक प्रतिस्पर्धीको पहिलो उद्देश्य उपाधि जित्ने नै हुन्छ। यद्यपि जति-जति प्रशिक्षणको गति बढ्दै जान्छ, उनीहरू प्रतिस्पर्धाभन्दा पनि कडा परिश्रमलाई फोकस गर्न थाल्छन्। प्रशिक्षणका क्रममा उनीहरूले प्रतिस्पर्धाको भावना पनि खासै देखाउँदैनन्।

**अहिलेका प्रतिस्पर्धीहरू कत्तिको अनुशासित छन् ?**

अनुशासन भन्ने कुरा मिस नेपालको प्रतिस्पर्धामा आएर सिकिने कुरा होइन। यो त जन्मदेखि नै सिकिँदै आउने कुरा हो। यो हिसाबले भन्नुपर्दा प्राय: सबै नै अनुशासित छन्। मिस नेपालको डेढ महिनाभन्दा लामो प्रशिक्षणले जति नै अनुशासनहीन प्रतिस्पर्धीलाई पनि अनुशासनको दायरामा ल्याइदिन्छ।

# विलासी बन्दै यौन व्यापार


मिषा काफ्ले



■ २४ वर्षीया उपमा (नाम परिर्वतन) को कथा केही फरक छ । स्नातकसम्म अध्ययन गरेकी उपमाले आमाको पाठेघरमा पलाएको ट्युमरको उपचार गराउन एउटा फाइनान्समा रिसेप्सनको जागिर सुरु गरेकी थिइन् । जागिर थालेको एक हप्ता पनि नबित्दै उनी फाइनान्समा नियमित आउने एक ग्राहकसँग नजिकिइन् । ती ग्राहकले उनलाई एकपटकका लागि २५ हजार रुपैयाँ दिने प्रस्ताव गरे । त्यत्रो पैसा पाइने भएपछि उपमा लोभिइन् । ती ग्राहकसँग नियमित सम्पर्क हुन थालेपछि अन्य त्यस्तै ग्राहकसँग पनि उनको सम्पर्क हुन थाल्यो । मासिक ११ हजार रुपैयाँको रिसेप्सनको जागिरमा लागेकी उपमाले यौन व्यवसायबाट एक दिनमै १० हजार रुपैयाँ भन्दा बढी कमाउन थालेपछि उनको मन यतै भुलियो भने एक महिनामै आमाको उपचार खर्च पनि जुट्यो । आमाको उपचारपछि उनी फाइनान्सको जागिर छाडेर यही व्यवसायमा केन्द्रित भएकी छिन् ।

■ रमेश (४१ वर्ष) (नाम परिवतन) एक निजी विद्यालयमा गार्ड छन् । बिहान ८ बज्दा नबज्दै रमेश श्रीमती रेश्मा (नाम परिवर्तन) अनि १० वर्षीया छोरीलाई लिएर एउटै स्कुटरमा हुइँकिन्छन् । श्रीमतीलाई रत्नपार्कमा छोडेर उनी छोरीलाई विद्यालय पुऱ्याउँछन् । बेलुका उनी प्राय: त्यही रुट हुँदै श्रीमतीलाई लिएर घर फर्कन्छन् । धेरैलाई लाग्ला, रेश्मा रत्नपार्कमा दिनभर के गर्छिन् त ? रत्नपार्क त रेश्माका लागि 'ग्यादरिङ्गजक्सन' मात्र हो । त्यहाँ उनी ग्राहकसँग सम्पर्क गर्छिन् र कुनै सुरक्षित स्थानमा गएर त्यस दिनको कमाइको जोहो गर्छिन् । यौनकर्मी महिलाहरूको स्वास्थ्य तथा उनीहरूको मानवअधिकारका सम्बन्धमा वकालत गर्ने एक संस्थामा भेटिएकी रेश्मा यौन व्यवसायमा बाध्यताले लाग्नुपरेको कुरा बताउँछिन् ।

## हप्ताको औसत कमाई (रुपैयामा)




ग्राफिक्सहरू : रामेश्वर श्रेष्ठ

स्रोत : आइ.बि.बि.एस.

## के हो एकीकृत तथा जैविक सर्वेक्षण

यौन व्यवसायमा लागेको समुदाय यौन तथा सरुवा रोगबाट आक्रान्त हुने सबैभन्दा बढी जोखिममा रहेको समूह मानिन्छ । एचआईभी एड्स तथा यौनरोग अहिले पनि जनचासोको विषय हो । नेपालले सन् २०३० सम्ममा यसलाई जनस्वास्थ्य समस्याबाट हटाउने रणनीतिका साथ काम गरिरहेको छ, यसका लागि यौन व्यवसायमा संलग्न समुदायलाई नै लक्षित गरिएको राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रका निर्देशक डा. वासुदेव पाण्डे बताउँछन् । कुनै समय यो व्यवसायमा संलग्न ६० प्रतिशतमा यौनरोग देखिएकोमा सरकारी कार्यक्रमको प्रभावस्वरूप अहिले ५ प्रतिशतमा झरेको डा. पाण्डेको दाबी छ । त्यसबाहेक सरकारले अर्को रणनीति पनि तयार गरेको छ, जसमा २०२० सम्ममा ९० प्रतिशत संक्रमित पत्ता लगाउने । ती संक्रमितमध्ये ९० प्रतिशतलाई एन्टिरेक्ट्रोभाइरल औषधी दिएर भाइरसलाई शून्य बनाउने र एचआईभी संक्रमितबाट अन्यमा रोग सर्न नदिने । त्यसका लागि सरकारले एकीकृत तथा जैविक सर्वेक्षण गर्दै आएको छ ।

यो सर्वेक्षण गर्ने विधि अन्य सर्वेक्षणभन्दा फरक हुने सर्वेक्षणमा संलग्न नेसनल इन्टिच्युट फर डेभलप्मेन्ट एन्ड रिसर्चका निर्देशक टेकराज भट्ट बताउँछन् । यो सर्वेक्षणमा यौनकर्मीहरूका जैविक कुराहरू पनि सँगसँगै परीक्षण गरिन्छ । त्यसबाट एचआईभी तथा यौनरोगहरूको जानकारीसमेत प्राप्त हुन्छ भने सर्वेक्षण फारमबाट उनीहरूको सामाजिक तथा व्यवहारिक पाटो पनि थाहा हुन्छ । काठमाडौंको सर्वेक्षणका लागि ५० वटा क्लस्टर बनाएर एउटा क्लस्टरमा १० जनालाई सामेल गरिएको थियो । ५० वटा क्लस्टरका लागि ५ वटा केन्द्र बनाइएको थियो । यस्ता केन्द्रमा भक्तपुर र ललितपुरका यौन व्यवसायीका लागि कोटेश्वर, ठमेल, हनुमानढोका तथा सुन्धाराका लागि सुन्धारा, गौशाला तथा बौद्ध क्षेत्रका लागि चाबहिल एवं कलंकी, नयाँ बसपार्क क्षेत्रका लागि गोंगबु केन्द्र तोकिएको थियो ।

राजधानी काठमाडौंलगायत देशका प्रमुख सहरहरूमा यौन व्यवसाय मौलाउँदो अवस्थामा छ । निश्चित उमेर समूह वा निश्चित लिंग, निश्चित वर्ग मात्र यौन व्यवसायमा संलग्न छन् भन्ने छैन । अधिकांश बाध्यताले यो दलदलमा फसेका छन् भने कतिपय रहरैरहरमा यो पेसामा तानिएका छन् । सरकारी तथ्यांकअनुसार नेपालमा ३ लाखभन्दा बढी यौनव्यवसायी छन् । तीमध्ये ५४ हजारभन्दा बढी महिला काठमाडौंमा सक्रिय रहेको स्वास्थ्य मन्त्रालयअन्तर्गतको राष्ट्रिय यौन तथा एचआईभी एड्स रोग नियन्त्रण केन्द्रको तथ्यांकले देखाउँछ । केन्द्रले हालै यौन पेसामा संलग्न हुनेहरूको एकीकृत तथा जैविक सर्वेक्षण (आइबिबीएस) गरेको थियो, जसले अचम्म लाग्दो तथ्यांक पनि निकालेको छ ।


काठमाडौंका ५ सय यौनकर्मी महिलामा गरिएको उक्त सर्वेक्षणअनुसार ६६ प्रतिशतभन्दा बढी यौनकर्मी विवाहित छन् । सर्वेक्षणमा उनीहरूमध्ये कतिपयले श्रीमान् पनि आफूसँगै रहेको र कतिपयले वैदेशिक रोजगारीमा रहेको जवाफ दिएका थिए । सर्वेक्षणमा संलग्न करिब १७ प्रतिशतले आफू अविवाहित रहेको जवाफ दिएका थिए भने १४ प्रतिशतले पारपाचुके गरी बसेको बताएका थिए । ५ सयमध्ये ३ दशमलव ४ प्रतिशतले आफू विधवा भएको बताएका थिए । सर्वेक्षणमा संलग्नमध्ये ६६ प्रतिशत महिला विवाहित देखिए पनि सबै विवाहित खुलेर अगाडि नआउने हुँदा यो संख्या अझ बढी हुन सक्ने अनुमान सर्वेक्षकहरूको छ ।

होटल तथा रेस्टुराँमा हुने यौन व्यवसायमा प्रहरीले बढी निगरानी गर्न थालेपछि अहिले यौनकर्मीहरू व्यवस्थित रूपले कोठा वा फ्ल्याट भाडामा लिएर व्यवसाय गर्न थालेका छन् । राम्रो कमाइ हुने अधिकांशले एक्लै वा सामूहिक रूपमा फ्ल्याट नै लिएर व्यवसाय गरिरहेको एक यौनकर्मी बताउँछिन् । सुरु-सुरुमा तारे होटलमा कलगर्लका रूपमा सेवा उपलब्ध गराउने ती यौनकर्मी अहिले तीन जना साथीसँग मिलेर एउटा फ्ल्याटलाई यौन व्यवसायको थलो बनाएको कुरा बताउँछिन् । ती यौनकर्मीको भनाइलाई स्वास्थ्य मन्त्रालयको सर्वेक्षणले समेत पुष्टि गरेको छ ।

सर्वेक्षणका क्रममा ५ सय जनामध्ये ४ सय १० जनाले व्यवस्थित रूपमा कोठा वा फ्ल्याट लिएर आफैं व्यवसाय चलाइरहेको बताएका थिए । १० जनाले भने आफ्नै घरमा तथा ८० जनाले सडकमा ग्राहक खोजेर होटल वा रेस्टुराँ पुग्ने गरेको बताए । यसरी फ्ल्याट लिएर व्यवसाय गर्ने यौनकर्मीलाई नै प्रयोग गरेर कम्पनी नै दर्ता गरी यौन ब्यवसाय सञ्चालन गर्नेहरूको सञ्जाल ठूलो रहेको काठमाडौं प्रहरी प्रमुख एसएसपी विश्वराज पोखरेल बताउँछन् । पोखरेल भन्छन्–स्वेच्छाले यो व्यवसायमा लागेका भन्दा पनि उनीहरूलाई बाध्यतामा पारेर नाफा कमाउनेहरूको हैकम बढ्दै गएको छ, हामी स्वेच्छाले यस्तो काममा लाग्नेहरूलाई भन्दा पनि जबर्जस्ती लगाउनेहरूलाई कारबाही गर्न अघि बढेका छौं ।

### किशोरी तथा विवाहितको बाढी


बाध्यताले एकपटक यो पेसामा पुगेपछि यसबाट निस्कन गाह्रो हुन्छ भन्ने उदाहरण हुन्– चितवनकी १९ वर्षीया गौरी (नाम परिवर्तन) । गाउँकै एक जना दिदीले पढाउने अनि जागिर पनि लगाइदिने भन्दै उनलाई काठमाडौं ल्याइन् । ती दिदीले गौरीलाई एक हप्ता आफूसँगै राखेर बिहानको प्लस टुमा भर्ना गरिदिइन् अनि दिउँसो काम गर्न भन्दै ठमेलको एक पार्लर पुऱ्याइन् । पार्लरमा



आवरण सहित तस्विरहरू : एजेन्सी

भर्ना गरिदिएबापत ती दिदीले ३० हजार कमिसन लिइन् भने गौरीले मासिक १५ हजार रुपैयाँ पाउने गरी सम्झौता गरिन्। यद्यपि दुई दिनपछि पार्लरमा काम गर्न नजानेको बहानामा उनलाई आफ्नो शरीर अरूलाई सुम्पनुपर्ने पेशातर्फ धकेलियो। काम अस्वीकार गर्दा गौरीसँग दलालले लगेको पैसा फिर्ता मागियो, त्यतिबेला मात्र उनले आफू बेचिएको कुरा थाहा पाइन्। त्यसपछि भने उनी बाध्यतामा परिन्, दलालले लगेको पैसा चुक्ता गर्न पनि उनले जबर्जस्ती यो पेसा अँगाल्नुपर्ने भयो। दुई महिनासम्म त्यही समूहमा रहेर काम गर्दागर्दै उनको छुट्टै समूह बन्यो। त्यो समूहले अहिले फ्ल्याट नै लिएर व्यवसाय सञ्चालन गर्दै आएको छ। अब त यो दलदलबाट निस्कन गाह्रै होला, गौरीले भनिन्, स्नातक सकेपछि लोकसेवाको तयारी गर्छु, लोकसेवामा नाम निकालुन्जेलसम्मका लागि खर्चको जोहो गर्न पनि यो काम नगरी सुखै छैन्।

गौरीजस्ता अविवाहित युवती मात्र होइन, विवाहित महिलाहरू पनि बाध्यताले यो दलदलमा फसेका छन्। परिवार पाल्न बाध्य भएर यौन व्यवसायमा संलग्न हुनेदेखि छोराछोरीको विद्यालयको शुल्क तिर्न यो पेसामा लाग्नेहरूसम्मको कुनै कमी छैन। श्रीमान्लाई घरखर्च उपलब्ध गराएर उनीहरूकै कमाइमा घरबार जोड्नसम्म भ्याएका यौनकर्मी पनि उत्तिकै छन्। केन्द्रले गरेको सर्वेक्षणमा पनि आफ्नै घरव्यवहार भएका यौनकर्मीको संख्या उल्लेख्य देखियो। सर्वेक्षणमा सामेल हुनेहरूमध्ये अधिकांश विवाहित छन्, सर्वेक्षकसमेत रहेका नेसनल इन्स्टिच्युट फर डेभलपमेन्ट एन्ड रिसर्चका निर्देशक टेकराज भट्ट भन्छन्– कतिपय श्रीमानसँगै छन् भने कतिपय वैदेशिक रोजगारीमा रहेकाहरूका श्रीमती हुन्। सर्वेक्षणमा १६ देखि १९ वर्ष उमेर समूहका १८ दशमलव ८ प्रतिशत मात्र देखिनु भनेको अन्य प्रायः विवाहित नै हुनु भएको उनको बुझाइ छ। यो सर्वेक्षणले करिब ३६ प्रतिशत यौनकर्मी ३५ वर्ष माथिका भएको देखाउँछ। त्यसैगरी ३० देखि ३४ वर्ष उमेर समूहका ३५ दशमलव ८ प्रतिशत छन् भने २५ देखि २९ वर्षका १८ प्रतिशत, २० देखि २४ वर्षका ११ दशमलव ८ तथा १६ देखि १९ वर्षका १८ दशमलव ८ प्रतिशत छन्।




स्रोत : आइ.बि.बि.एस.

## अशिक्षित बढी, १४ प्रतिशत उच्च शिक्षित


अशिक्षितलाई जीवन जिउने बाध्यता, एकल महिलालाई छोराछोरीको पालन-पोषणको बाध्यता, शिक्षितलाई बेरोजगार हुनुको बाध्यता, श्रीमान् विदेश भएकाहरूलाई यौनइच्छा पूरा गर्नुपर्ने बाध्यताले महिलाहरू यौन व्यवसायमा आइपुग्ने यौन व्यवसायमा संलग्न महिलाहरूको स्वास्थ्य एवं उनीहरूको मानवअधिकारका सम्बन्धमा वकालत गरिरहेको संस्था जागृति महिला महासंघकी वरिष्ठ कार्यक्रम अधिकृत शान्ति तिवारी बताउँछिन्। तिवारीको भनाइलाई सर्वेक्षण नतिजाले समेत पुष्टि गर्छ। सर्वेक्षणकाअनुसार यौन व्यवसायमा संलग्न महिलाहरूमध्ये २५ दशमलव ६ प्रतिशत निरक्षर छन्। २२ दशमलव ४ प्रतिशत सामान्य लेखपढ गर्न सक्ने देखिन्छन् भने १८ दशमलव ६ प्रतिशत कक्षा ५ सम्म अध्ययन गरी पढाइ छाडेकाहरू छन्। कक्षा ९ सम्म अध्ययन गरेका १९ दशमलव ४ प्रतिशत छन् भने १४ प्रतिशत उच्चशिक्षा अध्ययन गरेका पाइएको राष्ट्रिय एचआईभी तथा यौनरोग नियन्त्रण केन्द्रका आईबीबीएस फोकल प्रसन्न वीरबहादुर रावल बताउँछन्।

## कन्डम लगाउन मान्दैनन् ग्राहक

असुरक्षित यौनसम्पर्क गर्नु भनेको निश्चित रूपमा यौनरोगको भारी बोक्नु भएको राष्ट्रिय यौन तथा एड्स रोग नियन्त्रण महाशाखाका निर्देशक डा. वासुदेव पाण्डे बताउँछन्। अझ यौन

पृष्ठ २६ मा

# रेडलाइट एरिया तोक्नु समस्या थप्नु हो



विजया ढकाल, कार्यकारी निर्देशक
जागृति महिला महासंघ

**यौन व्यवसाय कस्तो व्यवसाय हो ?**

कसैले पैसा वा जिन्सी लिएर वा कुनै फाइदा लिएर एक वा एकभन्दा बढीसँग यौन सम्पर्कका लागि राजी हुने पेशालाई यौन व्यवसायका रूपमा हेरिन्छ।

**हाम्रो जस्तो यौनको विषयमा खुला नभएको देशमा पनि किन यति धेरै महिला यौन व्यवसायमा लागेका होलान् ?**

गरिबी नै यसको प्रमुख कारण हो। महिलालाई पुरुषको तुलनामा जीवनयापन गर्न आवश्यक रकम जुटाउन गाह्रो छ, अशिक्षित महिलाहरू अझ दयनीय अवस्थामा छन्। कतिपयलाई त म यौन व्यवसाय गरिरहेकी छु भन्ने पनि थाहा हुँदैन। अहिले पहिलेको तुलनामा यौन व्यवसायीको संख्या पनि बढ्दै गएको छ। त्यसको कारण बजार महँगो हुँदै जानु तथा जीवनयापन कठिन हुनु पनि हो। इमेल-इन्टरनेट आदिका कारण टेस्ट चेन्ज गर्न तथा सुविधाको जीवन बिताउन यो व्यवसायमा आउनेहरूको संख्या बर्सेनि बढ्दो छ।

**शिक्षित तथा घरानिया महिला पनि यो व्यवसायमा छन् ?**

होलान्, कतिपय पैसाको कमीले लागेका हुन्छन्। शिक्षित परिवारकाहरू सन्तुष्टिका लागि पनि यो व्यवसायमा संलग्न हुन्छन् तर यस्तो वर्गमा पैसा लिनेभन्दा पनि दिनेहरूको संलग्नता बढी छ।

**यौन व्यवसायमा लागेका महिलाहरूबाट के–कस्ता गुनासा आउँछन् ?**

धेरै खालका गुनासा आउँछन्। सबैभन्दा बढी हामी रहरले यो व्यवसायमा आएका होइनौं तर समाज र राज्यले किन हामीलाई मात्र दोष दिन्छ भन्ने गुनासो आउँछ। हामीलाई किन राज्यले बुझ्दैन ? हामीले कुन त्यस्तो ठूलो अपराध गरेका छौं र राज्यले हामीलाई सधैं अपराधी भन्दै थुन्छ ? हामीले पुरुषकै चाहनामा सेवा दिइरहेका छौं। जहिले पनि पक्राउ गरेर ल्याउँदा हाम्रो मात्र प्रचार गरिन्छ तर पुरुषलाई किन संरक्षण गरिन्छ भन्ने गुनासो लिएर आउनेहरू धेरै छन्।

**नेपालमा महिला यौन व्यवसायी कति छन् ?**

सरकारको तथ्यांकअनुसार म यौनकर्मी महिला हुँ भनेर नियमित स्वास्थ्य संस्थामा जाँच गराउन आउनेहरूको संख्या ५७ हजार छ तर त्यहाँ नपुगी लुकेर यो व्यवसायमा संलग्न हुनेहरूको संख्या पनि त्यतिकै छ, जो खुल्न चाहँदैनन्।

**तपाईंहरू यौनकर्मी महिलाको कुन पक्षमा वकालत गर्नुहुन्छ ?**

हामी उनीहरूको मानव अधिकारको पक्षमा वकालत गर्छौं। हिंसा र स्वास्थ्यको कुरालाई प्राथमिकता दिन्छौं। सरकारले एचआइभीलाई शून्यमा झार्ने योजना ल्याएको छ। ती कुरालाई हेर्छौं। उनीहरूलाई तपाईं यौनकर्मी हो, यही काम गरिरहनुहोस् भन्ने होइन। यदि गरिरहेको छ भने सुरक्षित तवरबाट गर्न सुझाव दिने हो।

**वैकल्पिक पेसा अपनाउन जोड दिनुहुन्छ ?**

दिन्छौं, तर राज्य यौनकर्मी महिलाहरूले चाहेअनुरूपको विकल्प दिनेभन्दा पनि झारा टार्ने तरिकाले प्रस्तुत हुन्छ जसले गर्दा यौनकर्मी महिलालाई परिवार सञ्चालनका लागि आवश्यक खर्च जुटाउन गाह्रो हुन्छ। त्यही भएर धेरै जना चाहना हुँदाहुँदै पनि यो पेसा छोडेर विकल्पमा जान सकिरहेका छैनन्।

**त्यसका लागि राज्यले के गर्न सक्छ ?**

राज्यलाई थाहा छ, नेपालमा यौनकर्मी महिला छन् र उनीहरू बाध्यताले यो पेसामा आएका हुन् अनि हामी सबैलाई थाहा छ उचित विकल्प दिन सके उनीहरू यो पेसाबाट बाहिर आउँछन् तैपनि राज्यले कहिल्यै यौनकर्मी महिलाहरू कस्तो वैकल्पिक व्यवसाय चाहन्छन् भन्ने कुरा सोध्न चाहँदैन। उनीहरूले चाहेजस्तो वैकल्पिक व्यवसायको वातावरण बनाइदिने हो भने यो ठूलो समस्या रहँदैन।

**यसलाई व्यवस्थित गर्न रेडलाइट एरियाको कुरा पनि उठ्ने गरेको छ ?**

रेडलाइट एरिया छुट्याउने, पक्रेर धरौटीमा छोड्ने, जेल हाल्नेजस्ता कामले यो समस्या समाधान हुँदैन। समाधानका लागि राज्यलाई गाह्रो-अप्ठ्यारो छ भने हामीसँग सहकार्य गर्नुपर्‍यो। हामी समाधानका उपाय निकाल्छौं। अब उठ्छ रेडलाइट एरियाको कुरा, यो त झनै वाहियात कुरा हो। नेपाल जस्तो सानो देशमा सबैले सबैलाई चिनेकै हुन्छन्। त्यसले अझ ठूलो समस्या सिर्जना गर्छ। यौनकर्मी महिला अहिले सहरमा मात्र होइन गाउँमा पनि छन्, खालि तरिका मात्र फरक छ।



## व्यवस्थित बनाउने बहस

यौन व्यवसायमा संलग्नहरूलाई व्यवस्थित गरी वैकल्पिक व्यवसायमा ल्याउन उनीहरूलाई अपराधीका रूपमा नभै नयाँ संयन्त्र बनाएर वैकल्पिक व्यवस्था गर्ने तयारी भैरहेको केन्द्रका निर्देशक डा. वासुदेव पाण्डे बताउँछन् । हिजोका दिनमा यौन व्यवसायीलाई प्रहरी प्रसासनबाट अपराधीका रूपमा हेर्ने काम पनि भएको थियो, डा. पाण्डे भन्छन्– राज्यको यो नीतिले रोगको जोखिम घटाउन सक्दैन, समस्याको समाधान पक्राउ गरेर छोड्नु मात्र होइन भनेर नयाँ संयन्त्र बनाई वैकल्पिक व्यवस्था गर्ने विषयमा छलफलसमेत सुरु भएको छ ।

महानगरीय प्रहरी परिसरका प्रमुख विश्वराज पोखरेल पनि यौनकर्मी महिलालाई पक्राउ गरी दुःख दिने मनसाय नरहेको बताउँछन् । पोखरेल भन्छन्– कुनै ठाउँमा इच्छा विपरीत यौन शोषण भएको उजुरी आउँदा मात्र प्रहरीले छापा मार्ने हो । हामी सहमतिमा हुने यौन सम्पर्क स्थल खोज्दै हिँड्दैनौं ।


यौनकर्मी महिला तथा व्यवसायलाई सरकारले हेर्ने नीति द्वैध भएकाले समस्या समाधान हुन नसकेको जागृति महिला महासंघकी वरिष्ठ कार्यक्रम अधिकृत शान्ति तिवारी बताउँछिन् । तिवारी भन्छिन्– एकातर्फ नेपालमा यौन व्यवसायी छन् भनेर सरकार विभिन्न दातृ निकाय गुहार्दै करोडौं रुपैयाँ थाप्छ अनि अर्कातर्फ त्यही सरकार प्रहरी लगाएर यौनकर्मीलाई पक्राउ गरी मुद्दा चलाएर दुःख दिन्छ, दातृ निकाय एवं सरकारले उनीहरूमाथि गरिरहेको खर्च मात्र व्यवस्थापन गर्ने हो भने पनि समस्याको समाधान सहजै गर्न सकिन्छ । यसका लागि राज्यले स्पष्ट नीति बनाउनुपर्छ ।

पृष्ठ २५ बाट

जोखिममा रहेका समूहसँग गरिने यौन सम्पर्कमा कन्डम लगाउने भन्दा अन्य विकल्प नभएको डा. पाण्डेले बताए । उता यौनकर्मी महिलाहरू भने ग्राहकले कन्डम लगाउनै नमान्ने बताउँछन् ।

यौनकर्मी महिला कहाँ जाँदा कन्डमलाई बेवास्ता गर्नु कन्डम यौनरोगबाट जोगाउनेभन्दा पनि सन्तान उत्पादन रोक्ने साधन मात्र हो भन्ने सोचाइको परिणाम भएको डा. पाण्डेको तर्क छ । यसरी ग्राहकले कन्डम प्रयोग गर्न अस्वीकार गर्ने अवस्थामा यौनकर्मी महिला आफैंले कन्डम तयारी अवस्थामा राख्नेदेखि अन्य विधिहरू प्रयोग गर्दै आएको सर्वेक्षणले देखाएको छ । ५ सय मध्ये ३ सय ४६ जनामा बहुसाधन परिवार नियोजनका साधन प्रयोगसम्बन्धी गरिएको अध्ययनमा ७९ प्रतिशतले कन्डम प्रयोग गर्ने कुरा (तर सधैं होइन) बताएका थिए भने ४२ प्रतिशतले वीर्य बाहिर स्खलन गराउने विधि अपनाउँदै आएको बताएका थिए । त्यसैगरी १७ दशमलव ७ प्रतिशतले गर्भनिरोधक सुई प्रयोग गर्ने, १४ दशमलव ५ प्रतिशतले आकस्मिक गर्भनिरोधक औषधी प्रयोग गर्ने गरेको बताएका छन् । रमाइलो तथ्य त के छ भने ११ दशमलव ३ प्रतिशत महिलाले आफ्नो मासिक श्रावको हिसाब गरी प्राकृतिक गर्भनिरोधको उपाय अपनाउँदै आएका छन् । ६ दशमलव ६ प्रतिशतले अस्थायी गर्भनिरोधक इम्प्लान्ट प्रयोग गर्दै आएका छन् भने ६ दशमलव १ प्रतिशतले स्थायी मिनिल्याप्स नै गराएका छन् । उनीहरूका ग्राहकमध्ये १ दशमलव ४ प्रतिशत पुरुषको बन्ध्याकरण भएको पाइएको छ ।

कन्डम प्रयोग नगरेकै कारणले विगतका वर्षको तुलनामा यो वर्ष एचआईभी एड्सको संक्रमण भएका महिला यौनकर्मीमाको संख्या वृद्धि भएको अधिकृत तिवारी बताउँछिन् । यो वर्ष यो ट्रेन्ड बढेर २ दशमलव २ प्रतिशत पुगेको छ । २०११ मा १ दशमलव ७ रहेको यो तथ्यांक २०१५ मा २ प्रतिशत पुगेको थियो ।




तथ्यांकले पनि के पनि देखाउँछ भने पैसा नतिरी यौनसम्पर्क गर्ने १८ प्रतिशत नियमित ग्राहकले मात्र कन्डम लगाउँछन् भने पैसा तिरेर आउने नियमित ग्राहकमध्ये ३८ प्रतिशतसँग बिना कन्डम नै यौनसम्पर्क हुन्छ । ३७ प्रतिशत यस्ता ग्राहक कन्डम नलगाई यौनसम्पर्क गर्न रुचाउँछन् ।

सर्वेक्षणमा सहभागीमध्ये १ सय ७९ जनाले गर्भपतन गराएको जवाफ दिएका छन्, जसमा ६१ प्रतिशतले एकपटक गर्भपतन गराएको बताएका छन् भने २ पटक गर्भपतन गराउने २९ प्रतिशत छन् । तीन पटकभन्दा बढी गर्भपतन गराउनेहरूको संख्या १० प्रतिशत छ ।

### कति कमाउँछन् ?

तीन हप्ताअघि प्रमिला (नाम परिर्वतन) को मोबाइलमा एक अपरिचित नम्बरबाट फोन आयो । उक्त फोन उनका पूर्व परिचित आइएनजिओका एक जागिरेको रहेछ । प्रमिलालाई पहिलेदेखि नै वाच गरिरहेको बताउँदै उनले एक रातको १५ हजार रुपैयाँ दिने प्रस्ताव गरे । उनले ती व्यक्तिबाट पाएको प्रस्ताव सहर्ष स्वीकार गरिन् । यसले के देखाउँछ भने ग्राहकको रोजाइमा परे भने एकै पटकमा राम्रो कमाइ पनि हुन्छ ।

यद्यपि सबैको कमाइ प्रमिलाको जस्तो कुस्त नै छ भन्ने छैन । सर्वेक्षणमा सहभागीमध्ये कतिपयले हप्तामा १ हजार रुपैयाँ समेत कमाउन हम्मेहम्मे पर्ने बताएका थिए । त्यसैगरी १ हजार रुपैयाँसम्म कमाइ हुन्छ भन्ने ७ प्रतिशत थिए भने १ देखि २ हजार रुपैयाँसम्म कमाइ हुने १५ दशमलव २ प्रतिशत थिए । २ देखि ३ हजार रुपैयाँ कमाइ हुने १५ दशमलव ८ प्रतिशत, ३ देखि ४ हजार रुपैयाँ कमाइ हुनेहरूको संख्या ९ प्रतिशतको हाराहारीमा छ । त्यस्तै सातामा ४ देखि ५ हजार रुपैयाँ कमाइ हुने १९ दशमलव, ५ हजारदेखि १० हजार रुपैयाँ कमाइ हुने २२ प्रतिशत तथा १० हजार रुपैयाँभन्दा बढी कमाउने ११ दशमलव ६ प्रतिशत रहेको तथ्यांकमा उल्लेख छ । केन्द्रको तथ्यांकअनुसार एक यौनकर्मी महिलाले हप्तामा औसत ५ हजार रुपैयाँ कमाउँछन् ।



व्यक्तिगत कमाइका हिसाबले सामान्य देखिए पनि यो व्यापार भने करोडौं रुपैयाँ बराबरको छ । ग्राहकले तिर्ने सबै पैसा सीधै यौनकर्मीकहाँ पनि पुग्दैन । अन्य क्षेत्रमा झैं यहाँ पनि ठूलो सिन्डिकेट खडा भएको महानगरीय प्रहरी प्रमुख पोखरेल बताउँछन् ।

### को-को हुन् ग्राहक

सर्वेक्षणमा सहभागी महिलाहरूका अनुसार उनीहरूका धेरै ग्राहक कुनै न कुनै व्यवसायमा संलग्न छन् । उनीहरू दलालमार्फत सम्पर्कमा आउने गरेका छन् । यस्ता ग्राहकमध्ये अधिकांश आफ्नो परिचय खुलाउन चाहदैनन् । कन्ट्र्याकमार्फत आउने २४ दशमलव ६ प्रतिशत छन् भने सोझै सम्पर्कमा आउनेहरूको संख्या पनि सोही हाराहारीमा छ । त्यसपछि यातायात क्षेत्रमा काम गर्ने १७ दशमलव ४ प्रतिशत छन् । अन्य रोजगारीमा रहेका १३ दशमलव ८ प्रतिशत तथा सुरक्षा निकायमा काम गर्ने ५ दशमलव २ प्रतिशत छन् । बसाइँसराइ गरेर आउने ३ दशमलव ८ प्रतिशत, उद्योगमा काम गर्ने ७ दशमलव २ प्रतिशत, विदेशमा कार्यरत २ दशमलव ६ प्रतिशत तथा विद्यार्थी १ प्रतिशत छन् ।

यसरी आउने ग्राहकसँग ४५ दशमलव १ प्रतिशत महिलाले दिनमा एक जनासँग मात्र सम्पर्क गर्छन् । त्यसैगरी ३० दशमलव ७ प्रतिशतले २ जना, १५ दशमलव ६ प्रतिशतले ३ जना तथा ८ दशमलव ६ प्रतिशतले चार वा त्यसभन्दा बढीसँग (एक दिनमा) यौनसम्पर्क गर्ने कुरा बताएका छन् । उनीहरूमध्ये १३ दशमलव ४ प्रतिशतले प्रत्येक दिन मादक पदार्थ सेवन गर्ने जानकारी दिएका छन् । त्यस्तै ८ दशमलव ६ प्रतिशतले हप्तामा १ पटक, ३१ दशमलव ६ प्रतिशतले हप्तामा २ देखि ३ पटक, १० दशमलव ८ प्रतिशतले हप्तामा १ पटकभन्दा कम तथा ३६ दशमलव ४ प्रतिशतले कहिल्यै रक्सी सेवन नगर्ने कुरा बताएका छन् ।

# घुम्ने होइन नयाँ बर्षमा

● नरेन्द्र रौले

नयाँ वर्ष नजिकिँदै छ । यो मौकामा कहाँ कसरी घुम्ने सोचमा हुनुहुन्छ ? काठमाडौं उपत्यका वरिपरि तथा उपत्यका बाहिर प्रचलित केही टुरिस्ट डेस्टिनेसनहरु समेटेर हामीले यो सामग्री तयार पारेका छौं ।





### नगरकोट

नगरकोट गर्मीयामको घुमघामका लागि उपयुक्त स्थान हो । सूर्योदयको दृश्यवलोकनका लागि प्रख्यात नगरकोट समुद्री सतहभन्दा २ हजार ७५ मिटरमाथि छ । नगरकोटमा गर्मी मौसममा पनि चिसो वातावरण हुन्छ । मौसम खुलेका बेला यहाँबाट विभिन्न मनमोहक हिम शृंखलाका साथै सर्वोच्च शिखर सगरमाथाको दृश्य हेर्न सकिन्छ । यहाँबाट धौलागिरि हिम श्रृंखलादेखि कञ्चनजंघा हिमश्रृंखलासम्मका मनास्लु, गणेश, लामटाङ, गौरीशंखर, चोयु, ल्होत्से, मकालु आदि शिखर अवलोकन गर्न सकिन्छ । नगरकोटमा सामान्यदेखि सुविधासम्पन्न होटल, लज तथा रिसोर्टहरू उपलब्ध छन् ।

### कसरी जाने ?

काठमाडौंका विभिन्न ठाउँबाट नगरकोट जाने गाडी पाइन्छ । निजी सवारी साधन छ भने १ घण्टाको ड्राइभपछि नगरकोट पुगिन्छ ।

### दामन-पालुङ

काठमाडौंबाट त्रिभुवन राजमार्ग हुँदै करिब ४ घण्टाको यात्रा पार गरेपछि दामन तथा पालुङ पुगिन्छ । काठमाडौंबाट नजिकै, स्वच्छ वातावरण, मनोरम प्राकृतिक वातावरण भएकाले दामन र पालुङले धेरैको मन लोभ्याउँछन् । सहरको धूलो, धूँवा तथा तनावपूर्ण दैनिकीबाट मुक्ति पाउन धेरैले यो ठाउँलाई आफ्नो गन्तव्य बनाउँदै आएका छन् । काठमाडौं र हेटौंडाको ठीक बीचमा पर्ने यो क्षेत्रको मौसम पनि निकै रमाइलो हुन्छ । यो क्षेत्रमा केही ऐतिहासिक अभिलेखहरू छन् । दामनको भ्युटावर तथा सिमभन्ज्याङको चिसो वातावरणले जो कसैलाई आकर्षित गर्छ । अहिले त्यहाँ गुराँस फुलेर रातै भएको भञ्ज्याङसमेत हेर्न सकिन्छ ।

### कसरी पुग्ने ?

दामन-पालुङ पुग्ने विभिन्न बाटा छन् । नौबिसेबाट त्रिभुवनराजपथ हुँदै, दक्षिणकालीबाट कुलेखानी हुँदै तथा थानकोटको चन्द्रागिरी हुँदै उक्त क्षेत्रमा पुग्न सकिन्छ । कलंकीबाट सिधै दामन-पालुङसम्मको सार्वजनिक यातायात चल्दै आएको छ ।

### सिमभन्ज्याङ

काठमाडौंबाट लगभग ८० किलोमिटर दक्षिण-पश्चिममा अवस्थित सिमभन्ज्याङ मोटरसाइकलमा ३ र गाडीमा ४ घण्टामा पुगिन्छ ।समुद्री सतहबाट २ हजार ४ सय ८८ मिटर उचाइमा रहेको सिमभन्ज्याङबाट सूर्यास्त हुँदाको सुन्दर दृश्यावलोकन गर्न सकिन्छ । यहाँबाट विहानको सूर्योदय तथा कञ्चनजंगादेखि अन्नपूर्ण हिमालसम्मका हिमशृंखला नियाल्न सकिन्छ । सिमभन्ज्याङमा बस्न र खानका लागि राम्रा होटल तथा लजहरू उपलब्ध हुन्छन् ।

### कसरी पुग्ने ?

निजी सवारी साधन नहुनेहरू कलंकीबाट हेटौंडा जाने बस चढेर सिमभन्ज्याङ ओर्लन सक्छन् ।

### कुलेखानी-इन्द्रसरोवर

हेटौंडाबाट ४७ किलोमिटर उत्तरतर्फ छ, कुलेखानी इन्द्रसरोवर । यो नेपालकै ठूलो मानव निर्मित ताल हो । ७ किलोमिटर लामो तथा ३ सय मिटर चौडाइको इन्द्रसरोवरमा डुंगा सयरको व्यवस्थासमेत छ । आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने यो कृतिम तालमा पिकनिक खान आउनेहरू पनि प्रशस्तै हुन्छन् ।

### कसरी पुग्ने ?

हेटौंडाबाट डेढ घण्टाको यात्रामा इन्द्रसरोवर पुग्न सकिन्छ भने काठमाडौंबाट सार्वजनिक सवारी साधनमा करिब ३ घण्टामा त्यहाँ पुग्न सकिन्छ । पुरानो बसपार्कबाट कुलेखानीसम्म सिधै गाडी चल्छ ।

### चिसापानी

समुद्री सतहबाट २ हजार १ सय ६५ मिटर उचाइमा अवस्थित चिसापानी नुवाकोट, काठमाडौं तथा सिन्धुपाल्चोक जिल्लाको संगम स्थल हो । काठमाडौंको उत्तरी भेगमा पर्ने चिसापानीको मौसम निकै चिसो हुन्छ । यहाँ हिमाली दृश्य तथा हरियाली जंगलको आनन्द लिन सकिन्छ । वसन्त ऋतुमा राताम्मे गुराँसले यहाँको वातावरणलाई अझ मोहक बनाउँछ । सुन्दरीजल-चिसापानी हाइकिङको प्रचलित रुट हो । सुन्दरीजलको उकालो लाग्दा ' चिसापानी ट्रेल' को नक्सा हेर्न सकिन्छ । यो यात्राका क्रममा स्व. नेता बीपी कोइरालालाई राखिएको सुन्दरीजल जेल पनि अवलोकन गर्न सकिन्छ ।

सुन्दरीजलबाट झन्डै ७ घण्टाको पैदल यात्रापछि चिसापानी पुगिन्छ । तामाङ संस्कृति हेर्दै बाटामा भेटिने स्थानीय परिकारको स्वाद लिन सकिन्छ । बाटामा आउने लामाचौर, बर्लाङ डाँडामा बसेर काठमाडौं उपत्यका तथा घना जंगलको रोमाञ्चक दृश्य नियाल्नु थप रमाइलो हुन्छ ।

चिसापानी डाँडाबाट भिराला बस्तीहरू, गौरीशंकर, लाङटाङ दोर्जेलाक्पा जस्ता हिमालका दृश्य अवलोकन गर्न सकिन्छ । चिसापानीमा ३ सयदेखि १ हजार ५ सय रुपैयाँसम्मका सुविधाजनक होटलहरू उपलब्ध छन् । चिसापानीमा स्थानीय कुखुराको मासु, गाउँमै बनेको रक्सी तथा स्थानीय चामलको भातको स्वाद बेग्लै हुन्छ । चिसापानीबाट फर्कंदा नगरकोट वा बूढानीलकण्ठको फरक रुट प्रयोग गर्न सकिन्छ ।

## सौराहा

सौराहाका होटल व्यवसायीहरूले नयाँ वर्षका लागि आकर्षक प्याकेज ल्याएका छन् । साथीभाइ तथा पारिवारसँग यो नयाँ वर्ष सौराहा पुग्न सकिन्छ । सौराहाको हात्ती सफारी सबैभन्दा लोकप्रिय छ । सौराहामा ४७ वटा निजी हात्तीले पर्यटकहरूलाई जंगल सफारी गराउँदै आएका छन् । हात्तीबाट जंगल सफारी गर्दा ८ सय रुपैंयाँ खर्चनुपर्ने हुन्छ । हात्ती सफारी गर्दा जंगलमा चरिरहेका विभिन्न प्रजातीका चराचुरुङ्गी, मृग, बँदेल, बाघ, गैंडा, गोही, बाँदर, सर्पल आदि पशुपन्छीहरू हेर्न सकिन्छ । जंगलभित्रको घाँसे मैदानले धेरैको ध्यान तान्छ । राप्ती नदिमा डुंगा सयर गर्दा गोही, गैंडा, चराचुरुङ्गी आदि अवलोकन गर्न पाइन्छ । सौराहाबाट सूर्यास्तको सुन्दर दृश्य पनि हेर्न सकिन्छ । थारु संस्कृति, परम्परा तथा रहनसहन बुझ्न सौराहा उपयुक्त स्थल सावित हुनसक्छ । थारु कल्चरल डान्स सौराहाको अर्को आकर्षण हो ।

## नयाँ वर्ष@पोखरा

एक समय थियो, पोखरामा नेपाली नयाँ वर्षको खासै चहलपहल देखिँदैनथ्यो । अंग्रेजी नयाँ वर्ष तामझामका साथ मनाइने पोखरामा नेपाली नयाँ वर्ष आउँथ्यो र जान्थ्यो तर केही वर्षयता पोखरामा नेपाली नयाँ वर्ष मनाउने क्रम लगातार बढिरहेको छ । यसको श्रेय पश्चिमाञ्चल होटल संघलाई जान्छ । संघको आयोजनामा १४ वर्षअघि फेवा नववर्ष महोत्सवको नाममा पोखरामा नेपाली नयाँ वर्ष मनाउन थालियो, जसले अहिलेसम्म निरन्तरता पाउँदै आएको छ । यसले बिस्तारै आन्तरिक पर्यटकको मन पनि जित्दै गएको छ । अहिले पोखरा नयाँ वर्ष मनाउनेहरूको हब बन्न थालेको छ ।

खुलेको यो मौसममा पोखरा अनि आसपासका सुन्दर दृश्य नियाल्नुको बेग्लै आनन्द हुन्छ । हिमालमा सेतै टल्कने हिउँ तथा वनपाखामा फुलेका लालीगुराँसले पोखरा अनि आसपासका ठाउँको सून्दरता अझ बढाइदिएका छन् ।

नयाँ वर्षका अवसरमा पोखरा घुम्न आउने पर्यटकलाई सन्तुष्ट पार्न यहाँका व्यवसायीहरू पनि उत्तिकै लागि पर्छन् । पोखराका साधारण गेष्ट हाउसदेखि तारे होटलसम्मले नेपाली नयाँ वर्षलाई विशेष बनाउन प्याकेज उपलब्ध गराउँछन् ।

नयाँ वर्ष मनाउन पोखरा आउने पर्यटक कास्की तथा छिमेकी जिल्लाका होम स्टेसम्म पुगेर ग्रामीण बस्तीहरूमा रमाउँछन् । नयाँ वर्षको उपलक्ष्यमा धम्पुस, घान्द्रुक, पञ्चासे, ल्वाङघलेल, सिक्लेस, मुस्ताङ मुक्तिनाथ, स्याङ्जा सिरुवारी, घोरेपानी, पुनहिल, अन्नपुर्ण बेसक्याम्प आदि पर्यटकीय ठाउँ पुग्नेहरू पनि उत्तिकै हुन्छन् भने साहसिक पर्यटकका लागि प्याराग्लाइडिङ, बञ्जी जम्प, क्यानोनिङ जस्ता विकल्प उपलब्ध छन् ।

### नयाँ वर्ष स्पेसल प्याकेज

नयाँ वर्ष मनाउन पोखरा आउने आन्तरिक पर्यटकलाई पश्चिमाञ्चल होटल संघले चार प्रकारका प्याकेज ल्याएको संघका अध्यक्ष विकल तुलाचन बताउँछन् । जसमा घुमघाम, शैक्षिक भ्रमणका एक-एक तथा हनिमुनका दुई गरी चारवटा नयाँ प्याकेज छन् । चैत अन्तिम सातादेखि वैशाख पहिलो सातासम्म संघमा आबद्ध होटलहरूमा उक्त प्याकेज सुविधा उपलब्ध हुनेछ ।

विद्यार्थीका लागि ल्याइएको शैक्षिक भ्रमण प्याकेजका लागि प्रतिव्यक्ति १ हजार ७ सय ७० रुपैयाँ तिर्नुपर्नेछ । यो ब्रेकफास्टसहित दुई रातको प्याकेज हो । विद्यार्थीहरूलाई मात्र उपलब्ध गराइने यो प्याकेजमा आधा दिन दृश्यावलोकन तथा एक घण्टा डुंगा सयर गर्न पाइन्छ ।

घुमघाम प्याकेज लिने पाहुनाले विमानस्थल अथवा बसपार्कदेखि होटलसम्म आउजाउको व्यवस्था, वेलकम ड्रिंक्स तथा डबल बेडसहितको कोठा पाउनेछन् । साथमा ब्रेकफास्ट, आधा दिन पोखरा आसपासको दृश्यावलोकन तथा फेवातालमा एकघन्टा डुंगा सयर गर्न पाइनेछ । यो घुमघाम प्याकेज दुई जनाका लागि २ हजार ९ सय ९० रुपैयाँको छ ।

हनिमुन मनाउन आउने जोडीका लागि संघले दुईवटा प्याकेज ल्याएको छ । दुवै प्याकेजमा विमानस्थल अथवा बसपार्कबाट होटलसम्म ल्याउने तथा पुऱ्याउने सुविधा उपलब्ध हुनेछ । दुई रात बसाइसहित ब्रेकफास्ट, डिनर, आधा दिनको दृश्यावलोकन तथा एक घण्टा बोटिङ गर्न पाइने यो प्याकेजको मूल्य ३ हजार ५ सय ५० रुपैयाँ छ । अल्ट्रालाइट वा प्याराग्लाइडिङ वा बन्जिजम्प गर्न पाइने सुविधा थप हुने अर्को हनिमुन प्याकेजका लागि ९ हजार ९ सय ९० रुपैयाँ तिर्नुपर्नेछ ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

चैत २४ गते
विश्व स्वास्थ्य दिवस

## मेष

साझेदारीमा थालिएको कार्यले अवसरको ढोका खोल्नेछ। आफ्नै शारीरिक कमजोरी एवं आलस्यताका कारण महत्वपूर्ण काम छुट्न सक्ने भएकाले समयको व्यवस्थापन गर्नु आवश्यक छ। नौला स्थानको भ्रमणमा प्रेमिकाले खर्च गराउन सक्छिन्। अविस्मरणीय क्षणको अनुभवसमेत सँगाल्न सकिनेछ।

## वृष

व्यवहारमा देखा पर्ने आर्थिक हैरानीबाट मुक्त हुन तथा सामाजिक हैसियत कायम राख्न ठूलाबडाको सल्लाह लिनुहोला। कार्यव्यस्तताले स्वास्थ्यमा गडबडी सिर्जना गर्न सक्छ, हेलचेक्र्याइँ गर्नु नोक्सानदायक सावित हुनसक्छ। साताको अन्त्यमा घरायसी सरसामग्री जोहो गर्न समय खर्चनुपर्नेछ।

## मिथुन

साताको सुरुका दिन मनोरञ्जक रहनेछन्। साथीभाइहरूसँग भ्रमणमा जान अभिभावकले बन्देज लगाउन सक्छन्। दुई-चार स्थानको धार्मिक भ्रमण गर्ने जमर्को गरे पनि सबै स्थलमा पुग्न सकिनेछैन। साताको अन्त्यमा चिसोबाट जोगिनु नै बेस हुन्छ। आहार-विहारमा संयम अपनाउनुहोला।

## कर्कट

रोजगारीको नयाँ अवसर पाउन सकिने योग छ। पारिवारिक तथा सामाजिक हैसियत कायम राख्न जीवनशैलीमा परिवर्तन गरे लाभ होला। प्रेम जीवनले नयाँ मोड लिनेछ। रोकिएका पुराना कामको गाँठो फुक्ने सम्भावना छ। साताको अन्त्यमा परिवारिक भ्रमणले मानसिक थकानबाट राहत दिनेछ।

## सिंह

प्रेमप्रस्तावमा समय लिएर निर्णय दिँदा आफू सुरक्षित भइनेछ। सामूहिक लगानीको काममा बाधा-व्यवधान देखा पर्न सक्छ। परिस्थिति पहिचान गरी सम्पन्न गरिएको कार्यले उचित स्थान पाउनेछ। आर्थिक कारोबार गर्दा अभिभावकको सुझाव अनुसरण गर्नुहोला।

## कन्या

निरन्तर फाइदा हुने कार्य प्रारम्भ गर्ने अवसर जुट्न सक्छ। प्रलोभन देखाउनेहरूसँग टाढै रहँदै प्रतिष्ठा जोगाउन प्रयास गर्नुहोला। प्रेमको बन्धन अझ कसिएला। बुधबारपछि मनोरञ्जक स्थलको भ्रमण हुनसक्छ। खानपान तथा भोजभतेरमा संलग्न हुँदा समयको ख्याल गर्नुपर्नेछ।

## तुला

आफ्नो व्यक्तित्व तथा सुन्दरताप्रति आकर्षित हुनेहरू प्रशस्तै हुनेछन्। मांगलिक कार्यमा बाँधिने प्रस्तावसमेत प्राप्त हुन सक्छ, अभिभावको रुचि तथा स्वविवेकका आधारमा निर्णय गर्नुहोला। कम बोल्नुमै फाइदा छ। साताको अन्त्यमा वनभोज तथा भ्रमणमा रमाइनेछ।

## वृश्चिक

अध्ययनका निम्ति विदेश जाने प्रेरणा तथा सुझाव प्राप्त हुन सक्छ। विदेशी पाहुनाहरूसँगको भेटघाट तथा मनोरञ्जनले मानसिक तनाव कम गर्नेछ। खानपानको फेरबदलले स्वास्थ्यमा गडबडी सिर्जना गर्न सक्ने सम्भावना छ। रातो रंगलाई प्राथमिकता दिएसाता अविस्मरणीय हुनेछ।

## धनु

हठ गर्ने प्रवृत्तिले पारिवारिक सम्बन्धमा खिचलो उत्पन्न गराउन सक्छ। हूलमूलमा आफ्ना सरसामान जोगाउने चेष्टा गर्नुहोला। काममा सफलता हात पार्न केही दौडधूप गर्नुपर्ने हुन्छ। अधिकार एवं प्रतिष्ठा जोगाउन गोपनीयतामा ध्यान पुऱ्याउनुहोला। साताको अन्त्यमा आर्थिक समस्या सिर्जना हुनसक्छ।

## मकर

लामो समयदेखि रोकिएको कामको गाँठो फुक्नेछ। रचनात्मक कामले हितैषीहरूको मनमा प्रभाव पार्नेछ। विपरीत लिंगीले प्रेम प्रस्ताव राख्न सक्छन्। गरिब तथा असहायहरूलाई सहयोग गर्न सकिनेछ। प्रतिस्पर्धीहरूलाई उछिन्ने हौसला प्राप्त हुनेछ। खरानी रंगलाई प्राथमिकता दिए जीवनमा नयाँ उत्साह थपिन सक्छ।

## कुम्भ

पारिवारिक भेटघाटले मांगलिक कार्यको मिति निर्धारण गर्न सक्छ। गहिरो अध्ययनले ज्ञानको दायरा बढाउन मद्दत पुऱ्याउनेछ। जीवनशैलीमा परिवर्तन आवश्यक छ। आम्दानी राम्रै भए पनि फजुल खर्चले सताउन सक्छ। तपाईंको संयम एवं प्रभावले बिग्रन लागेका कामसमेत सफलतामा परिणत हुनेछन्।

## मीन

आफन्त तथा अभिभावकको निगरानीले व्यवहारिक बन्न प्रेरणा दिनेछ। ठूला योजनालाई परिणाममुखी बनाउन प्रेमिकाले सहयोग गर्नेछिन्। मन मिल्ने मित्रहरूको सुझाव आत्मसात् गर्न सके उचाइमा पुगिनेछ। सभा-सम्मेलनमा सहभागी भै नाम एवं दाम कमाउन सकिनेछ। रोजगारीको अवसर हात पार्न थप परिश्रम गर्नुपर्नेछ।

**अब हाम्रो पालो**

# चर्चित व्यक्तिसँग सेल्फी लिने होड किन चलेको होला?

मानिसहरू फेसबुकको प्रोफाइल र ट्विटरको डीपी फेर्न जे पनि गर्छन्। महँगो रेस्टुराँमा गएर सेल्फी लिनु अरूको बाइकमा बसेर सेल्फी हान्नु। सपिङ सेन्टरसम्म पुग्नुको उद्देश्य अरूलाई देखाउनु नै हो। त्यस्तै चर्चित व्यक्तिसँग पनि फोटो खिचाउनु पनि आफैंले चर्चा बटुल्न हो।

**सागर आचार्य**

मेला-पर्वले गर्दा हो नि। सबैको भेटघाट हुन्छ। त्यहाँ अरू के काम हुन्छ र ? चर्चित मानिसहरूसँग सेल्फी खिच्न पनि नपाउनु ? त्यही सेल्फीको आशमा त टिकट किनेर मेला हेर्न गइएको हुन्छ।

**कुन्साङ तामाङ**

सरी ब्रो, आजसम्म मैले कसैसँग सेल्फी लिएको छैन र लिन्न पनि। सबै मानिस हामीजस्तै हुन्। फरक यति हो, हामी सामान्य, उनीहरू हिट्।

**सिरु**

समाजमा धाक अनि रवाफ देखाउन। झिँगाहरू सिनोमै झुम्मिन्छन्– बाँकी कुरा मिलाएर बुझ्नुहोस्।

**रवीन क्षेत्री**

आइन्दा यस्ता बकमफुसे प्रश्न सोध्ने काम बन्द गरम् है।

**नमस्कार गर्ने मान्छे**

पैसा किन कमाइन्छ ? मानिसलाई दुःख, पीडा र चिन्ता किन हुन्छ ? भन्ने प्रश्न पो सोध्नुपर्ने।

**मिलन बोहारा**

स्वभाविक हो। यस्तो इच्छा सबैमा हुन्छ।

**अनिल कार्की**

धेरैभन्दा धेरै लाइक र कमेन्ट प्राप्त गर्न।

**भीष्म न्यौपाने**

चर्चित व्यक्तिको साथमा छु भन्ने देखाउन।

**झपेन्द्र**

फेसबुकमा हाल्न।

**प्रयास दुमी राई**

सानपट्टी दिन।

**दिपेश**

काम नपाएर।

**विकास मगर**

तपाईं हामीसँग किन प्रश्न सोध्नुहुन्छ ? त्यस्तै कुरा हो।

**मिलन**

सान देखाउन।

**कैलाश भट्टराई**

काम नपाएर। काममा व्यस्त हुनेहरूलाई कसैसँग सेल्फी खिच्ने फुर्सद नै कहाँ हुन्छ र ?

**लक्ष्मण**

चर्चित व्यक्तिसँग डिनर गरेको, हात मिलाएको सेल्फी खिचेर सर्वसाधारणलाई देखाई यस्ता-यस्ता व्यक्तिसँग मेरो चिनजान छ भनी धाक-धक्कु देखाउनु ठगीको पहिलो हतियार हो।

**कलियुगको वाल्मीकि**



यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ।
१. नेपाली कांग्रेसले अब के गर्नुपर्ला ?




**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**

CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।



* * * * * * * * * * * * * * * * * * *

नोट: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, ठमेल: २०८११०९, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

## यौन जिज्ञासा र समाधान




डा. राजेन्द्र भद्रा

मेरो विवाह भएको नौ वर्ष भयो । हामी दुवै जना २९ वर्ष पुग्यौं । हाम्रो आठ वर्षको छोरा पनि छ । आजको मितिसम्म आइपुग्दा मेरी श्रीमतीलाई पहिलेको तुलनामा कम उत्तेजना हुन्छ भने मलाई बढी । मलाई हप्तामा तीन पटक सेक्स गर्नुपर्छ, तर उनी भने यसमा त्यति इच्छा देखाउँदिनन् । यसले गर्दा म आफ्नो यौन चाहना पूरा गर्न हस्तमैथुन गर्छु, तर यो कार्य मेरी श्रीमतीलाई मन पर्दैन । यस्तो अवस्थामा मैले के गर्नुपर्ला ?

५५७९





### यौनेच्छामा कमी

सबै व्यक्तिमा एकैनासको यौनेच्छा हुँदैन, कसैमा बढी हुन्छ भने कसैमा कम । त्यसैगरी कुनै व्यक्तिको व्यक्तिगत जीवनमा पनि सधैं एकनासको यौनेच्छा हुँदैन । यसै गरी कतिपयलाई यौनसम्पर्क राख्न मन नलाग्ने स्थिति हुन सक्छ अर्थात् कम यौनइच्छा (hypoactive sexual desire) को स्थिति हुन सक्छ । यस्तो स्थितीमा यौनसम्पर्क राख्ने चाहना, यौन परिकल्पना तथा यौन क्रियाकलाप महिनाको दुई पटकभन्दा कम भएको अवस्थालाई जनाउँछ, तर यसो भन्दैमा महिनामा एकपल्ट मात्र यौनसम्पर्क राख्ने जोडीलाई यो समस्याबाट पीडित भनिहाल्न मिल्दैन, यदि दुवै जना त्यसमा सन्तुष्ट छन् भने । त्यसैले कतिपय यौन विशेषज्ञले यौनइच्छा कम भएको भनेर त्यति बेलासम्म भन्दैनन् जबसम्म यी कुराले उक्त जोडीलाई यसका कारणले समस्यामा पारेको हुँदैन वा व्यवहारमा कुनै खास परिवर्तन देखिएका हुँदैनन् ।

श्रीमतीमा यौन चाहना नै कम भएको हुन सक्ने बाहेक अन्य कारणहरू पनि हुन सक्छन् । त्यसबाहेक तपाईंकी श्रीमतीले यौन क्रियाकलापमा संलग्न हुन नरुचाउनुका अनेक कारण हुन सक्छन् । पाठेघर वा त्यसको वरिपरी संक्रमण भै यौनसम्पर्क पीडादायक हुँदा महिलाहरू यौनसम्पर्क गर्न मान्दैनन् । केही दीर्घरोगमा पनि यस्तो प्रभाव देखा पर्न सक्छ । त्यसैगरी यसको मानसिक कारणहरूमा यौनप्रतिको गलत मानसिकता, आफैंभित्रका मानसिक विरोधाभास, श्रीमान्‌बाटै भए पनि यौन दुर्व्यव्यवहारजस्ता दुःखद् वा आघातपूर्ण पूर्व यौन अनुभूतिजस्ता कुराले यौन क्रियाकलापमा सहज रुपमा लाग्नबाट रोक्न सक्छ । त्यसबाहेक दैनिक जीवनमा आइपर्ने तनाव जस्तै चिन्ता, निराशा, थकान, अन्तरव्यक्ति सम्बन्धको चिसोपन तथा दम्पतीबीचको तनाव आदि यसका अन्य कारण हुन सक्छन् । यो कुरा तपाईंको पारिवारिक जीवनका अन्य कतिपय कुरासंग पनि सम्बन्धित हुन सक्छ । उमेर अनुरुप पनि यौनेच्छाको तीव्रतामा परिवर्तन आउँछन् । भर्खरै विवाह गरेको बेलाजस्तो त हुँदैन पनि । तपाईंहरू अहिले नै यौनेच्छा कम हुने उमेरमा पुगिसक्नुभएजस्तो लाग्दैन । आशा गर्छु, तपाईंकी श्रीमतीको महिनावारी नियमित रूपमै भैरहेको छ । यी सबै कुराको सूक्ष्म अवलोकन तपाईं स्वयंले गर्न सक्नुहुन्छ ।

### असमान यौनेच्छा त होइन ?

दम्पती वा जोडीमध्ये एकलाई बढी यौनेच्छा हुनु र अर्कोलाई कम हुनु अर्थात् अनमेल वा असमान यौनेच्छा (mismatched libido) ले वैवाहिक तथा यौन जीवनमा अनेकन् असजिलो सिर्जना गर्छ । धेरैजसो स्थितिमा यस्तो अनमेलताको दोष आफ्नो यौनसाथी वा श्रीमान् वा श्रीमतीलाई नै दिइएको पाइन्छ । दाम्पत्य जीवनभित्र यौनसम्पर्क राख्न तुलनात्मक रुपमा सहज हुने भए पनि अन्य कतिपय कुराले यसलाई गम्भीर रूपमा असर पारिरहेको हुनसक्छ । यी कुरा के-कस्ता कुराले व्यक्तिलाई उत्तेजित पार्छ, यौनसम्पर्क कत्तिको सुखदायक हुने गरेको छ देखि यौनबाहिरका अन्य सम्बन्धको सुमधुरता कस्तो छ भन्नेसम्ममा आधारित हुन सक्छन् । यस्तो स्थितिमा कसैले यौनसम्पर्क नै राख्न नमान्ने हुन्छ भने कसैले यौनसम्पर्क राखे पनि त्यसमा कुनै उत्साह भने देखाउँदैनन् ।


तपाईंकी श्रीमतीमा यौन चाहना कम भएको हो र उहाँ यौन क्रियाकलापमै संलग्न हुन नरुचाउनु भएको हो भने पर्याप्त मात्रामा यौन चाहना नहुने, यौन उत्तेजना नै सुरु नहुने वा यौनसन्तुष्टि प्राप्त गर्न बाधा सिर्जना गर्ने कुनै पनि कुराका शारीरिक, मानसिक वा दुवै कारण हुन सक्छन् । पाठेघर वा वरिपरी संक्रमण भै यौनसम्पर्क नै पीडादायक हुने भएकाले कतिपय महिलाहरू यौनसम्पर्क नै गर्न मान्दैनन् । केही दीर्घरोगमा पनि यस्तो प्रभाव पर्न सक्छ । त्यसै गरी यसका मानसिक कारणहरूमा यौनप्रतिको गलत मानसिकता, आफैंभित्रका मानसिक विरोधाभास, श्रीमान्‌बाट नै भए पनि यौन दुर्व्यव्यवहार जस्ता निकै दुःखद् वा आघातपूर्ण पूर्व यौन अनुभूतिजस्ता कुराले यौन क्रियाकलापमा सहज रूपमा लाग्नबाट रोक्न सक्छ । त्यसबाहेक दैनिक जीवनमा आईपर्ने तनावहरू जस्तै चिन्ता, निराशा, थकाइ, अन्तरव्यक्ति सम्बन्धको चिसोपन तथा दम्पतीबीचको तनाव आदि यसका कारण हुन सक्छन् । यो तपाईंको पारिवारिक जीवनका अन्य कतिपय कुरासँग पनि सम्बन्धित हुन सक्छ । तपाईंकी श्रीमतीले कतै कुनै औषधी त सेवन गरिरहनुभएको छैन, विचार गर्नुहोला ।

### समाधान

कुनै स्पष्ट शारीरिक वा मानसिक कारण भए त्यसको निदान गरी त्यसै अनुरूपको समाधानका लागि प्रयत्न गरिनुपर्छ । कुनै शारीरिक कारण भए त्यसका लागि स्त्रीरोग विशेषज्ञसँग सरसल्लाह गर्नु उपयुक्त हुन्छ । तपाईंलाई थाहा हुनुपर्छ कि यौनसम्बन्धी चाहना, आवश्यकता अनि यौनेच्छा वा यौन व्यग्रता व्यक्ति अनुसार फरक-फरक हुन्छ । केही असमानता भए पनि वैवाहिक जीवनमा बाँधिएपछि त्यसैअनुरूप श्रीमान् तथा श्रीमती दुवैले आफ्नो यौन जीवनलाई ढाल्नुपर्छ, अनावश्यक रूपमा आफैंलाई दोष दिँदैमा समस्या समाधान हुँदैन । विवाह बन्धनमा बाँधिएपछि त्यसलाई सुमधुर बनाउनु दुवैको उत्तिकै दायित्व हो, पारिवारिक सन्दर्भमा होस् वा यौनसम्बन्धी कुरामा । तपाईं र तपाईंकी श्रीमतीलाई नै सम्पूर्ण परिस्थितिका बारेमा सबैभन्दा बढी जानकारी हुने भएकाले त्यसको विश्लेषण गरेर समाधानको बाटो पहिल्याउनुहोस् । एक-अर्काको अपेक्षा अनि क्षमताका बारेमा समझदारी कायम गर्न पर्याप्त कुराकानी पनि गर्नुपर्छ ।

कतिपय भने विवाहपछि पुरुषले हस्तमैथुन गर्दैनन् वा गर्नु हुँदैन भन्ने सोचका कारण पनि ग्लानिको सिकार हुन्छन् । सामान्यतः विवाहित व्यक्तिमा हस्तमैथुन गर्ने कार्यमा केही कमी आए पनि उसले हस्तमैथुन गर्छ र यो सामान्य कुरा हो । म तपाईंले हस्तमैथुन गरेको कुरालाई सकारात्मक रूपमै लिन्छु । यौनेच्छा पूरा गर्न श्रीमतीलाई जबरजस्ती गर्नुभन्दा यो तुलना नै गर्न नसकिने किसिमले राम्रो कुरा हो । बरु तपाईंले आफुले हस्तमैथुन गर्दा त्यसमा श्रीमतीसमेत संलग्न गराउनु उचित हुन्छ, उहाँले पनि तपाईंको चरमसुखमा योगदान गरेको अनुभव गर्नुहुने भएकाले योनि-लिङ्ग यौनसम्पर्क नहुँदा पनि असहजता उत्पन्न हुन पाउँदैन ।

## महिला स्वास्थ्य



म २० वर्षीया अविवाहित जागिरे महिला हुँ । म कहिलेकाहीं यौनसम्पर्क गर्छु । यसरी यौनसम्पर्क हुँदा कन्डम प्रयोग गर्न लगाउने गरेकी छु, तैपनि पछिल्लो दुई महिना देखि मेरो महिनावारीमा समस्या आएको छ । महिनावारी भएको १० दिनमै फेरि बाक्लो रगत जाने तथा धेरै सेतो पानी जाने समस्या थपिएको छ । के यो गम्भीर समस्या हो ?

उ.



डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

यौनसम्पर्क गर्दा कन्डम प्रयोग गर्नु राम्रो कुरा हो । यसले गर्भ रहनबाट मात्र होइन, यौनरोगहरूबाट समेत जोगाउँछ । तपाईंको प्रश्नबाट आकस्मिक गर्भनिरोधक चक्की (आईकन) प्रयोग गरे-नगरेको कुरा स्पष्ट हुँदैन । गर्भनिरोधक चक्की राम्रोसँग प्रयोग नगरेको वा आकस्मिक गर्भनिरोधक चक्की प्रयोग गरेका कारण पनि महिनावारीमा समस्या सिर्जना हुन सक्छ । १०-१० दिनमा रगत जाने भन्दा पनि कति रगत जान्छ त्यो महत्वपूर्ण मानिन्छ । थोपा-थोपा रगत जाँदैमा आत्तिनु पर्दैन, तर धेरै रगत जान्छ भने त्यसको कारण पत्ता लगाएर उपचार गराउनुपर्छ । त्यस्तै धेरै सेतो पानी जानुको कारण यौन संक्रमण हुन सक्छ, तर अलि-अलि सेतो पानी जानु सामान्य हो । तपाईंको समस्या सजिलै निको पार्न सकिने भएकाले चिन्ता लिनु पर्दैन । एकपटक स्त्रीरोग चिकित्सकसँग परामर्श लिनुहुन आग्रह गर्छु ।



# आईपीएल-२०१८ कुन टिम कस्ता ?




### मुम्बई इन्डियन्स

**टिम मालिक :** मुकेश अम्बानी, नीता अम्बानी
**प्रशिक्षक :** महेला जयवर्द्धने

डिफेन्डिङ च्याम्पिन्स हो, मुम्बई इन्डियन्स अनि यसपटकको उपाधिको उत्तिकै बलियो दावेदार पनि । मुम्बईले पछिल्लो पटक उपाधि जित्दाको टिमलाई नै कायम गरेको छ । रोहित शर्मा र जेपी डुमेनीले टिमको ब्याटिङ क्रम सम्हाल्नेछन् । बलिङतर्फ मुम्बईलाई केही कमजोर मान्न सकिन्छ, टिममा खासै नाम चलेका बलर छैनन । त्यसैले टिम अलराउन्डरहरूमा निर्भर रहनेछ । मुम्बईसँग हार्दिक पान्ड्याजस्ता धुरन्धर अलराउन्डर छन् ।

### दिल्ली डेयरडेभिल्स

**टिम मालिक :** जीएमआर ग्रुप
**प्रशिक्षक :** प्याडी अप्टन

सन्दीप लामिछानेको टिम हो– दिल्ली डेयरडेभिल्स । दिल्लीले ब्याटिङकै कारण गत सिजनका अधिकांश खेल गुमाएको थियो । त्यसैले टिमले यसपटक गौतम गम्भीर, कोलिन मुनरो र ग्लेन म्याक्सवेललाई आफ्नो टिममा समावेश गरेको छ । दिल्लीले यसपटक बलर कगिसो रबादा , मोहम्मद सामी र अमित मिश्रा टिममा सामेल गरेको छ । क्रिस मोरिस ब्याट र बलबाट चम्किए भने प्रतियोगितामा दिल्लीको राम्रै सम्भावना छ ।

### कोलकाता नाइटराइडर्स

**टिम मालिक :** शाहरुख खान, जुही चावला
**प्रशिक्षक :** ज्याक कलिस

कोलकाता नाइटराइडर्स यसपटक बलर हावी भएको टिम मानिएको छ । ब्याटिङतर्फ खासै ध्यान नदिँदा कोलकाताले चर्को मूल्य तिर्नुपर्ने हुनसक्छ । टिमका मुख्य ब्याट्सम्यान हुनेछन्, रोबिन उत्थप्पा र दिनेश कार्तिके । बलिङ आक्रमणतर्फ टिमसँग सुनिल नारायण, कुलदीप यादव र मिचेल स्टार्क जस्ता खेलाडी छन् । यस्तै टिममा अनुभवी पीयूष चावला पनि छन् । अलराउन्डर आन्द्रे रसेलको प्रदर्शनले पनि धेरै हदसम्म कोलकाताको भाग्य निर्धारण गर्नेछ ।

### किङ्स इलेभन पञ्जाव

**टिम मालिक :** प्रिटी जिन्टा र नेस वादिया
**प्रशिक्षक :** वीरेन्द्र सहवाग

पछिल्ला सिजनको तुलनामा यसपटक किङ्स इलेभन पञ्जाव केही बलियो देखिन्छ । पन्जाबसँग क्रिस गेल र आरोन फिन्च जस्ता ब्याट्सम्यान छन् । यस्तै केआर राहुल पनि टिमका प्रमुख ब्याट्सम्यान हुनेछन् । अक्षर पटेलले टिममा अलराउन्डरको भूमिका निर्वाह गर्नेछन् । पन्जाबका कप्तान रविचन्द्रन अश्विन हुन् । तर प्रश्न के छ भने अश्विन आफैं कति लयमा छन् ? चोटका कारण पोहोर उनले राम्रो प्रदर्शन गर्न सकेका थिएनन् ।

### सनराइज हैदराबाद

**टिम मालिक :** सन टीभी नेटवर्क
**प्रशिक्षक :** टम मुडी

प्रतियोगिताअघि नै सनराइज हैदराबादलाई ठूलो धक्का लागेको छ, हैदराबादले कप्तान डेविड वार्नरलाई गुमाइसकेको छ । त्यसैले ब्याटिङको जिम्मेवारी अब शिखर धवनमा केन्द्रित भएको छ । यस्तै न्युजिल्यान्डका कप्तान केन विलियम्स तथा मनिष पाण्डेले पनि ब्याटिङ क्रम सम्हाल्नेछन् । साकिब अल हसन उपयोगी अलराउन्डर साबित हुन सक्छन् । हैदराबादको बलिङ भुवनेश्वर कुमार तथा अफगानिस्तानका रसिद खानले सम्हाल्नेछन् ।

### रोयल च्यालेञ्जर्स बैंगलोर

**टिम मालिक :** युनाइटेड स्प्रिट्स
**प्रशिक्षक :** ड्यानिएल भिटोरी

रोयल च्यालेञ्जर्स बैंगलोरको विशेषता नै हो– आक्रामक रूपमा खेल्ने र यो आक्रामक खेलको नेतृत्व गर्ने अरू कोही नभएर विराट कोहली आफैं हुन् । तय छ, यसपटक पनि बैंगलोरको टिम उपाधिको बलियो दावेदार हुनेछ । टिममा एकसेएक ब्याट्सम्यान छन्, कोहलीसँगै एबी डे भिल्लियर्स, क्विन्टेन डे कक, ब्रेन्डन म्याककलम । टिमको बलिङ तुलनात्मक रूपमा कमजोर छ । बैंगलोरले यसअघि पनि बलिङकै कारण खेल गुमाउने गरेको थियो । बैंगलोरसँग नाम चलेका कुनै पनि बलर छैनन ।

### राजस्थान रोयल्स

**टिम मालिक :**मनोज बडाले र ल्याचलन मुर्डोच
**प्रशिक्षक :** शेन वार्न

राजस्थान रोयल्सले दुई वर्षपछि प्रतियोगितामा पुनरागमन गर्दैछ, त्यसैले यो टिममाथि एक खालको दवाब हुनेछ । राजस्थानको विशेषता नै हो, प्रतिभाशाली तर कम नाम चलेका खेलाडीमा भर पर्ने । यसपटक पनि राजस्थानले त्यही प्रवृत्ति रोजेको छ । यद्यपि टिमसँग सनसनीपूर्ण अलराउन्डर बेन स्टोक्स नभएका होइनन् । टिमले बल ट्याम्परिङका कारण कप्तान स्टिभ स्मिथलाई गुमाइसकेको छ । उनको अनुपस्थितिमा अब टिमको जिम्मेवारी अजिन्के रहाणेले सम्हाल्नेछन् । धेरै अर्थमा टिमको बलिङ कमजोर नै छ, टिममा नाम चलेका कुनै बलर छैनन् ।

### चेन्नाई सुपर किङ्स

**मालिक :** चेन्नाई सुपर किङ्स प्रालि
**प्रशिक्षक :** स्टेफेन फ्लेमिङ

आईपीएल इतिहासको सर्वाधिक सफल टिम हो– चेन्नाई सुपर किङ्स । यो टिमले पनि प्रतियोगितामा पुनरागमन गर्दैछ, त्यसैले प्रतिस्पर्धा थप रोमाञ्चक हुनेछ । आईपीएलमा चेन्नाईको टिम किन बलियो हुन्छ, किन यसले बढी खेल जित्छ र उपाधिमाथि कब्जा जमाउँछ भन्ने कुरा रहस्यमै छ । टिमका कप्तान हुन्– महेन्द्रसिंह धोनी । यो टिममा ब्याटिङ र बलिङ दुवैका स्टार खेलाडीको कमी छैन । सुरेश रैना, रवीन्द्र जडेजा, फाफ डु फ्लेसेस, ड्वेन ब्राभो, सेन वाट्सन आदि । चेन्नाईको सबैभन्दा बलियो पक्ष हो– प्रशस्त अलराउन्डर खेलाडी हुन् ।

---

# विवादै विवादको आईपीएल



**सफलता र लोकप्रियताको मूल्य विवाद पनि हुन्छ । इन्डियन प्रिमियर लिग (आईपीएल) जति आकर्षक प्रतिस्पर्धा मानिन्छ, यो उत्तिकै विवादग्रस्त पनि छ । अर्को अर्थमा आईपीएलको अर्को नाम नै विवाद हो । विवाद पनि कति चर्को भने यसले प्रतियोगिताको अस्तित्व नै संकटमा पार्न सक्ने स्थिति पनि तयार भयो, तर प्रत्येक अवसरमा आईपीएलले आफ्नो अस्तित्व कायम राख्दै आयो । आईपीएलसँग जोडिएका प्रमुख पाँच विवाद :**

### मोदीको बर्खास्ती

आईपीएललाई ललित मोदीको सोच मानिन्छ । उनकै उत्कृष्ट योजनाअनुरुप अहिलेको आईपीएलको जन्म भएको थियो, तर विवादबीच मोदी सन् २०० ९ मा आईपीएल छाड्न बाध्य भए । त्यति मात्र होइन, मोदीको स्थिति कतिसम्म नाजुक भयो भने उनी भारत नै छाड्न बाध्य तुल्याइए र अहिले लन्डनमा निर्वासित जीवन व्यतीत गरिरहेका छन् । अहिले पनि उनी लन्डनबाट आईपीएलाई विवादमा तान्ने प्रयास गरिरहन्छन् । आईपीएल छाड्नुअघि उनीमाथि आर्थिक हिनामिनाको आरोप लागेको थियो । मोदीमाथि घुस लिएको, गलत अनुबन्ध गरेको, बाजी राखेको र गलत रूपमा पैसा सापटी दिएको आरोप थियो र पछि त्यो पुष्टि पनि भयो ।

### स्पट फिक्सिङ

सन् २०१३ मा आईपीएल यस्तो विवादमा फसेको थियो, जसलाई अहिलेसम्मकै सबैभन्दा ठूलो समस्याका रूपमा लिइन्छ । त्यो वर्षको प्रतियोगितामा राजस्थान रोयल्सका तीन खेलाडीमाथि स्पट फिक्सिङको गम्भीर आरोप लाग्यो । स्पट फिक्सिङका लागि सांकेतिक रूपमा उनीहरूले रुमाल प्रयोग गरेको प्रमाणित समेत भयो । त्यति बेला स्पट फिक्सिङको आरोप लाग्ने खेलाडी थिए, भारतका लागि खेलिसकेका एस श्रीसन्तसहित अंकित चौहान र अजित चन्डिला । पछि यी तीनै जना खेलाडीमाथि भारतीय क्रिकेट बोर्डले आजीवन प्रतिबन्ध लगायो ।

### फरक र बाझिएको रुचि

कन्फ्लिक्ट अफ इन्ट्रेस्ट अर्थात् फरक र बाझिएको रुचि । यसले पनि आईपीएललाई ठूलै विवादमा तानेको थियो । एन श्रीनिवासन कुनै समय भारतीय क्रिकेट बोर्डका अध्यक्ष थिए । प्रतियोगितामा उनको टिम चेन्नाई सुपर किङ्स पनि खेलिरहेको थियो । यस्तोमा अध्यक्षको टिमले प्रतियोगिताका क्रममा बढी फाइदा लिएको आरोप पनि लाग्यो । नभन्दै अध्यक्षकै टिम प्रतियोगिताको इतिहासमा सबैभन्दा बढी सफल साबित हुँदै आएको छ । यी सबै विवादबीच श्रीनिवासन बोर्ड अध्यक्ष छाड्न बाध्य तुल्याइए । त्यसमाथि उनका ज्वाइँ गुरुनाथ मयप्पनमाथि बाजी राखेको आरोप लाग्यो । उक्त आरोपकै कारण चेन्नाइ सुपर किङ्समाथि निश्चित समयको प्रतिबन्ध लगाइयो ।

### दक्षिण अफ्रिकामा सरेको प्रतियोगिता


आईपीएल वास्तवमै कति धनी प्रतियोगिता हो भने ऊसँग भारतमा मात्र नभएर सिंगै प्रतियोगिता विदेशमा आयोजना गर्न सक्ने क्षमता छ । सन् २००९ मा भारतमा आम चुनाव थियो, त्यसैले सरकारले आईपीएसललाई पूर्ण सुरक्षा दिन नसक्ने बतायो । यस्तोमा पूरा प्रतियोगिता नै दक्षिण अफ्रिकामा आयोजित गरियो । यसले गर्दा भारतीय सरकार र भारतीय क्रिकेट बोर्डबीच तनावको स्थिति सिर्जना भयो । सरकारलाई बोर्डको यो काम चित्त बुझेन र उसले पनि प्रतियोगितामाथि विशेषत: आर्थिक पक्षमा कडाइ गर्न थाल्यो ।

### टिमको संख्या विवाद

यो प्रतियोगितामा कति टिम सहभागी हुन सक्छन्, भारतीय क्रिकेट बोर्डले कहिल्यै निश्चित गरेन । बोर्डले आफ्नो अनुकुल टिम थप्ने र बाहिर राख्ने काम गरिआएको छ । यो कामलाई लिएर बोर्ड ठूलै विवादमा तानियो र उसको चर्को आलोचना पनि भयो । जस्तो हैदराबाद, कोची र पुणेका टिमले कुनै समय प्रतियोगिता खेल्ने अवसर त पाए, तर निरन्तरता पाउन सकेनन् । प्रतियोगितामा उनीहरूको स्थानमा चेन्नाई सुपर किङ्स र राजस्थान रोयल्सले अवसर पाए । हैदरावाद, कोची र पुणेका टिममाथि अन्याय भएको अनुभव धेरैले गरे । त्यति मात्र होइन, डेकन चार्जस हैदराबादसँग बोर्डको झगडाका कारण अन्तिम समयमा हैदराबाद टिम नै बर्खास्तीमा पर्‍यो ।

# डेब्युको प्रतीक्षामा सम्भावित स्टार









इन्डियन प्रिमियर लिग (आईपीएल) स्थापनाका धेरै कारणमध्ये एउटा कारण थियो, भारतमा अब्बल दर्जाको क्रिकेट खेलाडीको खोजी। पछि आईपीएलको महत्त्वकांक्षा बढ्दै गयो र उसले आफूलाई विश्वकै सबैभन्दा ठूलो क्रिकेट प्रतियोगिताको रूप दिन चाह्यो। त्यसका लागि विदेशी खेलाडी चाहियो नै, त्यतिले नपुगेर उसले गैरटेस्ट देशहरूतर्फ पनि आँखा लगाउन थाल्यो। यसको स्पष्ट कारण हो, प्रतियोगितालाई साँच्चिकै 'ग्लोबल' बनाउने। यी सबै कारणको पृष्ठभूमिमा यी पाँच खेलाडीले प्रतियोगितामा डेब्यु गर्दा सबैको नजर उनीहरूमाथि नै हुनेछ।

### सन्दीप लामिछाने

नेपाली लेग स्पिनर सन्दीप लामिछानेका लागि आईपीएलमा खेल्न पाउनु साँच्चिकै ठूलो अवसर हो। अझ भन्नुपर्दा उनको प्रदर्शनले धेरै हदसम्म नेपाली क्रिकेटको भविष्यसमेत निर्धारण गर्नेछ। सन्दीपलाई किनेर दिल्ली डेयरडेभिल्स पनि कम फाइदामा छैन। अहिले सन्दीपसँगै दिल्ली टिम पनि चर्चामा छ। एक प्रकारले सन्दीपलाई अनुबन्ध गरेर दिल्लीले आफ्ना प्रशंसकको संख्या बढाएको छ र यो भारतीय राजधानीको सीमा तोडेर भौगोलिक रूपमा अर्को देशसम्म पनि पुगेको छ। यता नेपाली क्रिकेट प्रशंसकहरू भने त्यो दिनको व्यग्र प्रतीक्षामा छन्, जति बेला सन्दीपले आईपीएलमा पहिलो खेल खेल्नेछन्।

### मुजिब अर रहमान

अफगानी क्रिकेटका सनसनी मुजिब अर रहमान पनि यसपटकको संस्करणसँगै आईपीएलमा डेब्यु गर्दैछन्। रहमान अफगान क्रिकेटका ठूला स्टार हुन्। उनले आफ्नो स्पिन बलिङ आक्रमणका कारण सबैको मन जितेका छन् र यसै क्रममा उनी किङ्स इलेभेन पञ्जाबको पनि मन जित्न सफल भए। टिमका बलिङ प्रशिक्षक वेंकटेस प्रसादले उनलाई टिमकै प्रमुख बलर बनाउने योजना बनाइरहेका छन्, यसबाट पनि प्रस्ट हुन्छ, उनी कत्तिको स्तरीय बलर हुन्? पञ्जाबले उनलाई ४ करोड भारतीय रुपैयाँ तिर्न दुई पटक सोचेन। भर्खर १६ वर्ष पुगेका रहमानले अफगान यू-१९ बाट प्रसिद्ध कमाउन थालेका हुन्।


### पृथ्वी शा

दिल्ली डेयरडेभिल्समा सन्दीप लामिछानेका साथी खेलाडी हुनेछन्– पृथ्वी शा। पृथ्वी भारतीय यू-१९ टिमका कप्तान हुन् र उनकै नेतृत्वमा त हो, भारतले हालै मात्र युवा विश्वकप जितेको। पृथ्वीलाई भारतीय क्रिकेटको भविष्यका सबैभन्दा ठूलो स्टारका रूपमा हेरिएको छ। त्यसैले यसपटकको आईपीएल खेलाडी लिलामीमा उनले राम्रै मूल्य पाए। सुरुमा उनलाई मुम्बई इन्डियन्स र किङ्स इलेभेन पञ्जाबले किन्न खोजे पनि उनी भए– दिल्लीका खेलाडी। त्यसका लागि दिल्लीले उनलाई १ करोड २० लाख भारतीय रुपैयाँ तिर्‍यो। मुम्बई, थानेका यी खेलाडीले प्रथम श्रेणीको क्रिकेटमा पाँच शतक प्रहार गरिसकेका छन्।

### जोफ्रा आर्चर

बारबाडोजमा जन्मिएर पनि वेस्ट इन्डिजका लागि होइन, इंग्ल्यान्डका लागि खेल्न आतुर छन्, जोफ्रा आर्चर। मूलतः बलर आर्चर गज्जबका ट्वान्टी-२० खेलाडी हुन्। अहिले वेस्ट इन्डिज क्रिकेटले टेस्ट र वान डे दुवैमा राम्रो गर्न सकिरहेको छैन, तर यही तथ्य ट्वान्टी-२० मा भने लागू हुँदैन। अस्ट्रेलिया, बंगलादेश र पाकिस्तानमा ट्वान्टी-२० क्रिकेट खेलेयता आर्चर अब आईपीएलमा डेब्यु गर्ने क्रममा छन् र उनलाई राजस्थान रोयल्सले अविश्वसनीय रूपमा ७ करोड २० लाख भारतीय रुपैयाँमा किनेको छ। आर्चरको एउटा ठूलो विशेषता हो– स्तरीय फिल्डिङ।

# आईपीएलका महँगा खेलाडी








**आईपीएल-२०१८ का सबैभन्दा महँगा खेलाडीको सूची बनाउँदा त्यो दुई प्रकारको हुनेछ। पहिलो लिलामीबाट आएका र अर्को टिम आफैंले राखेका खेलाडी। लिलामीको तुलनामा टिममा राखिएका खेलाडीको मूल्य बढी नै देखिन्छ।**

### विराट कोहली

भारतीय क्रिकेट टिमका कप्तान विराट कोहली आईपीएल-२०१८ का सबैभन्दा महँगा खेलाडी सावित हुनुमा कुनै ठूलो आश्चर्य मानिँदैन। कोहली लामो समयदेखि रोयल च्यालेन्जर्स बैंगलोरसँग आबद्ध छन्। नेतृत्वकै लागि बैंगलोरले उनलाई १७ करोड भारतीय रुपैयाँ तिरेर टिममा कयम राखेको छ। कोहलीले भारतीय क्रिकेट बोर्डले उनका नाममा तोकेको भन्दा दुई करोड बढी पाएका छन् बैंगलोरबाट।

### महेन्द्रसिंह धोनी

भारतीय टिमका पूर्वकप्तान महेन्द्रसिंह धोनी सम्भवतः आफ्नो खेल जीवनको अन्त्यतिर छन्, तर ट्वान्टी-२० क्रिकेटमा उनी अझै उत्तिकै सक्रिय छन्। धोनी चेन्नाई सुपर किङ्सका कप्तान हुन्। चेन्नाईले प्राप्त गरेको अधिकांश सफलतामा उनको प्रमुख योगदान छ। त्यसैले चेन्नाईले उनलाई १५ करोड भारतीय रुपैयाँ तिरेर टिममा कायम राख्यो। धोनी चेन्नाईका समर्थकमाझ निकै लोकप्रिय छन्।

### रोहित शर्मा

विराट कोहली र महेन्द्रसिंह धोनीपछि भारतीय क्रिकेटका सबैभन्दा ठूला नाम हुन्– रोहित शर्मा। मुम्बई इन्डियन्सका कप्तान शर्माकै नेतृत्वमा यो टिमले गत सिजनको उपाधि जितेको थियो। त्यसैले मुम्बईले उनलाई १५ करोड भारतीय रुपैयाँ तिरेर टिममै राख्ने निर्णय गरेको हो। ट्वान्टी-२० क्रिकेटमा ठूला-ठूला इनिङ्स खेल्न माहिर रोहित मुम्बई टिमका प्रमुख आधार हुन्।

### बेन स्टोक्स

यसपटकको लिलामीमा सबैभन्दा महँगा खेलाडी सावित भए, इंग्लिस अलराउन्डर बेन स्टोक्स। उनी ब्याट र बल दुवैमा उत्तिकै निपुर्ण छन्, अनि एक्लै टिमलाई जितत‍र्फ डोर्‍याउन सक्षम छन्। राजस्थान रोयल्सले लिलामीमा उनलाई सर्वाधिक १२ करोड ५० लाख रुपैयाँमा किनेको थियो। बेनले गत वर्ष कीर्तिमानी १४ करोड ५० लाख भारतीय रुपैयाँ प्राप्त गरेका थिए।

### जयदेव उनादकट



भारतीय खेलाडीमध्ये लिलामीमा सबैभन्दा बढी मूल्य पाउने भाग्यमानी खेलाडी हुन्– जयदेव उनादकट। राजस्थान रोयल्सले उनलाई ११ करोड ५० भारतीय रुपैयाँमा किनेको थियो। यसअघि उनी पुणे सुपरजायन्ट्ससँग आवद्ध थिए। अन्डर-१९ स्तरबाट भारतीय टिममा समावेश भएका जयदेव बायाँ हाते बलरका रूपमा सुपरिचित छन्। उनी बललाई स्विङ दिन माहिर मानिन्छन्।

### केएल राहुल र मनिष पाण्डे

भारतीय टिममा प्रवेशका लागि संघर्षरत दुई खेलाडी हुन्– केएल राहुल र मनिष पाण्डे। उनीहरूले टिममा नियमित रूपमा स्थान पाइरहेका छैनन्, तर आईपीएलमा भने उनीहरूले राम्रै मूल्य पाए। दुवै खेलाडीमाथि ११ करोड भारतीय रुपैयाँको बोली लागेको थियो। राहुललाई किङ्स इलेभेन पञ्जाबले तथा मनीषलाई सनराइज हैदरावादले किनेका हुन्।

# फान एवार्डमा छक्कापञ्जा



नेपाल चलचित्र कलाकार संघले आयोजना गरेको दोस्रो फान एवार्ड-२०७३ मा चलचित्र 'छक्कापञ्जा' ले बाजी मारेको छ । व्यवसायिक रूपमा समेत अत्यधिक सफल उक्त चलचित्रले २४ विधामा वितरण गरिएको एवार्डको सर्वाधिक १० विधामा कब्जा जमाएको थियो । यो चलचित्रले उत्कृष्ट चलचित्रसँगै नव निर्देशक (दीपाश्री निरौला), खल पात्र (दीपकराज गिरी), सह-अभिनेता (जीतु नेपाल), सह-अभिनेत्री (वर्षा राउत), पटकथा (दीपकराज गिरी), संवाद (दीपकराज गिरी, जितु नेपाल र केदार घिमिरे), हास्य अभिनेता (केदार घिमिरे), संगीतकार (राजनराज सिवाकोटी) तथा नृत्य निर्देशक (कविराज गहतराज) को एवार्ड जितेको हो ।

प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यमा सम्पन्न समारोहमा चलचित्र गाजलुले उत्कृष्ट निर्देशक (हेमराज बिसी), नव-अभिनेत्री (सृष्टि श्रेष्ठ) तथा सह-अभिनेत्री (मेनुका प्रधान) गरी तीन वटा एवार्ड जित्यो भने चलचित्र जात्राले पनि उत्कृष्ट कथा (प्रदीप भट्टराई), उत्कृष्ट अभिनेता (विपिन कार्की) तथा सम्पादन (मित्र डि लामा) गरी तीन विधामा एवार्ड प्राप्त गऱ्यो ।

अन्तर्राष्ट्रियस्तरमा समेत ख्याति कमाएको चलचित्र डाइङ क्यान्डलबाट सिर्जना सुब्बाले उत्कृष्ट अभिनेत्रीको एवार्ड जितिन् । अभिनेता आर्यन अधिकारीले चलचित्र 'के म तिम्रो होइन र' बाट सर्वोत्कृष्ट नव-अभिनेताको एवार्ड प्राप्त गरे ।

समारोहमा कलाकार सन्तोष पन्तले चलचित्र किस्मत-२ बाट उत्कृष्ट चरित्र अभिनेताको एवार्ड जिते भने 'के म तिम्रो होइन र' बाट गौरी मल्लले चरित्र अभिनेत्रीको एवार्ड जितिन् । उत्कृष्ट द्वन्द्व निर्देशकको एवार्ड चलचित्र जय परसुरामका लागि एनबी महर्जनले हात पारे । उत्कृष्ट छायांकारको एवार्ड डाइङ क्यान्डलका रविन आचार्यको भागमा पऱ्यो भने उत्कृष्ट गीतकारको एवार्ड चलचित्र शब्दका लागि डा.कृष्णहरि बरालले जिते । पुरानो डुंगाको नीरा जहिले रिसाउने..बाट कालीप्रसाद बासकोटाले उत्कृष्ट गायकको एवार्ड जित्दा चलचित्र लुट-२ को ठमेल बजार...बाट मिना निरौलाले उत्कृष्ट गायिकाको एवार्ड थापिन् ।

समारोहमा अभिनेता नीर शाहलाई प्रधानमन्त्री ओलीको हातबाट दीर्घ साधना सम्मान-२०७४ प्रदान गरियो । समारोहमा शाहको जीवनी झल्कने भिडियोसमेत प्रस्तुत गरिएको थियो । उक्त अवसरमा प्रधानमन्त्री ओलीले नायक-अभिनेत्री प्रदीप खड्का तथा अभिनेत्री साम्राज्ञी राज्य लक्ष्मी देवी शाहलाई स्टार अफ द इयर-२०७४ का रुपमा सम्मान गरे ।

प्रभात रिमाल, विल्सनविक्रम राई, छुल्ठिम गुरुङ, जितु नेपाल, दीपाश्री निरौला, राजेश घतानी आदिले पालैपालो सञ्चालन गरेको उक्त समारोहमा करिश्मा मानन्धर, कर्मा, सुष्मा कार्की, पल शाह, आँचल शर्मा, क्षितीजा शाक्य, रेजिना उप्रेती, नाजिर हुसेन, सामाज्ञी राज्यलक्ष्मी शाह, निश्मा घिमिरे, पवित्रा आचार्य आदि कलाकारले नेपाली चलचित्रका लोकप्रिय गीतमा नृत्य प्रस्तुत गरेका थिए । समारोहमा केदार घिमिरे तथा सीता घिमिरेको चलचित्रमा आधारित प्रहसनले पनि दर्शकको मन जितेको थियो ।


Study In Japan
Secure your seat in time
October Intake
100% JLPT/NAT N5 pass within 2 months.
If not pass, get a full refund.
HAKUHO Japanese Language School
白鳳日本語学校
If tried, dreams come true
New Baneshwor, Kathmandu
Opposite to Rastriya Banijya Bank
Ph.: 4460095, 9841550109








कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।